सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ जेठ २०८०, सोमबार (5 June 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ सरकार छाड्नु सात दिनअघि देउवा सरकारको निर्णय

ऐनविपरीत मारुती सिमेन्टलाई चुनढुंगा उत्खनन गर्न राष्ट्रिय वन क्षेत्रको हजार रोपनी जग्गा

वन ऐन भन्छ- राष्ट्रिय वनको जग्गा औद्योगिक व्यापारिक प्रयोजनका लागि उत्खनन गर्न दिन मिल्दैन। तर, मारुतीलाई सिन्धुलीमा २५ वर्षसम्म चुनढुंगा उत्खनन गर्न दिने सुविधा।

सुवास भट्ट/नयाँ पत्रिका

पूर्ववर्ती शेरबहादुर देउवा नेतृत्वको सरकारले कार्यकालको उत्तरार्धमा ऐनविपरीत मन्त्रिपरिषद्बाट निर्णय गरेर राष्ट्रिय वन क्षेत्रको ४९.८ हेक्टर (करिब हजार रोपनी) जग्गा चुनढुंगा उत्खनन गर्न दिएको खुलेको छ। गत ३ पुसमा सरकारले सिन्धुलीको दुधौली नगरपालिका- १४ स्थित राष्ट्रिय वन क्षेत्र मारुती सिमेन्ट लिमिटेडलाई चुनढुंगा उत्खननका लागि प्रयोग गर्न दिने निर्णय गरेको हो।

वन ऐन, २०७६ अनुसार राष्ट्रिय वनको जग्गा औद्योगिक व्यापारिक प्रयोजनका लागि उत्खनन गर्न दिन मिल्दैन। पहिले नै पाएको भन्दै बढी जग्गा हडपेर चुनढुंगा उत्खनन गरिरहेको मारुतीलाई सरकारले थप जग्गा दिएको थियो। हाल त्यहाँ पाँच हेक्टर जग्गामा मारुतीले चुनढुंगा उत्खनन गरिरहेको छ। तत्कालीन वनमन्त्री प्रदीप यादवको प्रस्तावमा उनी सरकारबाट बाहिरिएपछि मन्त्रिपरिषद्बाट निर्णय गरेर मारुतीलाई जग्गा दिइएको हो।

मन्त्रिपरिषद्को निर्णयअनुसार अब राष्ट्रिय वन क्षेत्रमा मारुतीले खानी विभागले तोकेको 'माइनिङ स्किम'अनुसार २५ वर्षसम्म चुनढुंगा उत्खनन गर्नेछ। यद्यपि, वनको जग्गा लिएबापत मारुतीले आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक तथा पारिस्थितिकीय क्षेत्रमा पर्ने वा वन विकास गर्न सकिने भूबनोट भएको जग्गा सट्टामा उपलब्ध गराउनुपर्छ। त्यस्तै, वनमा उसले काट्ने एउटा रूखबराबर १० रूखका दरले वृक्षरोपण गर्नुपर्छ।

» पृष्ठ ११ मा क्रमशः



मारुती सिमेन्टलाई उत्खनन गर्न दिइएको सिन्धुलीको दुधौली नगरपालिका- १४ ककुरठाकुरस्थित राष्ट्रिय वन क्षेत्रको डाँडा। जहाँ अहिले दर्जनौं डोजर र सयौं टिपर लगाएर प्राकृतिक स्रोत दोहन भइरहेको छ।

चुनढुंगा खानीआसपासका ३० घर विस्थापित, ११ परिवारको उठीवास लाग्दै

सिन्धुलीमा **विदुर पौडेल**

मारुती सिमेन्टले सिन्धुलीको दुधौली नगरपालिका- १४ ककुरठाकुरमा वन क्षेत्र अतिक्रमण गरेर चुनढुंगा उत्खनन गर्दा खानीआसपासका ३० घरपरिवारसमेत विस्थापित भएका छन्। अन्य ११ परिवार पनि उठीवास लाग्ने अवस्थामा पुगेका छन्। दैनिक चार सयभन्दा धेरै एक्स्काभेटर र डोजर लगाएर डाँडा भत्काउँदै गएपछि स्थानीय विस्थापित भएका हुन्।

सिन्धुली र उदयपुरको सिमाना भएर बग्ने ककुरखोलाको उद् गमस्थलमा भएको उत्खननका कारण बर्खामा बाढी-पहिरो गएर हरेक वर्ष करिब १० बिघा जमिन बगरमा परिणत हुन्छ। उब्जनी गर्ने जमिन बगर बन्ने र घर पहिरोमा बग्ने डरका कारण स्थानीय थातथलो छाड्न बाध्य भएका छन्। स्थानीयलाई समस्यामा परेपछि मारुती सिमेन्टले उनीहरूलाई अलिअलि मुआब्जा दिएर त्यस ठाउँबाट उठाउने गरेको छ। आफू जनप्रतिनिधि हुनुअघि ३० घर विस्थापित भएको र जनप्रतिनिधि बनेपछि (०७९) ११ परिवारले त्यहाँ बसोवास गर्न नसक्ने अवस्था भएको भन्दै घरजमिन उद्योगलाई खरिद गराईदिन आग्रह गर्दै वडा कार्यालयमा निवेदन गरेको दुधौली- १४ का वडाध्यक्ष भैरबहादुर पुलामी मगरले बताए।

सिराहामा कारखाना रहेको मारुती सिमेन्टले कच्चा पदार्थ सिन्धुलीबाट लैजाने गरेको छ। विगत ३० वर्षदेखि उत्खनन गर्दै आएकोमा कारखानाले सिमेन्ट उत्पादन भने दुई वर्षअघिदेखि सुरु गरेको हो। सुरुमा मानिस लगाएर उत्खनन गर्ने कम्पनीले अहिले अत्याधुनिक साधन प्रयोग गरेर चुनढुंगा निकाल्दै आएको वडाध्यक्ष मगरले बताए। वर्षमा करिब पाँच महिना कच्चा पदार्थ उत्खनन गरी उदयपुरको कटारी नगरपालिका- २ हडैयामा स्टोर

» पृष्ठ ११ मा क्रमशः

वैदेशिक रोजगारीलाई युरोप डाइभर्ट गर्ने तयारी

मागपत्र निर्देशिका संशोधन गरिँदै



नेपालमा युरोपियन मुलुकका नियोग नहुँदा नेपाली कामदारलाई थप आर्थिक भार परेको छ। युरोपको नयाँ गन्तव्यका रूपमा उदाएका मुलुकहरूको पनि नेपालमा कुनै नियोग छैन। जसका कारण नेपालीहरू भिसा प्रक्रियाका लागि दिल्ली जानुपर्ने बाध्यता छ। दिल्लीमा भिसा प्रक्रिया सुरु गर्दा आर्थिक भार पर्ने गरेको पीडितहरूको गुनासो छ।

(विस्तृत पृष्ठ ९)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नागरिकता विधेयकमा आदेशै-आदेश

प्रक्रिया यथास्थितिमा राख्न सर्वोच्चको आदेश, नागरिकताको आसमा बसेका २२ लाख नागरिक निराश

शिल्पा कर्ण/नयाँ पत्रिका

राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भई नेपाल राजपत्रमा प्रकाशित भएर लागू हुने चरणमा रहेकै वेला सर्वोच्च अदालतले सबै प्रक्रिया यथास्थितिमा राख्न आदेश गरेको छ। सर्वोच्चका न्यायाधीश मनोजकुमार शर्माको इजलासले कारण देखाऊ आदेशका साथै अन्तरिम आदेश दिने-नदिनेबारे निर्णय गर्न अर्को पेसी तोकेका छन्। यससँगै नयाँ ऐनअनुसार विवरण बुझाएका तथा नागरिकता लिने तयारीमा रहेकाले नागरिकता नपाउने भएका छन्।

न्यायाधीश शर्माको इजलासले दिएको आदेशमा २६ जेठका लागि दुवै पक्षबीच छलफल गराउन पेसी तोकिएको उल्लेख छ। विषयवस्तुको प्रकृति र गम्भीरतालाई हेरी दुई पक्षलाई छलफलमा झिकाउने आदेश भएको हो। अदालतले महान्यायाधिवक्ताको कार्यालयमार्फत १५ दिनभित्र लिखित जवाफ पेस गर्न विपक्षीहरूका नाममा आदेश दिएको

» पृष्ठ ११ मा क्रमशः

यस्ता छन् सर्वोच्चका चार आदेश

१ 

१७ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेपछि १९ जेठमा रिट, २१ जेठमा सर्वोच्चद्वारा प्रक्रिया यथास्थितिमा राख्न आदेश

२ 

२० भदौ ०७९ मा दोस्रोपटक शीतलनिवास पुगेको विधेयक तत्कालीन राष्ट्रपति विद्या भण्डारीले प्रमाणीकरण गरिनन्, यसविरुद्ध पाँचवटा रिट सर्वोच्चमा विचाराधीन

३ 

तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन गरी ९ जेठ ०७८ मा प्रमाणीकरणका लागि गरेको सिफारिस तत्कालीन राष्ट्रपति भण्डारीले सदर गरिन्, तत्काल लागू नगर्न सर्वोच्चले दियो अन्तरिम आदेश

४ 

गृह मन्त्रालयले १९ चैत ०७५ मा देशभरका जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै जन्मसिद्धबाट जायजन्म भएका सन्तानलाई वंशजको नागरिकता दिन निर्देशन दियो, तर २४ वैशाख ०७६ मा गृह मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न सर्वोच्चबाट आदेश

सदनमा विपक्षी दलको अवरोध

नागरिकता विधेयक प्रमाणीकरण र प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका क्रममा सीमा समस्या हल गर्ने विकल्पका विषयमा गरेको छलफलको विरोधमा विपक्षी दलहरूद्वारा संसद् अवरुद्ध

कमलराज भट्ट/नयाँ पत्रिका

मन्त्रिपरिषद्को सिफारिसमा नागरिकता विधेयक प्रमाणीकरण र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमणका क्रममा सीमा समस्या हल गर्ने विषयमा दिएको अभिव्यक्तिको विरोधमा विपक्षी दलहरूले संसद् अवरुद्ध गरेका छन्। यी मुद्दामा प्रधानमन्त्रीले सदनमा जवाफ नदिएसम्म सदन चल्न नदिने उनीहरूको अडान छ।

भ्रमण सकेर फर्केका प्रधानमन्त्री प्रचण्डले शनिबार त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा भारतीय कब्जामा रहेको कालापानीदेखि लिम्पियाधुरासम्मको जग्गा नेपालको रहेको भए पनि भारतसँग बंगलादेशले गरेको 'ल्यान्ड बाउन्ड्री मोडल' सम्झौताजस्तै विकल्पमा छलफल भएको बताएका थिए। यसैलाई लिएर विपक्षी दलहरूले नेपाली भूमि भारतलाई दिई

» पृष्ठ ११ मा क्रमशः

आफ्नै महिला कर्मचारीमाथि एसएसपीले गरे यौन दुर्व्यवहार

विभागीय कारबाही मात्रै गरेर उन्मुक्ति दिने तयारी

नवराज मैनाली/नयाँ पत्रिका

कानुन कार्यान्वयन गर्ने नेपाल प्रहरीका उच्च तहका अधिकारीले आफ्नै महिला कर्मचारीलाई यौन दुर्व्यवहार गरेका छन्। अपराधजन्य गतिविधि गर्ने ती अधिकारीलाई सामान्य कारबाही गरेर जोगाउने चलखेल प्रहरीभित्र भइरहेको छ।

महेन्द्रनगरस्थित नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयमा कार्यरत एसएसपी योगबहादुर पालले गत शुक्रबार सहायक हवल्दारमाथि दुर्व्यवहार गरेका हुन्। घटनापछि उनलाई त्यहाँबाट प्रहरी प्रधान कार्यालयमा सरुवा गरिएको छ, तर संवेदनशील विषयमा कानुनी प्रक्रिया अझै अघि बढाइएको छैन। विभागीय कारबाही मात्र गर्ने तयारी भइरहेको स्रोत बताउँछ।



■ **के थियो घटना ?**

गत शुक्रबार एक सहायक हवल्दार बिदा स्वीकृत गरेर घर जान लागेकी थिइन्। डिएसपी कृष्ण ओझाले उनको बिदा स्वीकृत गरेका थिए। त्यसबारे कार्यालय प्रमुख एसएसपी पाललाई जानकारी गराइयो। उनले सञ्चार सेटबाटै आदेश दिए, 'बिदा जान लागेकी हवल्दारलाई मकहाँ पठाउनू।'

एसएसपी पाल क्वार्टरमा थिए। आदेशअनुसार सहायक हवल्दार कोठामा पुगेपछि उनले भने, 'तिमी मलाई मन पऱ्यो, आज गुड फ्राइडे मनाउनुपर्छ।' एसएसपीको व्यवहारले उनी 'सक' भइन्। 'बुबासमानको मान्छे, के कुरा गर्नुभएको सर' भन्दै उनले प्रतिवाद गरिन्। एसएसपी पालले अझै उनलाई फकाउने प्रयास गरे। महिला हवल्दार रिसाएर त्यहाँबाट निस्किइन्। उनका आफन्त पनि सोही प्रहरी कार्यालयमा कार्यरत थिए, घटनाबारे तत्कालै जानकारी गराइन्। ड्युटी अफिसर रहेका इन्स्पेक्टरलाई पनि बताइन्। कार्यालयमा हल्लीखल्ली मच्चियो। महिला प्रहरीले सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयमा उजुरी दिएकी छिन्।

प्रहरीका प्रवक्ता कुवेर कडायतले एसएसपी पाललाई केही विषयमा बुझ्नका लागि भनेर प्रहरी प्रधान कार्यालय तानिएको, तर घटनाको विस्तृत विवरण आइनसकेको बताए।

छानबिन समितिले अनुसन्धान गरिरहेको छ। एक महिला प्रहरीको निवेदन परेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी भरतबहादुर बोहराले पुष्टि गरे। 'महिला प्रहरीको निवेदनउपर छानबिन भइरहेको छ, छानबिन प्रतिवेदनपछि के हो भन्ने प्रस्ट होला।' एसएसपी पाल विगतमा पनि यस्ता घटनामा संलग्न भई उन्मुक्ति पाउँदै आएका अधिकारी हुन्।

आमाको मृत्युपछि १० वर्षीया सुशीलाको काँधमा पाँच भाइबहिनीको जिम्मेवारी

बाजुरामा **गगन अयडी**

आमाको निधन भएपछि बाजुराको त्रिवेणी नगरपालिका- १ नेपाली टोलकी १० वर्षीया सुशीला नेपालीको काँधमा पाँच भाइबहिनीको लालनपालनको जिम्मेवारी आइपरेको छ। सबैभन्दा कान्छी बहिनी सृष्टि एक महिनाकी मात्रै छिन्।

फोक्सो र मिर्गौलासम्बन्धी रोगबाट पीडित आमा आशा नेपालीको २७ वर्षकै उमेरमा गत १० जेठमा उपचारका क्रममा धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा निधन भएको थियो। सुशीलाका बुबा मन्नामे नेपाली मानसिक समस्याले पीडित छन्, घरपरिवारको रेखदेख गर्दैनन्। उनी घरका एक्ला छोरा हुन्। सुशीलाका हजुरबुबाको चार वर्ष र हजुरआमाको दुई वर्षअघि निधन भएको थियो।

६ बालबालिका अहिले छिमेकी चन्द्रादेवी नेपालीको शरणमा छन्। आमा बितेपछि सुशीलाको दैनिकी भाइबहिनीहरू आठ वर्षीया सुमिता, ६ वर्षीया सोमिया, चार वर्षीय शिशिर, दुई वर्षीय सिभान र एकमहिने सृष्टिको रेखदेखमा बित्ने गरेको छ। 'बालबच्चा सानै छन्। आफैं पकाएर पनि खान सक्दैनन्। उनीहरूका बुबा कहाँ जान्छन्, के खान्छन्, ठेगान हुन्न,' नाताले सुशीलाकी ठूलीआमा पर्ने चन्द्रादेवीले भनिन्, 'मेरा पनि पाँच बालबच्चा छन्। ६ बालबच्चा यी भए, सबैलाई पालिरहेकी छु। अब सक्दिनँ, केही दिनका लागि रेखदेख गरेकी हुँ।' चन्द्रादेवी पनि एकल महिला हुन्।



फोक्सो र मिर्गौलासम्बन्धी रोगबाट पीडित आमा आशा नेपालीको २७ वर्षकै उमेरमा गत १० जेठमा उपचारका क्रममा निधन भयो। सुशीलाका बुबा मन्नामे नेपाली मानसिक समस्याले पीडित छन्, घरपरिवारको रेखदेख गर्दैनन्। उनी घरका एक्ला छोरा हुन्। सुशीलाका हजुरबुबाको चार र हजुरआमाको दुई वर्षअघि नै निधन भइसकेको छ। आमा पनि बितेपछि बाजुराको त्रिवेणी नगरपालिका- १ नेपाली टोलका यी ६ भाइबहिनी छिमेकीको शरणमा पुगेका छन्।

सुशीलाको घरनजिकै छतरादेवी आधारभूत विद्यालय छ। तर, उनले विद्यालय जान पाएकी छैनन्। 'घरमा भाइबहिनी धेरै छन्, उनीहरूको हेरचाह गर्नुपर्छ, कसरी स्कुल जानु ?' उनले भनिन्। उनकी आमा आशाले गाउँघरमा खेतबारी (मजदुरी)मा काम गरेर परिवार पाल्दै आएकी थिइन्। तर, २० वैशाखमा सृष्टिलाई जन्म दिएकी उनले त्यसको एक महिना नपुग्दै संसार छाडिन्। उनको उपचारका लागि छिमेकीले रकम संकलन गरेर सहयोग गरेका थिए। छिमेकी हिक्मत नेपालीका अनुसार सुशीलाको उपचारमा साढे तीन लाख खर्च भएको थियो।

त्रिवेणी नगरपालिकाले उनीहरूलाई शनिबार एक क्विन्टल चामल, १० केजी दाल र ६ बालबालिकालाई एक-एक जोर लुगा सहयोग गरिएको उपमेयर कमलाकुमारी जैसी (न्यौपाने)ले बताइन्। थप संघसंस्थासँग सहयोग माग गरिने उनले बताइन्।

मोटरसाइकल हरायो

मिति २०८०/०१/२७ गते राति २१:३० बजेको समयमा भक्तपुर मध्यपुर ठिमी न.पा.-०५, राधेराधेबाट बा.प्र. ०२-०२४ प ७५४० नम्बरको कालो, रातो रंगको **Pulsar 220 cc** मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

सवारी धनी : देवेन्द्र खत्री
च्यासिस नं.:MD2A13EX3MCK81119
इन्जिन नं. : DKXCMK55430
सम्पर्क : 9851080879

चलिरहेको
फार्मेसी सुलभ मुल्यमा बिक्रीमा
भाडा : ९,000/-
घरधनी संगको सहमति : लिखितमा
मुल्य : आपसी समझदारीमा
नोट : यो व्यवसायमा इच्छुक हुनुहुन्छ भने सम्पर्क गर्न सक्नुहुन्छ । साथै, कुनै थप जानकारी चाहिएमा दिईएको नम्बरमा बिक्रेतालाई सम्पर्क गर्नुहोस् ।
बिक्रेताको सम्पर्क नम्बर :
9849142601, 9819155370
वनस्थली, खरिबोट, नागरिक बजार बाट १०० मिटर भित्र, Sulovly Liquor Shops नजिकै

सडक अवरोध गर्नेमाथि पाँच हजार जरिवाना

काठमाडौं/ काठमाडौं महानगरपालिका नगर प्रहरी बलले वडा नम्बर-२८ पुतलीसडकस्थित सडकपेटी अवरोध गरी व्यापार-व्यवसाय गर्नेलाई कारबाहीस्वरूप जरिवाना गरेको छ । पुतलीसडकस्थित अकबरे झोल मःमका सञ्चालक कमल बम्जनलाई सडकमा अवरोध पुऱ्याएको भन्दै पाँच हजार जरिवाना गरिएको हो । साथै, नगर प्रहरीले फुटपाथमा राखिएका कुर्सी र म्याट जफत गरेको छ । पछिल्लो समय महानगरले फुटपाथ व्यापारलाई निषेध गरेको छ । यसबाहेक पैदलयात्रुले प्रयोग गर्ने फुटपाथमा कुनै पनि सामान राख्न मनाही गरेको छ । यस्तै, एयरपोर्ट क्षेत्रका फुटपाथमा अवरोध पुऱ्याउने खाजाघरलाई पनि कारबाही गरिएको छ । महानगरले गण्डकी खाजाघर र सेवारो खाजाघरले सडकपेटीमा राखेका कुर्सी र टेबुल जफत गरेको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १६३६८६/०७३/०७४ अन्तर्गत मिति: २०७३/११/०२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ स्थित **जेन्चुन एग्रिकल्चर फर्म प्रा.लि** **संचालक तथा जमानीकर्ता: अर्जुन सुब्बा (लिम्बु)** **संचालक तथा जमानीकर्ता: नरेन्द्र गुरुङ्ग**	१) दल बहादुरको नाति, भिम प्रसाद लिम्बुको छोरा, सुनसरी जिल्ला, भा.सी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बस्ने अर्जुन सुब्बा (लिम्बु)को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउ सिनुवारी गा.वि.स. वडा नं. ५ स्व स्थित कित्ता नं. ३७६४, ४४१ र २८९ को क्षेत्रफल क्रमशः ०-०-१५-०, ०-०-६-० र ०-०-४-० (विगाह)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बालु गुरुङ्गको नाति, धन बहादुर गुरुङ्गको छोरा, खोटाङ्ग जिल्ला, इुम्लेकोट गा.बि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बस्ने कर्ण बहादुर गुरुङ्ग को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सिटिया गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६७ को क्षेत्रफल ०-१-५ (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जेन्चुन एग्रिकल्चर फार्म प्रा.लि को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) अर्जुन सुब्बा (लिम्बु) स्थायी ठेगाना:सुनसरी जिल्ला, भा.सी गा.वि.स. वडा नं. ५ हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : भिम प्रसाद लिम्बु बाजे : दल बहादुर	**२) नरेन्द्र गुरुङ्ग** स्थायी ठेगाना:सुनसरी जिल्ला, भा.सी गा.वि.स. वडा नं. ५ हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : कर्ण बहादुर गुरुङ्ग बाजे : धन बहादुर गुरुङ्ग
	३) कर्ण बहादुर गुरुङ्ग स्थायी ठेगाना : खोटाङ्ग जिल्ला, इुम्लेकोट गा.बि.स. वडा नं. ५ हालको ठेगाना: सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : धन बहादुर गुरुङ्ग बाजे : बालु गुरुङ्ग	**४) नरमाया गुरुङ्ग** स्थायी ठेगाना:सुनसरी जिल्ला, भा.सी गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : छत्र बहादुर गुरुङ्ग ससुरा : धन बहादुर गुरुङ्ग पति: कर्ण बहादुर गुरुङ्ग
	५) कल्पना सुब्बा (लिम्बु) स्थायी ठेगाना : सुनसरी जिल्ला, भा.सी गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : टिकाराम लिम्बु ससुरा : भिम प्रसाद लिम्बु पति : अर्जुन सुब्बा (लिम्बु)	**६) ममता गुरुङ्ग** स्थायी ठेगाना : झापा जिल्ला, दमक गा.बि.स. वडा नं. १४ हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३ बाबु : पदम सिंह गुरुङ्ग ससुरा : कर्ण बहादुर गुरुङ्ग पति : नरेन्द्र गुरुङ्ग
	ऋणीको विवरण	**धितोको विवरण**
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नं .१९८५५६/०७५/०७६ अन्तर्गत मिति २०७५/०५/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ स्थित **श्री आदित्य बि.एण्ड बि. कन्स्ट्रक्सन प्रा.लि.** **अध्यक्ष तथा जमानतकर्ता: भुपाल बुढाथोकी** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं.०७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी	१) दल बहादुर बुढाथोकीको नाति, जगत बहादुर बुढाथोकीको छोरा, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने अमृत बहादुर बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनार मनी गा.वि.स.वडा नं.०८ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) श्री आदित्य बि.एण्ड बि. कन्स्ट्रक्सन प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती ९न्यथमक & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) अमृत बहादुर बुढाथोकी स्थायी ठेगाना : तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : जगत बहादुर बुढाथोकी बाजे : दल बहादुर बुढाथोकी	**२) लिला माया कार्की** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.प. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : मान बहादुर कार्की ससुरा : जगत बहादुर बुढाथोकी पति : अमृत बहादुर बुढाथोकी	**३) मेनुका गुरागाई** स्थायी ठेगाना : ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : तिलचन गुरागाई ससुरा : अमृत बहादुर बुढाथोकी पति : भुपाल बुढाथोकी
	ऋणीको विवरण	**धितोको विवरण**
	२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ४६४/८०१/११७४४ अन्तर्गत मिति २०७१/११/२७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ९ स्थित **महा लक्ष्मी स : मिल** **प्रोप्राईटर तथा जमानीकर्ता: भुपाल बुढाथोकी** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी	१) जगत बहादुर बुढाथोकीको नाति, अमृत बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनार मनी गा.वि.स.वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (ब.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) महा लक्ष्मी स : मिल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Gods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताको विवरण	
	१) मेनुका गुरागाई स्थायी ठेगाना : ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : तिलचन गुरागाई ससुरा : अमृत बहादुर बुढाथोकी पति : भुपाल बुढाथोकी	
	ऋणीको विवरण	**धितोको विवरण**
	३) भुपाल बुढाथोकी स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी	जगत बहादुर बुढाथोकीको नाति, अमृत बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११.००, २१२.००, २११.००, २११.००, २०२.००, र २१०.०० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) अमृत बहादुर बुढाथोकी स्थायी ठेगाना : तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : जगत बहादुर बुढाथोकी बाजे : दल बहादुर बुढाथोकी	**२) लिला माया कार्की** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : मान बहादुर कार्की ससुरा : जगत बहादुर बुढाथोकी पति : अमृत बहादुर बुढाथोकी	**३) मेनुका गुरागाई** स्थायी ठेगाना:ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : तिलचन गुरागाई ससुरा : अमृत बहादुर बुढाथोकी पति : भुपाल बुढाथोकी	**४) प्रकाश बुढाथोकी** स्थायी ठेगाना: झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ उपत्यकाका सबै पालिका स्मार्ट स्ट्रिट लाइटका लागि बजेट छुट्याउँदै

पाँच हजार स्थानमा थपिँदै छन् स्मार्ट स्ट्रिट लाइट

■ चिरिबाबु महर्जन
अध्यक्ष, मेयर्स फोरम



फोरमको बैठकले उपत्यकामा स्मार्ट स्ट्रिट लाइट जडानका लागि घटीमा पनि एक-एक करोड बजेट छुट्याउने निर्णय गरेको छ । सहरी सडक चौबिसै घन्टा अन्धकार हुनुहुँदैन ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रममा उपत्यकाका हरेक स्थनीय तहले स्मार्ट स्ट्रिट लाइट (सडकबत्ती) जडानका लागि कम्तीमा एक करोड बजेट विनियोजन गर्ने भएका छन् । उपत्यकाभित्रका मेयरहरूको साझा संस्था उपत्यका मेयर्स फोरमको सोमबार सम्पन्न बैठकले उक्त निर्णय गरेको हो ।

अहिले काठमाडौं, भक्तपुर र ललितपुरका कतिपय मुख्य सडक साँझ परेसँगै अन्धकार हुन्छन् । यसअघि जडान गरिएका सडक सोलार बत्तीको आयु सकिएको र कतिपय स्थानमा मधुरो बल्न थालेपछि मुख्य सहरी क्षेत्र अन्धकार बन्न थालेका छन् । सडकबत्ती आत्यावश्यक रहेको भन्दै फोरमले आगामी आर्थिक वर्षभित्रै सबै सडकमा बत्ती राख्ने योजना अघि सार्न निर्णय गरेको थियो । सोहीअनुसार सबै पालिकाले स्मार्ट स्ट्रिट बत्ती जडानका लागि बजेट छुट्याउने भएको ललितपुर महानगरका मेयर तथा उपत्यका मेयर्स फोरमका अध्यक्ष चिरिबाबु महर्जनले बताए । उनले ललितपुरका केही स्थानमा स्मार्ट स्ट्रिट र हाई मास्ट लाइट जडान गरिसकिएको बताए । 'यसअघि बसेको फोरमको बैठकले उपत्यकामा स्मार्ट स्ट्रिट लाइट जडानका लागि घटीमा पनि एक-एक करोड बजेट छुट्याउने निर्णय भएको छ,' उनले भने, 'सहरी सडक चौबिसै घन्टा अन्धकार हुनुहुँदैन ।' उनका अनुसार यसमा डिजाइन, प्राधिविक काम र पाँच वर्षसम्मको ग्यारेन्टी हुने गरी काम नेपाल विद्युत् प्राधिकरणले गर्नेछ । यसअघि काठमाडौं, ललितपुर महानगरपालिका र नेपाल विद्युत् प्राधिकरणबीच फागुन ०७७ मा सडकमा अत्याधुनिक विद्युतीय बत्ती (स्मार्ट स्ट्रिट लाइट) जडान गर्ने सम्झौता भएको थियो । काठमाडौं महानगरले स्मार्ट स्ट्रिट लाइट जडानका लागि गत वर्ष ६ करोडभन्दा बढी बजेट छुट्याए पनि प्राधिकरण र महानगरबीचको टकरावले काम हुन सकेको थिएन । गत असोजदेखि भने महानगरले आवश्यक बजेट दिने भएपछि प्राधिकरणले काम थालेको छ ।

■ काठमाडौं र ललितपुरले क्रमशः १० र ७ करोड विनियोजन गर्ने

काठमाडौं महानगरका मेयर बालेन्द्र साह र ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले स्मार्ट स्ट्रिट लाइट जडानका लागि क्रमशः करिब १० करोड र ललितपुरले सात करोड रुपैयाँ बजेट विनियोजन गर्ने बताए । मुख्य सहरी क्षेत्र महानगरभित्रै पर्ने भएकाले स्मार्ट स्ट्रिट लाइट जडानको विशेष प्राथमिकतामा राखेको बताएका छन् ।

फोरमको निर्णयसँगै एक वर्षभित्र उपत्यकाका तीन जिल्लाका करिब पाँच हजार स्थानमा स्मार्ट स्ट्रिट लाइट जडान हुने भएका छन् ।

■ ललितपुरका तीन गाउँपालिकामा न्यून बजेट

ललितपुरका तीनवटा गाउँपालिकाले भने सडकबत्ती जडानमा करिब १० लाख बजेट विनियोजन गर्नेछन् । ग्रामीण क्षेत्रमा रहेका पालिकाहरूले सहरी क्षेत्रमा जस्तो झिलिमिली बत्ती नचाहिने भन्दै अत्यावश्यक ठाउँहरूमा मात्रै सडकबत्ती जडान गर्ने भएका हुन् । कोन्ज्योसोम, महाँकाल र बागमती गाउँपालिकाले कम्तीमा पनि १० लाखका दरले सडकबत्तीका लागि बजेट छुट्याउन लागेका हुन् । पालिकाको बजेटको आकार पनि कम हुने र आवश्यकताका आधारमा पनि सहरी पालिकाहरूलाई जस्तो स्मार्ट लाइट नचाहिने भएकाले केही स्थानमा मात्रै सडकबत्ती जडानका लागि बजेट विनियोजन गर्ने बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनले जानकारी दिए ।

यसमध्ये काठमाडौं महानगरपालिकाका दुई हजार ७८ ठाउँमा लाइट जडान गरिनेछ । प्राधिकरणका अनुसार सडकबत्तीका लागि उपत्यकामा अहिले चार हजार पाँच सय पोल छन् । यसमा पाँच सय पोल अझै थप हुनेछन् । योजनाअनुसार सुरुमा विद्युत् प्राधिकरणले ९० र एक सय २० वाट क्षमताका स्मार्ट बल्ब जडान गर्नेछ । जसमा एक हजार दुई सय २७ वटा बत्ती ९० वाट र बाँकी बत्ती एक सय २० वाट क्षमताका हुनेछन् । पुरानै पूर्वाधारमा यी स्मार्ट बल्ब जडान गरिनेछ । नपुग्ने र अँध्यारा चोक तथा सडकहरूमा पोल गाडेर बत्ती जडान गरिनेछ ।

■ ६० प्रतिशत महानगर र ४० प्रतिशत प्राधिकरणले व्यहोर्ने

यसअघि सडकबत्ती जडानका लागि कुल लागतमध्ये ६० प्रतिशत महानगरपालिका तथा नगरपालिका र ४० प्रतिशत प्राधिकरणले व्यहोर्ने सम्झौता भएको थियो । मेयर्स फोरम र प्राधिकरणबीच पनि ६० प्रतिशत पालिका र ४० प्रतिशत प्राधिकरणले रकम व्यहोर्ने गरी सम्झौता भएको छ । यसमा पनि बत्ती जडान प्राधिकरणले नै गर्नेछ । अब स्थानीय तहरूले एक करोड बजेट विनियोजन गरे ४० लाख प्राधिकरणले थप गरेर एक करोड ४० लाखको स्मार्ट स्ट्रिट लाइट जडान हुनेछ ।

■ ६ सय ९९ सय स्मार्ट स्ट्रिट लाइट र १५ स्थानमा हाई मास्ट लाइट

ललितपुरको कुपन्डोल, पुल्चोक, जावलाखेल, कुमारीपाटी, एकान्तकुना, सातदोबाटोलगायत क्षेत्रमा ६ सय ९९ सयवटा स्मार्ट स्ट्रिट लाइट जडान भइसकेका छन् । ललितपुरमा राखिने बत्तीमध्ये दुई सय ३९ वटा ६० वाट क्षमता र अन्य ९० वाट क्षमताका बल्ब हुन् । यस्तै, महानगरका व्यस्त सडकका १५ स्थानमा 'हाई मास्ट' बत्ती जडान भएका छन् । यो बत्ती निकै चहकिलो हुन्छ । यस्तो प्रकारको बत्ती मुख्य सहरी क्षेत्र, संवेदनशील ठाउँ र चोकहरूमा जडान गरिन्छ ।

■ बुढमतीसम्म स्मार्ट लाइट जोड्ने

ललितपुर महानगरले सातदोबाटो-हरिसिद्धि, सातदोबाटो-धापाखेल, सातदोबाटो-सुनाकोठी र एकान्तकुना-भैंसेपाटी-बुढमती, बुढमती दोबाटो र रातो मत्स्येन्द्रनाथ मन्दिर, खोकना दोबाटो र रुद्रायणी मन्दिर र खोकना बसपार्क र बुढमती मन्दिर जोड्ने मार्ग पनि स्मार्ट स्ट्रिट लाइट जडान गर्नेछ ।

■ के हो स्मार्ट स्ट्रिट लाइट ?

स्मार्ट स्ट्रिट लाइट संसारका मुख्य सहरहरूमा राखिएको आधुनिक लाइट हो । यो बिजुली र सोलार दुवैबाट बल्छ । नेपाल विद्युत् प्राधिकरणले भने बिजुलीको लाइनबाट बाल्ने जनाएको छ । सोलार प्रविधि बढी खर्चिलो र उज्यालो कम दिने भएकाले बिजुलीको लाइन प्रयोग गर्न लागिएको हो । यसलाई चलाउन प्राधिकरणले सर्भर निर्माण गरेको छ । सडकमा रहेका स्मार्ट बत्तीहरूको प्राधिकरणको सर्भरसँग सीधा जडान हुन्छ । जसअनुसार कहींकतै लाइट बिग्रियो भने प्राधिकरणका कर्मचारीले कम्प्युटरबाट थाहा पाउन सक्छन् । आयोजनाका अनुसार यो करिब १२ वर्षसम्म टिक्छ । सर्भरबाट पनि स्मार्ट लाइट अन र अफ गर्न सकिन्छ । तर, यो बत्ती अन अफ गर्नु पनि पर्दैन । उज्यालोमा निभ्ने र अँध्यारो भएसँगै बल्ने हुन्छ ।

■ गर्मीमा शीतलता दिने लस्सी



इन्द्रचोकस्थित लस्सी पसलमा लस्सी बनाउँदै व्यापारी । उपत्यकामा केही दिनयता बढेको गर्मीसँगै लस्सी पसलमा पनि भिड बढेको छ । गर्मीमा शीतलता प्राप्त गर्न सर्वसाधारण लस्सी खाने गर्छन् । यहाँ स्वदेशी मात्रै होइन, विदेशीसमेत पुग्ने गरेका छन् । तस्बिर : संजित परियार/नयाँ पत्रिका

एयरपोर्ट क्षेत्रको अव्यवस्थित पार्किङ हट्यो

काठमाडौं/ काठमाडौं महानगरपालिका वडा नम्बर-९ स्थित एयरपोर्ट क्षेत्रमा हुँदै आएको अव्यवस्थित पार्किङ हटेको छ । यो क्षेत्रमा ट्याक्सी र मोटरसाइकलले सडक नै अस्तव्यस्त पारेको भन्दै महानगरले पार्किङ निषेध गरेको हो । विमानस्थलको बाहिर गेटआसपासका होटेल तथा खाजाघरले बाहिर सडक तथा खुला ठाउँमा पार्किङ गरेको भन्दै सर्वसाधारणले गुनासो गर्दै आएका थिए । उक्त गुनासोको सम्बोधन गर्ने त्यस क्षेत्रमा पार्किङ गरेको महानगरले जनाएको छ । खाली ठाउँमा रूखबिरुवा रोप्ने र सडकपेटी तथा किनारलाई खुला गर्ने योजनाअनुसार अव्यवस्थित पार्किङ हटाएको महानगरका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए । उनका अनुसार एयरपोर्ट, सिनामंगल र सञ्चारग्राम क्षेत्रमा होटेलहरूलाई आ-आफ्नै पार्किङको व्यवस्था मिलाउन निर्देशन दिइएको छ । 'उपत्यकाभित्र रहेका सार्वजनिक ठाउँलाई हामीले व्यवस्थित बनाउँछौं, सडकमा अवरोध गर्ने, आफ्नो फाइदाका लागि बटुवालाई हिँड्डुल गर्न असहज बनाउने पार्किङहरू हटाएका छौं,' उनले भने ।

सम्पदा क्षेत्रका भित्री गल्लीमा ढुंगा बिछ्याइँदै

ललितपुर/ ललितपुर महानगरपालिका-१६ का भित्री गल्लीहरूमा ढुंगा बिछ्याइएको छ । पाटन दरबारसहित सम्पदा क्षेत्रमा पर्ने यस वडाका अधिकांश गल्लीमा ढुंगा बिछ्याइएको हो । वडाले यो वर्षको बजेटमा ३० लाखभन्दा बढी बजेट ढुंगा बिछ्याउन छुट्याएको थियो । चालू आर्थिक वर्ष सकिनै लाग्दा सबैजसो भित्री गल्ली र साँघुरा सडकमा ढुंगा तथा इँटा छाप्ने काम भइरहेको वडाध्यक्ष निर्मलरत्न शाक्यले जानकारी दिए । शंखमूलपारि र लगनखेलभन्दा भित्र पर्ने यस वडामा सम्पदै-सम्पदा छन् । सम्पदा क्षेत्रका गल्लीहरू ढुंगा तथा इँटा छाप्ने योजनाअन्तर्गत काम भइरहेको वडाध्यक्ष शाक्यको भनाइ छ । 'भित्री गल्लीहरूमा ढलान तथा पिचभन्दा पनि ढुंगा र इँटा छापेका छौं,' उनले भने, 'सम्पदा क्षेत्रमा सोहीअनुसारका सडक संरचना बनाउँछौं ।' पछिल्लो समय महानगरपालिकाले पाटन दरबार क्षेत्रमा हुने सवारी भिडभाडलाई मध्यनजर गर्दै कृष्ण मन्दिरको पछाडि चारपांग्रे सवारीसाधन निषेध गरेको छ ।

आइतबार उपत्यकामा

चाल्नाखेल : दक्षिणकाली नपा-४, चाल्नाखेलबाट ७२ वर्षीय रामशरण खत्रीसहित चार जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीवृत्त कीर्तिपुरबाट खटिएको टोलीले उनीहरूबाट ५२ हजार तीन सय ४५ रुपैयाँ, तास, १६ थान पासा गोटी, तीन थान पासा डन्डी र पासा खेल्न प्रयोग हुने कपडासहित नियन्त्रणमा लिएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

चन्द्रागिरि : चन्द्रागिरि नपा-४, थानकोटमा ना.५ख ५३२२ नम्बरको ट्रकले प्र.३-०२-००१ प ८८२५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा धादिङ गल्छी गापा-४, बैरेनीका ३७ वर्षीय गोविन्दप्रसाद अधिकारीको मृत्यु भएको छ । गम्भीर घाइते भएका उनको ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार एकजनाको न्युरो अस्पताल बाँसबारीमा उपचार भइरहेको छ । ट्रकचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बुढानीलकण्ठ : बुढानीलकण्ठ नपा-४, पासीकोट बस्ने पवित्रा न्यौपानेको घरको तेस्रो तलास्थित भान्साकोठामा विद्युत् सर्ट भई आगलागी हुँदा दुई लाख ८५ हजार रुपैयाँबराबरको धनमाल नष्ट भएको छ । आगलागीबाट भान्साकोठा र बैठककोठामा राखिएका विद्युतीय उपकरण, लत्ताकपडालगायत सामान जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

रामशाहपथ : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सात सय ५३ वटै स्थानीय तह र देशका सबै अस्पतालले कुल शय्याको १० प्रतिशत छुट्याई विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गराउन निर्देशन दिएको छ । मन्त्रालयका उपसचिव एकदेव खनालले स्थानीय तह र सबै सरकारी, सामुदायिक तथा निजी अस्पताललाई छुट्टाछुट्टै पत्राचार गरी कुल शय्याको १० प्रतिशत शय्या छुट्याई निःशुल्क उपचारको व्यवस्था गराउन निर्देशन दिएको हो । यसअघि पनि मन्त्रालयले दुईपटक यस्तै निर्देशन दिइसकेको छ ।

विपन्न उपचारको खर्च मिर्गौला बिरामीमा केन्द्रित

झन्डै ५२ प्रतिशत खर्च मिर्गौला बिरामीलाई, डायलाइसिसमा मात्र १० करोड ५२ लाखभन्दा बढी खर्च



■ डा. खगेश्वर गेलाल, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख, स्वास्थ्य विभाग

बढ्दो बिरामीको भार नियन्त्रणका लागि डायलाइसिसको विकल्प खोज्नुपर्ने आवश्यकता देखिएको छ। उपचारमा बढ्दो भार र प्रत्यारोपण नगर्दासम्म लगातार गर्नुपर्ने डायलाइसिस, अस्पतालसम्म पुग्ने खर्च, घरनजिक सेवा उपलब्ध नहुँदा अस्पतालनजिक डेरा गरेर बस्नुपर्ने बाध्यता र यसले थप्ने आर्थिक भार, वर्षौंसम्म बिरामीको एकजना कुरुवा बस्नुपर्ने अवस्था र यसले बिरामी र परिवारमा ल्याउने तनावको असरको कुनै लेखाजोखा गर्न सकिन्न।

मञ्जु टेलर/नयाँ पत्रिका

विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत सरकारले हेमोडायलाइसिस, सेरोपोजेटिभ, पेरिटोनियल डायलाइसिस, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स, अल्जाइमर्स, सिकलसेल एनिमिया, मिर्गौला प्रत्यारोपण र मिर्गौला प्रत्यारोपणपूर्व गरिने परीक्षण र प्रत्यारोपणपछि गरिने औषधि सेवन खर्चसहित उपचारमा सहयोग गर्दै आएको छ। तर, पछिल्लो समय विपन्न उपचारको खर्च मिर्गौला बिरामीमा केन्द्रित हुन थालेको छ।

विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत मिर्गौलाका बिरामीलाई मात्र झन्डै ५२ प्रतिशत खर्च भइरहेको छ। सरकारले मिर्गौला फेल भएका बिरामीलाई निःशुल्क डायलाइसिस, औषधि र प्रत्यारोपणमा सहयोगस्वरूप गरिरहेको खर्च मात्रै विपन्नलाई छुट्याएको खर्चको आधाभन्दा बढी हिस्सा ओगटेको हो। निःशुल्क डायलाइसिसका लागि सरकारले सरकारीसँगै निजी स्वास्थ्य संस्थालाई समेत सूचीकृत गरेसँगै विपन्न उपचारको खर्च मिर्गौला बिरामीमा केन्द्रित हुन थालेको हो। जसमध्ये अधिकांश खर्च डायलाइसिसमा भइरहेको छ।

पछिल्लो आर्थिक वर्षमा मिर्गौला फेल भएका बिरामीको उपचारमा एक अर्ब १७ करोड ९८ हजार रुपैयाँ खर्च गरिएको छ। हाल विपन्न सेवामार्फत उपचार पाइरहेका १२ वटा शीर्षकमा दुई अर्ब २७ करोड ४३ लाख ७७ हजार रुपैयाँ खर्च गरिएको छ। मिर्गौला फेल भएका बिरामीलाई विशेष सहुलियत दिइरहेको विपन्न नागरिक औषधि उपचार कार्यक्रमले हाल हेमोडायलाइसिस, सेरोपोजेटिभ, पेरिटोनियल डायलाइसिस, औषधि सेवन (एकिआइ), मिर्गौला प्रत्यारोपण र मिर्गौला प्रत्यारोपणपूर्व गरिने परीक्षण र प्रत्यारोपणपछि गरिने औषधि सेवन खर्च व्यहोर्दै आएको छ।

आव ०७८/७९ मा सरकारी, सामुदायिक र निजी अस्पतालमा गरी १३ हजार दुई सय १६ जनाले हेमोडायलाइसिस गराएका छन्। जसमा विपन्न नागरिक औषधि उपचार कार्यक्रमले ९६ करोड २० लाख ७३ हजार पाँच सय १९ रुपैयाँ भुक्तानी गरेको छ। सेरोपोजेटिभ गराएका एक सय आठ बिरामीमा तीन करोड ६४ लाख, पेरिटोनियल डायलाइसिस गराएका दुई सय नौ बिरामीमा ६ करोड १५ लाख एक सय ४८ रुपैयाँ, औषधि सेवन (एकिआइ) गराएका ६ सय १० बिरामीमा दुई करोड ८३ लाख २९ हजार तीन सय ५० रुपैयाँ, मिर्गौला प्रत्यारोपण गराएका ६ सय ६० बिरामीमा ६ करोड १० लाख ५६ हजार ६ सय ९९ रुपैयाँ र मिर्गौला प्रत्यारोपणपूर्व परीक्षण र प्रत्यारोपणपछि औषधि सेवन खर्चबापत दुई करोड ७९ लाख ८३ हजार नौ सय ३० रुपैयाँ खर्च गरेको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको तथ्यांकले देखाउँछ। आ.व. ०७७/७८ मा पनि विपन्न उपचारका लागि गरिएको खर्चमध्ये मिर्गौलाको उपचारमा १० करोड ९१ लाख ८२ हजार एक सय ८३ रुपैयाँ खर्च भएको थियो।



वीर अस्पतालमा विभिन्न रोगको डायलाइसिस गराइरहेका विरामी। तस्बिरः नयाँ पत्रिका

दुई वर्षमा १३ प्रकारका रोग लागेका बिरामीको तथ्यांक

रोगको नाम	सेवा लिएका बिरामी (०७८/७९)	सेवा लिएका बिरामी (०७७/७८)
हेमोडायलाइसिस	१३,२१७	५,७९७
सेरोपोजेटिभ	१०८	१३७
पेरिटोनियल डायलाइसिस	२०९	१९८
औषधि सेवन(एकिआइ)	६१९	७३६
मिर्गौला प्रत्यारोपण	६६२	१२१
मिर्गौला प्रत्यारोपणपूर्व गरिने परीक्षण र प्रत्यारोपणपछि गरिने औषधि सेवन खर्च	१९० (०७८/७९ बाट लागू भएको)	
क्यान्सर	१५,१७९	१५,१८७
मुटुरोग	४,६४९	४,४१८
हेड इन्जुरी	४०४	६०६
स्पाइनल इन्जुरी	८७९	८८१
पार्किन्सन्स	४९	९३
अल्जाइमर्स	५	३२
सिकलसेल एनिमिया	११७२	११४०

मिर्गौला बिग्रने बिरामीको संख्या प्रत्येक वर्ष बढ्दो

समय-समयमा गर्नुपर्ने स्वास्थ्य परीक्षणको अभावमा पछिल्लो समय मिर्गौला फेल हुने बिरामीको संख्या प्रतिवर्ष बढिरहेको चिकित्सकहरूले बताएका छन्। सरकारले मिर्गौला फेल हुन नदिन स्वास्थ्य जनचेतना बढाउनुको सट्टा डायलाइसिस सेवा बढाउनमा मात्रै केन्द्रित भइरहेकाले उपचारमा आर्थिक भार बढिरहेको विज्ञहरूको भनाइ छ। प्रतिवर्ष तीन हजारको मिर्गौला फेल हुने अनुमान गरिए पनि न्यून संख्यामा मात्रै प्रत्यारोपण भइरहेकाले डायलाइसिसको सेवा विस्तार गरिरहेको नर्सिङ तथा सामाजिक सुरक्षा महशाखा प्रमुख डा. खगेश्वर गेलालले बताए।

'बढ्दो बिरामीको भार नियन्त्रणका लागि डायलाइसिसको विकल्प खोज्नुपर्ने अति आवश्यक देखिएको छ। उपचारमा बढ्दो भार र प्रत्यारोपण नगर्दासम्म लगातार गर्नुपर्ने डायलाइसिस, अस्पतालसम्म पुग्ने खर्च, घरनजिक सेवा उपलब्ध नहुँदा अस्पतालनजिक डेरा गरेर बस्नुपर्ने बाध्यता र यसले थप्ने आर्थिक भार, वर्षौंसम्म बिरामीको एकजना कुरुवा बस्नुपर्ने अवस्था र यसले बिरामी र परिवारमा ल्याउने तनावको असरको कुनै लेखाजोखा गर्न सकिन्न। मिर्गौला फेल हुन नदिन नियमित स्वास्थ्य परीक्षण र प्रत्यारोपणको दर बढाउनुको साटो प्राथमिक उपचारका रूपमा भइरहेको डायलाइसिस सेवामा बढी खर्च भइरहेको छ,' उनले भने। हाल सातवटै प्रदेशमा सरकारी, सामुदायिक र निजी गरी एक सय १९ वटा स्वास्थ्य संस्थाले निःशुल्क डायलाइसिस सेवा दिइरहेका छन्। जसमध्ये सबैभन्दा बढी बागमतीमा ६२ वटा स्वास्थ्य संस्थामा डायलाइसिस सेवा उपलब्ध छ। कर्णालीमा दुईवटा स्वास्थ्य संस्थाले मात्र निःशुल्क डायलाइसिस सेवा दिइरहेका छन्। सुदूरपश्चिममा तीन, लुम्बिनीमा १४, गण्डकीमा १४, मधेसमा आठ र कोसीमा १५ स्वास्थ्य संस्थाले निःशुल्क डायलाइसिस सेवा दिइरहेका छन्।



विपन्नलाई अनिवार्य १० प्रतिशत बेड छुट्याउन पुनः निर्देशन

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले विपन्न, असहाय र बेवारिसेलाई अनिवार्य कुल बेडको १० प्रतिशत छुट्याएर सेवा दिन सबै अस्पताललाई पुनः निर्देशन दिएको छ। वडाको सिफारिस वा पूर्वनेपाल सरकारबाट जारी भएको गरिब परिचयपत्रका आधारमा सेवा दिन निर्देशन दिएको हो। आइतबार मन्त्रालयले सबै सरकारी, सामुदायिक तथा निजी अस्पताललाई पत्र पठाउँदै विपन्न, असहाय र बेवारिसे बिरामीका लागि १० प्रतिशत बेड छुट्याई त्यसलाई कार्यान्वयनमा ल्याउन भनेको छ।

विपन्नलाई स्वास्थ्य सेवा सहज उपलब्ध गराउन विपन्न असहाय र बेवारिसेको लागि छुट्याइने १० प्रतिशत बेडका लागि स्थानीय तहले गरेको सिफारिसको आधार र सरकारले यसअघि वितरण गरेको गरिब परिचयपत्रको आधारमा दिन सकिने मन्त्रीस्तरीय निर्णय गरिएको हो। मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ मा भएको व्यवस्थाबमोजिम सरकारले तयार गरेको स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को (घ)मा भएको व्यवस्थाको कार्यान्वयन गर्न खोजेको जनाएको छ। यसका साथै १० प्रतिशत निःशुल्क शय्याका विषयमा बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र काठमाडौं महानगरपालिकाले यसअघि नै कार्यान्वयनमा ल्याउनुपर्ने र सेवा नदिने अस्पताललाई कारबाहीको दायरामा ल्याइने चेतावनी दिइसकेका छन्।

■ निजी र सरकारी अस्पतालमा छड्के अनुगमन गर्दै स्वास्थ्य मन्त्रालय

अस्पतालहरूको सेवामा सुधार आवश्यक भएको भन्दै स्वास्थ्य मन्त्रालयले निजी तथा सरकारी अस्पतालमा अनुगमन तीव्र पारेको छ। उपकरणहरूको प्रयोग, बिरामीलाई दिइने सुविधा र उपचारको व्यवस्थाबारे अनुगमन गर्दै सेवा सञ्चालनमा सुधार ल्याउन निजी र सरकारी अस्पताललाई मन्त्रालयले निर्देशन दिएको हो। सरकारी अस्पतालमा उपकरण सञ्चालनको अवस्था, स्वास्थ्यकर्मीले नियमित काम गरे-नगरेको, अस्पतालका सेवा सञ्चालनमा रहे-नरहेको र निजी अस्पतालले विपन्नलाई १० प्रतिशत बेड छुट्याएको लगायत विषयमा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसहितको टोलीले अनुगमन गरिरहेको छ।

मन्त्रीसहितको टोलीले हालसम्म वीर अस्पताल, कान्ति अस्पताल, परोपकार प्रसूतिगृह र सहिद गंगालाल हृदय केन्द्रमा अनुगमन गरिसकेको छ। यस्तै, मेडिकेयर, ह्याम्स र चिरायु अस्पतालमा अनुगमन गरेर विपन्नलाई सेवा दिन निर्देशन दिएको छ। मन्त्रालयले अस्पतालहरूमा थन्किएका उपकरण प्रयोगमा ल्याउन र प्रयोगविहीन भएका उपकरण विभाग पठाउन निर्देशन दिएको छ। साथै, अन्य सेवामा समेत सुधार गरेर एक साताभित्र सञ्चालनमा ल्याउन भनिएको छ। मन्त्री बस्नेतले अनुगमनपछि सेवा राम्रो हुँदै गएको बताए।

साढे ११ करोडको निर्माणाधीन पुल चर्किएपछि भत्काइयो



जुम्ला/ जुम्लामा साढे ११ करोड लागतको निर्माणाधीन पुल चर्किएपछि भत्काइएको छ। कर्णाली राजमार्गअन्तर्गत कालिकोटको तिलागुफा नगरपालिका र जुम्लाको तिला गाउँपालिका जोड्ने नाम्मस्थित हिमा नदीको पक्की पुल अन्तिम समयमा आएर चर्किएको सडक डिभिजन कार्यालय सुर्खेतका सूचना अधिकारी टोपनारायण पौडेलले जानकारी दिए। उनका अनुसार सूर्य कन्स्ट्रक्सनले आफ्नै खर्चमा पुनः ढलान गर्ने गरी भत्काइएको हो।

पछिल्लोपटक असार मसान्तसम्मका लागि म्याद थप भए पनि पुल चर्किएपछि सडक विभागले तीन सदस्यीय समिति गठन गरेर स्थलगत अनुगमन गरेको थियो। कमसल निर्माण सामग्री र अदक्ष जनशक्तिमार्फत निर्माण गरिएकाले पुल चर्किएको पाइएपछि पुनः निर्माण गर्ने गरी पुलको पूरै संरचना भत्काइएको हो।

११ करोड ३१ लाख लागतमा ०७५ चैतमा सम्पन्न गर्ने गरी ३० कात्तिक ०७४ सूर्य कन्स्ट्रक्सनसँग सम्झौता भए पनि यसबीचमा चार पटक म्याद थप गरेर ६ वर्ष लम्ब्याइएको थियो। लागत साढे ११ करोड रहे पनि ठेकेदार कम्पनीलाई ६ करोड ९९ लाख भुक्तानी गरिसकिएको छ। छेउका पिल्लर पुरानै कायम हुने गरी पूरै ढलान नयाँ गरेपछि पूरै भुक्तानी दिने गरी ग्यारेन्टीबापतको ७९ लाख रकम सडक डिभिजन कार्यालयको खातामा छ। पक्की पुल नहुँदा बेलिब्रिज पुलबाट सवारीसाधन आवतजावत भइरहेका छन्।

दीर्घरोगी र सुत्केरीलाई घरमै उपचार र औषधि

सिन्धुपाल्चोकमा रामकृष्ण थापा

हेलम्बु गाउँपालिकाले दीर्घरोगी र सुत्केरीलाई घरघरमा पुगेर निःशुल्क स्वास्थ्य सेवा दिने गरेको छ। जनजीविकाको सवाललाई पहिलो प्राथमिकतामा राखेको हेलम्बु सरकारले ०७७ देखि सबै प्रकारका दीर्घरोगी र सुत्केरीलाई औषधि तथा उपचार प्रदान गरेको हो।

गाउँपालिकाको वार्षिक कार्यक्रम, नीति तथा योजनामा दीर्घरोगीलाई औषधि, सुत्केरीलाई एक महिनासम्म एम्बुलेन्स, औषधि, पोषण र उपचार सेवा निःशुल्क गर्ने उल्लेख छ। सोही कार्यक्रमका आधारमा गाउँपालिकाले खटाएको स्वास्थ्य टोली स्थानीयको घरमा पुगेर सेवा उपलब्ध गराउँछन्। क्यान्सर, मिर्गौला, मुटु, दम, उच्च रक्तचाप, मधुमेहलगायत सबै प्रकारका दीर्घरोगीलाई घरमै पुगेर औषधि दिइन्छ। साथै, स्वास्थ्य टोलीले औषधि वितरणपछि सामान्य स्वास्थ्य अवस्था जाँचबुझ गरेर दीर्घ बिरामीलाई थप उपचार गर्नुपर्ने भए सिफारिससमेत गर्छन्।

०७७ देखि निरन्तर चार सय ५० दीर्घरोगीले पालिकाबाट औषधि पाइरहेका छन्। हेलम्बु- २ का लाक्पा लामा क्यान्सरपीडित हुन्। उनलाई गाउँपालिकाले मासिक ५५ हजार पाँच सयको औषधि निःशुल्क उपलब्ध गराउँछ। 'सरकारले मेरो ज्यान बचाएको छ,' लाक्पाले भने। औषधि र सबैको मायाले शरीरमा थप जटिलता नथपिएको उनको अनुभव छ।

हेलम्बु गाउँपालिका- ४ की सरस्वती तामाङ मुटुरोगी हुन्। उनलाई पालिकाले मासिक ३८ हजार पाँच सयको औषधि दिन्छ। आर्थिक समस्यामा रहेकी तामाङको ज्यान पनि गाउँपालिकाले नै बचाएको छ। 'मासिक पाँच लाख ८० हजारको औषधि दीर्घरोगीलाई किन्ने



हेलम्बु गाउँपालिकामा घरमै पुगेर बिरामीको स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मी।

गरिएको छ,' स्वास्थ्य शाखा प्रमुख विदुर ज्योतिले भने। चार सय ५० दीर्घरोगीले दैनिक औषधि सेवन गर्छन्। मासिक १० हजारभन्दा माथिको औषधि खाने २० जनाभन्दा बढी छन्। स्वास्थ्य संस्थाबाट टाढा घर भएका दीर्घरोगीलाई घरमै औषधि पुऱ्याएकाले विकट गाउँमा खुसी छाएको छ। सुत्केरीलाई एक महिनासम्म सबै प्रकारका औषधि र फलोअप उपचार गाउँपालिकाले निःशुल्क बनाएको छ। सुत्केरी बेथा लागेको सूचना पाएपछि गाउँपालिकाले एम्बुलेन्स घरघरमै पठाउँछ। बर्थिङ सेन्टरमा ल्याएपछि पालिकाले एक हप्तासम्म उपचार र पोषण उपलब्ध गराउँछ। एम्बुलेन्सले घरमा पुऱ्याएपछि महिना दिनसम्मको फलोअप उपचार पनि घरमै पुगेर निःशुल्क प्रदान गरिन्छ।

दोस्रो कार्यकाल सम्हालिरहेका गाउँपालिका अध्यक्ष निमाग्याल्जेन शेर्पाले स्वास्थ्य र शिक्षा पूर्ण रूपमा निःशुल्क बनाउने अभियानमा रहेको बताए। सुत्केरी र दीर्घरोगीलाई पुऱ्याएको स्वास्थ्य सेवाले जनप्रतिनिधि जनताको नजरमा सेवक ठहरिएका छन्। 'दोस्रो कार्यकाल पूरा हुँदासम्म स्वास्थ्य र शिक्षालाई पूर्ण रूपमा निःशुल्क बनाउने नीति गाउँ सभाबाट पारित गर्छु,' शेर्पाले भने, 'डाँडाकाँडालाई अनावश्यक भत्काएर पूर्वाधारको नाममा विकास गर्नुभन्दा पहिला नागरिकको जीवनमा परिवर्तन महसुस गराउने जनजीविकाको काम गर्छु।' स्वास्थ्य र शिक्षामा विकट गाउँका स्थानीयको पहुँच अझै नपुगेको उनले बताए। ६ वर्षको अवधिमा हेलम्बुका पाँच सय ७५ सुत्केरीले निःशुल्क सेवा लिएका छन्।

नेता भुसाललाई पितृशोक

काठमाडौं/ एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाललाई पितृशोक परेको छ। उनका पिता जगन्नाथ भुसालको आइतबार ९७ वर्षको उमेरमा निधन भएको हो। उच्च रक्तचाप, श्वासप्रश्वास, मधुमेहलगायत रोगबाट पीडित भुसालको रुपन्देहीको तिलोत्तमा नगरपालिका- ९ स्थित निवासमै निधन भएको हो।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भुसालको निधनले मर्माहत तुल्याएको बताएका छन्। नेपालले स्व. जगन्नाथप्रति भावपूर्ण श्रद्धाञ्जली र पितृवियोगमा परेका महासचिव भुसालसहित पारिवारिक वियोगले शोकाकुल भुसाल परिवार तथा आफन्तजनमा समवेदना व्यक्त गरेका छन्। स्व. भुसालका श्रीमती, चार छोरा र तीन छोरी छन्।

सुर्तीजन्य पदार्थ तस्करी गर्ने तीनजना पक्राउ

विराटनगर/ प्रतिबन्धित सुर्तीजन्य पदार्थ भारतबाट तस्करी गर्ने तीनजना प्रहरी पक्राउ परेका छन्। सुर्तीजन्य पदार्थ रजनीगन्धा र तुलसी तस्करी गरेको आरोपमा प्रहरीले सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका- ६ का २६ वर्षीय दीपककुमार साह, २६ वर्षीय गुरुदेव साह र विराटनगर- ५ का ४२ वर्षीय अरुण यादवलाई पक्राउ गरेको हो।

शनिबार भारतीय बजार जोगबनीबाट आठ हजार ६ सय ९४ पिस रजनीगन्धा र सात हजार तीन सय ४४ पिस तुलसी विराटनगरतर्फ तस्करी गरेर ल्याउँदै गर्दा कोसी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूहले विराटनगर- ५ चाँदनी चोकबाट पक्राउ गरेको हो। उनीहरूले चाँदनी चोकमा रहेको जय गणेश जनरल स्टोरका लागि अवैध रूपमा रजनीगन्धा र तुलसी ल्याउने गरेका थिए। प्रहरीले उनीहरूले प्रयोग गर्ने को.१३प ५०८५ नम्बरको मोटरसाइकलसमेत बरामद गरेको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोशी अस्पताल
विराटनगर, नेपाल

शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८०/०२/२२

यस अस्पतालको फार्मेशी संचालनको लागि सजिर्कल सामानहरू खरिद गर्न पुन दोस्रो पटक मिति २०८०/०१/१४ गते सूचना नं. KH/SQ/G-33/2079-80 बाट नेपाल सामाचारपत्र तथा www.bolpatra.gov.np मा सूचना प्रकाशन गरी विद्युतिय शिलबन्दी दरभाउपत्र आव्वहान गरिएकोमा निर्धारित समयवधी भित्र रितपुर्वक दर्ता हुन आएको एक मात्र शिलबन्दी दरभाउपत्रदाता श्री सजिर्कल विराटनगर छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट भएका आइटमहरुको विवरण कोशी अस्पतालको Website : www.Koshihospital.gov.np मा हेर्न सकिने व्यहोरा अनुरोध छ।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशितः २०८०।०२।२२

यस ललितपुर महानगरपालिकामा रितपूर्वक पेश हुन आएको तपशिल बमोजिमको बोलपत्र न्यनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावाग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	ठेक्का नं	कामको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अङ्क (भ्याट र प्रोभिजनल सम बाहेक)
१	LMC-NCB-WORKS -079/80-08	Story Addition and Finishing Works in Madan Smarak School Building	श्री Angel Construction and Company Pvt. Ltd	रु. ४३,९२,८८८।८/–

गौर नरसंहारका पीडित पुगे सर्वोच्च

१७ वर्षसम्म अनुसन्धान नभएपछि छानबिनका लागि परमादेश माग

शिल्पा कर्ण/नयाँ पत्रिका

गौरहटको गौरमा १७ वर्षअघि भएको हत्याकाण्डको हालसम्म पनि जाँचबुझ तथा कारबाही नभएपछि सर्वोच्च अदालतमा रिट परेको छ। आइतबार गौर घटनाका पाँच पीडितले अनुसन्धान र अभियोजन अघि बढाउन परमादेशको माग गर्दै रिट दर्ता गराएका हुन्।

सर्वोच्च प्रशासनका अनुसार सोमबार उक्त रिटमाथि पेसी तोकिएको छ। गौर घटनामा पीडितका परिवारजनले दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद् सचिवालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, जिल्ला प्रहरी कार्यालय गौरहट, महान्यायाधिवक्ताको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय गौरहटलाई विपक्षी बनाइएको छ। त्रिभुवन साह, रामशरण राय यादव, रूपसागर देवी, विक्रम पटेल र रोकैया खातुनले संयुक्त रूपमा रिट दर्ता गराएका हुन्।

७ चैत ०६३ मा तत्कालीन नेकपा माओवादीसम्बद्ध मधेसी राष्ट्रिय मुक्तिमोर्चा र तत्कालीन मधेसी जनअधिकार फोरमले गौर राइस मिलको चौरमा एकै समयमा सभा आयोजना गर्दा भएको झडपमा २७ जनाको ज्यान गएको थियो भने एक सय १५ जना घाइते भएका थिए। यस क्रममा शान्ति सुरक्षाको जिम्मेवारी लिएको प्रहरी प्रशासनले पर्याप्त सक्रियता नदेखाएको मानव अधिकार आयोगको निर्णयमा उल्लेख छ। यस घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटको अपराध दर्ता किताबमा २८ वैशाख ०६४ मा दुईवटा किटानी जाहेरी परे पनि छानबिन र अभियोजन दुवै हुन सकेको छैन।

'हाम्रो कानुनी प्रणालीमा पीडितले आफैंले मुद्दा चलाउन सक्दैन। पीडितले राज्यबाट व्यवस्था गरिएको प्रहरी र सरकारी वकिलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको व्यहोरासहित प्रहरीमा किटानी जाहेरी गर्दासमेत प्रहरी र सरकारी वकिलले मुद्दा हेर्ने अदालतमा मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट वञ्चित हुनुपर्ने भनी भएको सिद्धान्तअनुसार विपक्षीहरूका उपर पीडितको जाहेरी अपराधको छानबिन गर्न-गराउन, अनुसन्धान प्रक्रियालाई अगाडि बढाउन' परमादेशको आदेश रिट निवेदनमा माग गरिएको छ। रिट निवेदकहरूले रिटमा अनुसन्धान तथा अभियोजन नहुँदा न्यायको अनुभूति गर्न नसकेको उल्लेख गरेका छन्।

यसअघि मानव अधिकार आयोगले समेत चासो लिँदै सुझाव दिनुका साथै कारबाही सिफारिस गरेको थियो। गत वर्ष १९ पुसमा आयोगमा परेको उजुरीउपर कारबाही गर्दै नेपाल सरकार, तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेसी जनअधिकार फोरमको नेतृत्वका साथै सबै राजनीतिक दलहरूलाई सुझाव दिएको थियो।

आयोगको पत्रमा २८ वैशाख ०६४ मै दर्ता भएको जाहेरीउपर १६ वर्ष पुग्दासमेत कुनै कारबाही, अनुसन्धान तथा तहकिकात गरी अभियोजन नगरेको भन्दै उक्त जिल्लाका तत्कालीन प्रहरी प्रशासकमाथि कारबाही गर्न सरकारलाई सिफारिस गरेको थियो। आयोगले पछिल्लोपटक गरेको निर्णयमा जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख योगेश्वर रोमखामीका साथै मानव अधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगरेको भन्दै तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, प्रहरी उपरीक्षक कामाख्यानारायण सिंहमाथि विभागीय कारबाही गर्न भनिएको छ। राज्यका तर्फबाट आगामी दिनमा उनीहरूलाई कुनै अवसर प्रदान नगर्न सिफारिस गरिएको थियो।

पाँच पीडितले अनुसन्धान र अभियोजन अघि बढाउन परमादेश माग्दै दिए सर्वोच्चमा रिट

नेपाल सरकारले गठन गरेको गौर घटना जाँचबुझ आयोग, २०६४ को प्रतिवेदनमा औंल्याइएका व्यक्तिहरूउपर अभियोग दर्ता गराई त्यसको जानकारी तीन-तीन महिनामा प्रगति प्रतिवेदन पठाउन आयोगले भनेको थियो। साथै, घटनाका पीडित र साक्षीहरूको सुरक्षा तथा संरक्षणको सुनिश्चितता गर्न आयोगले सिफारिस गरेको थियो।

यस्तो छ आयोगको निर्णय

मानव अधिकार आयोगले गरेको निर्णयमा भनिएको छ, 'पीडित निरन्तर पीडित भइरहने, अनुसन्धान र अभियोजन गर्ने निकाय नेपाल प्रहरी र सरकारी वकिल कार्यालय निष्क्रिय रही दण्डहीनताले निरन्तरता पाइरहँदा पनि सरकार आफैंले गठन गरेको आयोगको प्रतिवेदन हालसम्म पनि सार्वजनिक हुन नसक्दा पीडितको न्याय पाउने अधिकार प्रभावित भइरहेको देखिन्छ। ... एकातर्फ जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नहुनु र अर्कोतर्फ त्यही आयोगले छानबिन र कारबाहीका लागि जघन्य अपराधको घटनामा संलग्न भनिएका व्यक्तिमाथि कानुनी कारबाही हुन नसक्दा दोषीहरूले निर्धक्कताका साथ समाजमा उपस्थिति देखाइरहने अवस्थालाई दण्डहीनताको पराकाष्ठाको रूपमा लिन सकिन्छ।'

यो घटना हुनुमा तत्कालीन नेकपा माओवादीको भ्रातृ संगठन मधेसी मुक्तिमोर्चा र मधेसी जनअधिकार फोरमको तिक्ततापूर्ण व्यवहार जिम्मेवार रहेको तथा मोर्चाका महासचिव प्रभु साह र फोरम अध्यक्ष उपेन्द्र यादव यस घटनाका लागि जिम्मेवार रहेको आयोगले जनाएको छ। यस घटनाको जाहेरी दरखास्तमा नाम रहेका एक सय ३० जनाउपर अनुसन्धान र अभियोजन गर्न आयोगले सिफारिस गरेको छ।

आयोगले भनेको छ, '... दुईवटा किटानी जाहेरी दर्ता भएको भनिए पनि करिब १६ वर्षसम्म यस्तो अमानवीय र सभ्य समाजले कल्पनासम्म गर्न नसक्ने अपराधविरुद्ध वास्तविक रूपमा जाहेरी दर्ता गरी अनुसन्धान तथा छानबिन प्रक्रिया अगाडि बढाउन अनुसन्धान तथा अभियोजनको जिम्मेवारीमा रहेको निकाय पूर्णतः उदासीन भएको देखिन्छ। यसलाई प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयले समेत बेवास्ता गरेको छर्लंग देखियो।'

आयोगले सरकारबाट दण्डहीनलाई प्रश्रय दिने कार्य भइरहेको भन्दै यस घटनामा किटानी जाहेरी परेकालाई अनुसन्धानको दायरामा ल्याउन आग्रह गरेको हो। फोरम अध्यक्ष उपेन्द्र यादव र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यस घटनाका आरोपितलाई कानुनी दायरामा ल्याउन सहयोग नगरेको आयोगको निष्कर्ष छ।

जिप दुर्घटनामा तीनको मृत्यु

पाल्पामा नारायण न्यौपाने

पाल्पाको रैनादेवी छहरा गाउँपालिका- ८ सत्यवतीस्थित केवरेडाँडामा बोलेरो जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। घटनामा परेर १२ जना घाइते भएका छन्।

रुपन्देहीको सालझन्डीदेखि अर्घाखाँचीको पणेनातर्फ गइरहेको लु.१च ९०२४ नम्बरको जिप दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी रहेका डिएसपी वीरेन्द्र थापाले जानकारी दिए। जिप साढे ५ बजेतिर दुर्घटनामा परेको हो। मृत्यु हुनेको पहिचान खुलेको छैन। मृतकमध्ये दुई महिला र एक पुरुष छन्। प्रहरीका अनुसार



घाइतेहरूलाई उपचारका लागि बुटवलतर्फ पठाइएको छ। दुर्घटनाको कारण पनि खुल्न नसकेको प्रहरीले जनाएको छ।

गण्डकी सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने

कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेश सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्न नीतिगत व्यवस्था गर्ने विषय समेटदै आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम ल्याएको छ। प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आइतबारको प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्। सार्वजनिक गर्नुअघि प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रम पुस्तिका प्रदेश प्रमुखलाई उपलब्ध गराएका थिए।

नीति तथा कार्यक्रममा गाँजाखेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गर्ने भनिएको छ। औषधिजन्य तथा उद्योगजन्य कच्चा पदार्थ उत्पादन प्रयोजनका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने प्रदेश सरकारको तयारी छ। केन्द्र सरकारले पनि औषधिजन्य प्रयोजनका लागि गाँजाको उत्पादनसँग सम्बन्धित कानुनी व्यवस्था गर्ने तयारी गरेको छ। गण्डकी सरकारले मदिराको गुणस्तर वृद्धि गर्दै ब्रान्डिङ गर्न आवश्यक कानुनी व्यवस्था गर्ने नीति पनि ल्याएको छ।

यसैगरी, अस्पतालहरूको स्तरोन्नति, दश वर्षमुनिका बालबालिका तथा ६० वर्षमाथिका नागरिकलाई प्रदेशमातहतका अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रमा निःशुल्क ओपिडी सेवा र प्रयोगशाला परीक्षण, सबै खालको क्यान्सर उपचारमा एक लाख रुपैयाँसम्मको थप आर्थिक सहायतालगायत कार्यक्रम समेटेको छ।

अनुसन्धान, नवप्रवर्तन र आविष्कारसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता, डिजिटल गण्डकी प्रदेश कार्यक्रममार्फत युवा तथा विद्यार्थीका लागि प्रविधिमैत्री सिकाइ कार्यक्रम, सुविधासम्पन्न क्रिकेट रंगशाला निर्माण, अन्तर्राष्ट्रियस्तरको कभर्डहलको सम्भाव्यता अध्ययन, कृषि तथा खाद्य सुरक्षा सूचना केन्द्र स्थापना, भूमि बैंकको अवधारणालगायत नीति कार्यक्रममा समेटिएका छन्।

कर्णालीलाई अर्गानिक प्रदेशका रूपमा विकास गरिने

सुर्खेतमा रमेश रावल

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ। प्रदेश प्रमुख तिलक परियारले आइतबार संसद्मा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा परम्परागत कृषि प्रणाली निरुत्साहित गर्दै प्रतिस्पर्धात्मक, जलवायु अनुकूलन र उत्थानशील बनाई अर्गानिक प्रदेशका रूपमा विकास गरिने बताइएको छ।

कृषि अभियानलाई सफल पार्न स्थानीय तहको सहलगानीमा मल उत्पादन कारखाना स्थापना गरिने, पशुपक्षी विशेष क्षेत्र तोक्ने, कृषकलाई क्लस्टरगत खेती तथा प्रोत्साहित गरिने योजना रहेको प्रदेश प्रमुख परियारले बताए। 'कर्णालीले जे बेच्छ मूल्यवान् उपज बेच्छ' भन्ने अवधारणाअनुसार मूल्यवान् लोगो प्रदान गर्ने तथा ब्रान्डिङ, लेबलिङ र गुणस्तर लोगो प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

कर्णाली प्रदेशको सडक सुरक्षाका योजनाअन्तर्गत अकासे पुल निर्माण र सडक मर्मतकर्ताको व्यवस्थालगायत योजना अघि सारिएको छ। नीति तथा कार्यक्रममा सडक सुरक्षालाई पनि प्राथमिकतामा राखिएको हो। मुख्यमन्त्री राजकुमार शर्माले घोषणा गरेको प्रत्येक वर्ष १० हजारलाई रोजगारी दिने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा प्राथमिकता दिइएको छ।

न्यौपाने एमालेमा फर्किए

काठमाडौं/ एकीकृत समाजवादीका उपाध्यक्ष केदार न्यौपाने एमालेमा फर्किएका छन्। पार्टी विभाजनपछि एसको उपाध्यक्ष रहेका न्यौपानेलाई अध्यक्ष केपी ओली, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र विष्णु रिमाललगायतका नेताहरूले आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा स्वागत गरे।

प्रवेश कार्यक्रममा एसका अर्का उपाध्यक्ष केशवलाल श्रेष्ठ पनि सहभागी भएका थिए। श्रेष्ठले एमाले अध्यक्ष ओलीले एकीकृत समाजवादीसहितका सबै कम्युनिस्ट पार्टीहरूलाई मिलाएर बलियो कम्युनिस्ट पार्टी बनाउने अभियानको नेतृत्व लिनुपर्ने प्रस्ताव लिएर एमाले पार्टी कार्यालय च्यासल पुगेको बताए।

'पाँच वर्षको समय र पछिल्लो निर्वाचन परिणामले कम्युनिस्ट आन्दोलनमा तीव्र क्षयीकरण भएको देखायो, करिब दुईतिहाइ बहुमत ल्याएको कम्युनिस्ट पार्टी पछिल्लो निर्वाचनमा संसद्मा पहिलो दल बन्न सकेन,' श्रेष्ठले भने, 'त्यसैले मैले केपी कमरेडलाई सबै कम्युनिस्ट पार्टीलाई एकतामा ल्याउने काममा लागौं भन्ने आग्रह गरैं, उहाँलाई एकीकृत शक्ति निर्माणको नेतृत्व लिनुस् भनेर आग्रह गर्न एमाले पार्टी कार्यालय गएको हुँ।'

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ २९ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म दर्ता ऐन २०७६ तथा औद्योगीक व्यवसाय ऐन २०७३ को दफा ५ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय बाँके नेपालगञ्जमा मिति २०७४/०९/०९ मा दर्ता नं. ४६/४६/०७४/०७५ दर्ता कायम भई बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **ओ.पि.सी. ईट्टा उद्योग** (सञ्चालक धन बहादुर क्षेत्रीको नातिनी, महेन्द्र बहादुर क्षेत्रीको छोरी, याम बहादुर गोदार क्षेत्रीको पत्नी, बाँके जिल्ला, खजुरा गा.पा. वडा नं.०३ (साबिक बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२) बस्ने **निता क्षेत्री,** ना.प्र.नं. १७७५८, जारी मिति २०६१/११/२४, जिल्ला प्रशासन कार्यालय बाँके)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धन बहादुर क्षेत्रीको नातिनी, महेन्द्र बहादुर क्षेत्रीको छोरी, याम बहादुर गोदार क्षेत्रीको पत्नी, बाँके जिल्ला, खजुरा गा.पा. वडा नं.०३ (साबिक बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२) बस्ने **निता क्षेत्री** (ना.प्र.नं. १७७५८, जारी मिति २०६१/११/२४, जिल्ला प्रशासन कार्यालय बाँके)।
२. तुल बहादुर गोदारको नाति, बल बहादुर गोदार क्षेत्रीको छोरा, निता क्षेत्रीको पति, बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०३ (साबिक बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२) बस्ने **याम बहादुर गोदार क्षेत्री** (ना.प्र.नं.१०२५०, जारी मिति २०५८/०६/०४, जिल्ला प्रशासन कार्यालय बाँके)।
३. रण बहादुर गोदारको नाति, तुल बहादुर गोदारको छोरा, स्याङ्जा जिल्ला, आरुखर्क वडा नं.०९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, खजुरा वडा नं.०३ बस्ने **बल बहादुर गोदार** (ना.प्र.नं.६०९८, जारी मिति २०४५/०१/२८, जिल्ला प्रशासन कार्यालय स्याङ्जा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **ओ.पि.सी. ईट्टा उद्योग**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, रनियपुर न.पा./गा.पा. वडा नं. ०१ स्थित कित्ता नं. ५०९, ४७४, २३७, ४७५, २४६, २८०, ४७६, ४७३ र ५०८ को क्षेत्रफल क्रमशः २३३७.१४, ११४४.९३, ३७७०, ३४८१.२७, ४६०५, २९९६.६६, १८६२.३०, ८४६.५ र १०१५ (व.मी.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **बल बहादुर गोदार**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. २ स्थित कित्ता नं. ७८ को क्षेत्रफल २२७.५० (व.मी.) को घर/जग्गा आदि सम्पूर्ण लिगलगापातहरु समेत।
३. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, रनियापुर न.पा./गा.पा. वडा नं. ०१ स्थित कित्ता नं. २७८, ६४४, २३८, ६४५, ४३७, ३७३, ४३९, ६१५ र ५०३ को क्षेत्रफल क्रमशः १४०, २५००, २१५०, २४१५, ६२७५.९८, ४०७८.२५, ३१५.२१, ८६५.६३ र २४१५ (व.मी.) को घर/जग्गा तथा ऐ.ऐ. जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. ०६ स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ८७०७.१०(व.मी) को जग्गा तथा ऐ.ऐ. जिल्ला, बागेश्वरी न.पा./गा.पा. वडा नं. ०२ स्थित कित्ता नं. ३३४, ४०३, ४०५, ८४५ र ५५३ को क्षेत्रफल क्रमशः १९५.३१, २२७.४९, १९.८१, ३५४ र २११६.३५(व.मी) को जग्गा तथा ऐ.ऐ. जिल्ला, उढरापुर न.पा./गा.पा. वडा नं. ०४ स्थित कित्ता नं.४६ को क्षेत्रफल १०४४.२५ (व.मी) घर/जग्गा तथा ऐ.ऐ. जिल्ला, रनियापुर न.पा./गा.पा. वडा नं. ०२ स्थित कित्ता नं. ४३२, ४३४, ६९४, ५८ र ५७ को क्षेत्रफल ८२०, ७६७, ३२३३, ३१३५ र २९३०.१० (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. 91K638 13330, च्यासिस नं. MAT47914 8K3R22893, सवारी नं. भे १ क १८११, को मोडल LPK 2523 HD SRT, २०२० थान १।
५. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. 4H3335/ 2720082, च्यासिस नं. BCEHN960 VBHL00116, सवारी नं. भे १ क ११०१, को मोडल BULL H0 96 २०१७ थान १।
६. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **ओ.पि.सी.ईट्टा उद्योग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको ईन्जिन नं. H0016 6826, च्यासिस नं. HAR3DXSU K02581510, सवारी नं. भे १ क १२५२, को मोडल 3DX SUPER २०१८ थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ दिन अर्थात २०८० जेठ २८ गते** भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात २०८० जेठ २९ गते दिनको ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० जेठ २९ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नेपालगञ्ज, सुर्खेतरोड, बाँके फोन नं. ०८१-४१५२३१/३६

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सुचना

प्रकाशित मितिः २०८०/०२/२२

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालयबाट विभिन्न कर्जा शिर्षक अर्न्तगत लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स उपकरण कर्जा, सवारी कर्जा, अधिविकर्ष कर्जा

ऋणीको नाम : आत्रेय निर्माण सेवा प्रा.लि.

रजिष्टर्ड ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली

रजिष्ट्रेसन नं. : ३७२१२/०६२/०६३ (तत्कालीन श्री ५ को सरकार, हाल नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)

रजिष्ट्रेसन मिति : २०६२/०८/२४

पान नं. : ३०२०६८४९६

संचालकहरुको नाम र ठेगाना

१. नाम : राजेश कुमार कुँवर (अध्यक्ष तथा जमानीकर्ता)	२. नाम : विकेन्द्र कुँवर (जमानीकर्ता)
बाबु : उदय बहादुर कुँवर	बाबु : राजेश कुमार कुँवर
बाजे : दल बहादुर कुँवर	बाजे : उदय बहादुर कुँवर
ठेगाना : सीन्जा गा.वि.स.-६, सिन्धुली	ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली
हाल : का.म.न.पा.-१०, काठमाडौं	हाल : का.म.न.पा.-१०, काठमाडौं
ना.प्र.नं. : ६५३१	ना.प्र.नं. : २०१०५४/७००
जारी मिति : २०४४/१०/१८	जारी मिति : २०६७/०४/१२
जि.प्र.का. : सिन्धुली	जि.प्र.का. : सिन्धुली
३. नाम : विषम कुँवर	जमानीकर्ताको नाम र ठेगाना
बाबु : रमेश कुमार कुँवर	नाम : कमला कुमारी खत्री कुँवर
बाजे : उदय बहादुर कुँवर	बाबु : नर बहादुर खत्री
ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली	पति : राजेश कुमार कुँवर
हाल : का.म.न.पा.-१०, काठमाडौं	ससुरा : उदय बहादुर कुँवर
ना.प्र.नं. : २०-०१-७६-०५०००	ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली
जारी मिति : २०७६/०७/०५	हाल : का.म.न.पा.-१०, काठमाडौं
जि.प्र

परबिनबारे बायोपिक बन्दै

स्वर्गीय बलिउड अभिनेत्री परबिन बाबीको बायोपिक बन्ने भएको छ। यस फिल्ममा उर्वशी रौतेलाले परबिनको भूमिका निर्वाह गर्नेछिन्। परबिनले १९७२ मा मोडलिङ सुरु गरेकी थिइन्। उनले अभिनय गरेको पहिलो बलिउड फिल्म 'चरित्र' हो। २२ जनवरी २००५ मा उनको निधन भएको थियो।

परस्त्री १५ असारमा

१५ असारबाट प्रदर्शन हुने फिल्म परस्त्रीको हिन्दी डब गीत 'होना था जो होने लगा' सार्वजनिक गरिएको छ। अमित मिश्र र सोनल प्रधानले यस गीतमा स्वर भरेका छन्। नेपाली र हिन्दी भाषामा रिलिज हुने यस फिल्मलाई सुरज पाण्डेले निर्देशन गरेका हुन्। शिल्पा मास्के, गौरव विष्ट, कोसिस क्षेत्री, अलिस क्षेत्रीलगायतले यस फिल्ममा अभिनय गरेका छन्।

स्विमिङ गर्दा ख्याल गरौं



डा. लक्ष्मण सिग्देल
अर्थपेडिक सर्जन
भेरी अस्पताल



स्विमिङका धेरै फाइदा छन्। यसले समग्र शरीरको कसरत गराउँछ र तौल नियन्त्रण गर्छ। शरीरलाई लचकदार बनाउँछ। रक्तसञ्चार राम्रो बनाउन, रक्तचाप नियन्त्रणमा राख्न, फोक्सो स्वस्थ राख्न, मुटुरोगको जोखिम कम गर्न स्विमिङको भूमिका रहन्छ। स्विमिङले तनाव घटाउँछ र मानसिक रूपमा तपाईंलाई सुदृढ बनाउँछ। विशेषगरी, गर्मीको समयमा स्विमिङ गर्नेको संख्या बढ्ने गर्छ। सबै क्षेत्रमा यस समय स्विमिङ पुल भरिभराउ देखिन्छन्। गाउँघरमा पनि खोलामा स्विमिङ गर्नेको संख्या ठूलो हुन्छ। स्विमिङका धेरै फाइदा भए पनि दुर्घटना हुन नदिनका लागि हामीले केही सतर्कताका उपाय अवलम्बन गर्न सक्नुपर्छ।

● आवश्यक तालिम नलिई स्विमिङ सुरु गर्न हुँदैन। नत्र, पानीमा डुबेर ज्यानै जान सक्छ। यदि तपाईं सिकारु हुनुहुन्छ वा स्विमिङको थोरै मात्र अनुभव छ भने धेरै गहिराइमा पौडनुहुँदैन। आफूलाई सहज हुने र आपत् पर्दा खुट्टा टेकेर पनि बाँच्न सकिने ठाउँमा पौडनुस्।

● पानीको सतह थोरै भएका स्विमिङ पुलमा डाइभ हान्न हुँदैन। खासगरी, कम पानी भएका ताल, पोखरी, नदी वा पुलमा डाइभ हान्दा गर्दन जमिनमा ठोक्किने जोखिम हुन्छ। भुइँमा गर्दन ठोक्किँदा मेरुदण्ड मोडिन्छ। जसले गर्दा स्पाइनल कर्डमा चोट लाग्ने गर्दछ। यस्तो चोटले कर्डमा गम्भीर समस्या आउने हुँदा कतिपयमा प्यारालाइसिसको समस्या पनि हुने जोखिम हुन्छ। तसर्थ, डाइभ हान्दा पानीको गहिराइ हेरेर मात्रै गर्नुपर्छ। पानीको गहिराइ अनुमान गरेर गर्‍यो भने राम्रो हुन्छ।

● पानीभित्र हिंस्रक जनावारहरू हुन सक्छन्। नदी वा पोखरीमा गोही, सर्पजस्ता विषालु जीव हुन सक्छन्। यस विषय पनि ख्याल राख्नुपर्छ।

● पानी दूषित पनि हुन सक्छ। जुका वा कुनै सरुवा रोग फैलिएको हुन सक्छ। जसले गर्दा अर्को रोगको संक्रमण हुन सक्छ। त्यसैले दूषित पानीमा स्विमिङ गर्नुहुँदैन। छालामा एलर्जी पनि हुन सक्छ।

● मदिरा सेवन गरेर कहिल्यै स्विमिङ गर्नुहुँदैन। मदिराले आपत्कालीन अवस्थामा प्रतिक्रिया गर्ने तपाईंको क्षमतालाई बिगार्न सक्छ। त्यसैले दुर्घटनाको जोखिम रहन्छ।

सुरक्षा उपकरण

● पौडन सक्ने आफ्नो क्षमता र पौडने स्थानलाई ख्याल गरेर आवश्यक सुरक्षा उपकरण लाइफ ज्याकेट, स्विम गगल्स, स्विम क्यापलगायत लगाउनुपर्छ। यसले तपाईंलाई सुरक्षा दिन्छ र स्विमिङ गर्दा सहज पनि बनाउँछ।

● बिरामी भएका वेला कहिल्यै स्विमिङ जानुहुँदैन। दीर्घरोगी वा औषधि सेवन गरिरहेकाहरूले चिकित्सकसँग सल्लाह लिएर मात्रै स्विमिङ जानुपर्छ। स्विमिङ गर्नुअघि, गर्दा र गरिसकेपछि पर्याप्त पानी पिउनुपर्छ। यसले डिहाइड्रेसन हुनबाट जोगाउँछ।

● सूर्यको विकिरणबाट आफ्नो छालालाई जोगाउन उच्च एसपिएफयुक्त वाटरप्रुफ सनस्क्रिन लगाउनु राम्रो हुन्छ।

● पौडँदा कुनै पनि समस्या आउन सक्छ। त्यसबाट कसरी बच्ने भन्ने विषयमा आधारभूत ज्ञान हुनुपर्छ। तपाईंले केही टेक्निक जान्नुभयो भने आफू बच्न र कहिलेकाहीं अरूलाई पनि उद्धार गर्न सक्नुहुन्छ।

● स्विमिङ पुलमा पौडँदा त्यहाँको नियमलाई ख्याल गर्नुपर्छ। अन्यलाई पनि पौडनका लागि पर्याप्त स्पेस चाहिन्छ भन्ने विषय तपाईंले ख्याल गर्न जरुरी छ। कोही व्यक्तिलाई आपत्कालीन अवस्थामा देख्नुभयो भने तपाईंले लाइफ गार्डलाई तत्काले खबर गर्नुपर्छ।

फिलोडेन्ड्रोनका विशेषता...



फिलोडेन्ड्रोन इन्डोर प्लान्ट्स हो। थोरै स्पेसमा हुर्काउन सकिने र आकर्षक देखिने भएकाले सहरमा धेरैले यो बिरुवा लगाउने गर्छन्। अन्य इन्डोर प्लान्ट्सजस्तै यसले पनि घरभित्रको हावालाई शुद्ध राख्न सहयोग गर्छ। विभिन्न टक्सिनलाई हावाबाट हटाउन सक्ने भएकाले यसलाई 'नेचुरल एयर प्युरिफायर'का रूपमा लिइन्छ। यसले वातावरण स्वस्थ राख्छ।

इन्डोर प्लान्ट्सले वातावरणलाई शुद्ध राख्दै शान्त बनाउने काम गर्छ। कोठाभित्रै हरियाली नियाल्न पाउँदा मानिसको मुडमा सुधार आउँछ। तनाव कम भएर जान्छ।

आफ्नो पातमार्फत यसले मोस्चर फुयाँक्छ। जसकारण, हावामा आर्द्रताको मात्रा बढ्छ। हावा कम चल्ने र सुक्खा रहने कोठामा यसलाई रोप्नु निकै फाइदाजनक छ।

यसले कोठालाई आकर्षक देखाउँछ। फिलोडेन्ड्रोनका पात निकै कलात्मक देखिन्छन्।

स्वादिलो सलाद यसरी बनाउनुस्



फ्रेन्च मेस्कुलन सलाद : यो सलाद बनाउन कलिलो खालको मिक्स लेटुस २०० ग्राम (कम्तीमा पाँच प्रकारका) लिएर आइस वाटरमा धोएर सुक्खा क्रन्ची बनाउने। मस्टर्ड मेस्ट आधा चम्चा, रेड वाइन या सेरी भिनेगर दुई चम्चा, दुई ड्रप्स जैतुनको तेल र नुन स्वादअनुसार हालेर ड्रेसिङ बनाई पत्तामा मिसाएर सर्भ गर्न सकिन्छ। यो सलाद विश्वभर अति नै लोकप्रिय छ। साइड सलाद होस् या अप्पिटाइजर, जसरी नि पस्कन सकिन्छ।

लेबनिस कुकम्बर कर्ड सलाद : यो सलाद बनाउन जति सजिलो छ, त्योभन्दा कैयौं गुणा स्वास्थ्यसम्बन्धी फाइदा र शीतलता प्रदान गर्छ। एउटा काँक्रोलाई स-साना टुक्रामा काटेर एउटा बाउलमा राख्ने। एक कप लो फ्याटवाला प्लेन दही लिएर एउटा लेमन निचोरेर हाल्ने।

दुई मुन्टा पुदिना चप गरेर (ड्राई मिन्ट पनि प्रयोग गर्न सकिन्छ) हाल्दिने र दुई केम्ना लसुन चप गरी मिसाउने। अन्तमा स्वादअनुसार नुन हालेर मज्जाले घोल्ने र काटेको काँक्रोमा खन्याइदिने। माथिबाट दुई ड्रप जैतुनको तेल हालेर सर्भ गर्न सकिन्छ।

ग्रिक सलाद : यो सलाद बनाउन स-साना डाइसमा दुई सय ग्राम काँक्रो काटेर एउटा बाउलमा राख्ने। तीन कलरको भेडेखुर्सानी मिसाएर ८० ग्राम र २० ग्राम डाइस टोम्याटो मिसाउने। एउटा मध्यम साइजको प्याज डाइस काटी हाल्ने र साथमा केही कालो जैतुन स्लाइस काटेर मिसाइदिने। स्वादका लागि नुन, मरिचको धुलो, ओरिगानो धुलो, रेड वाइन, भिनेगर, मस्टर्ड पेस्ट, गार्लिक र जैतुनको तेल हालेर मोल्दिने। अन्तमा २० ग्राम फेत चिज डाइस काटेर टप गर्निस गरी सर्भ गर्ने।

गर्मीमा यस्तो लुक्स



कमला श्रेष्ठ
सौन्दर्यविद्
सयाम ब्युटी सलुन एन्ड इन्स्टिच्युट
कुपन्डोल, ललितपुर

कस्तो मेकअप गर्ने ?

गर्मी मौसममा 'वाटरप्रुफ मेकअप' (पानीले नबिगार्ने) गर्न आवश्यक छ। पानी र पसिनाका कारण नबिग्रिने किसिमले मेकअप गर्नुपर्छ। सकभर 'हेभी मेकअप' गर्नुहुँदैन। आँखामा गाजलको सट्टा हल्का आइस्याडो, वाटरप्रुफ वा म्याट मस्कारा लगाउन सकिन्छ। बाहिर निस्कनुभन्दा आधा घन्टाअघि सनब्लक अनिवार्य लगाउनुपर्छ। त्यस्तै, मोस्चराइजरको प्रयोग पनि गर्न सकिन्छ।

कस्तो हेयर स्टाइल बनाउने ?

गर्मीको मौसममा लामो कपाल पाल्दा झन्झटिलो हुन सक्छ। लामो समयसम्म बाँधेर हिँड्नुपर्ने भएकाले टुक्रिने डर हुन्छ। त्यसैले लामो कपाल हुनेले बाहिर हिँड्दा हलुकासँग बाँध्ने र घरमा रहँदा खुलै छाड्ने गर्दा राम्रो हुन्छ, जसले आकर्षक लुक्स पनि दिन्छ।

गर्मी मौसममा बढी हावा चल्ने र धुवाँ-धुलो उड्ने भएकाले कपाल सुक्खा वा फुस्रो देखिन्छ। यसर्थ,



स्टाइलिस कपाल रुचाउनेले छोटो कपाल अर्थात् 'समर कट' गर्दा उपयुक्त हुन्छ। यसले व्यवस्थापनमा सहजतासँगै फेसनेबल देखाउनसमेत मद्दत गर्छ।

मोबाइल छनोट गर्दा...

● बजारमा विभिन्न ब्रान्डका मोबाइल फोन पाइन्छन्। तपाईंले आफ्नो आवश्यकता र बजेटसुहाउँदो फोन चयन गर्नुपर्छ। टिकाउ फोन किन्नका लागि केही कुरामा ध्यान दिन आवश्यक छ।

● सञ्चारसँगै गेम खेल्न, फोटोग्राफी र विभिन्न कामका लागि फोनको प्रयोग हुन्छ। तपाईंको मुख्य प्राथमिकता के हो ? त्यसबारे विचार गरेर सही फिचर र स्पेसिफिकेसन भएका फोन रोज्नुपर्छ।



● आइओएस र एन्ड्रोइड अपरेटिङ सिस्टममध्ये कुन चलाउन तपाईंलाई सहज हुन्छ, त्यसलाई पनि विचार गर्नुपर्ने हुन्छ। आइओएस अपरेटिङ सिस्टम भएका फोन तुलनात्मक रूपमा महँगो हुन्छन्। तर, एन्ड्रोइडमा मूल्यअनुसारका स्मार्टफोन पाइन्छन्।

● प्रोसेसर, च्याम, स्टोरेज क्षमता, क्यामेरा क्वालिटी, डिस्प्ले रिसोलुसन र ब्याट्रीबारे बुझ्नुपर्छ। यसले फोनको परफर्मेन्स निर्धारण गर्ने काम गर्छ।

● फरक ब्रान्डका मोबाइलका विशेषता र प्राथमिकता फरक हुन्छन्। त्यस्तै, उनीहरूले प्रदान गर्ने स्किम र वारेन्टी पनि फरक हुन सक्छ।

● मोबाइल फोनको गुणस्तरबारे इन्टरनेटमा पनि पर्याप्त जानकारी आइरहेका हुन्छन्। भरपर्दो साइटमा गएर तपाईंले मोबाइलबारे जानकारी लिन र त्यहाँ आएका रिभ्यु पढ्न सक्नुहुन्छ।

● यी कुरा ख्याल गर्दै तपाईंले निर्णय लिन सक्नुहुन्छ। तर, मोबाइल खरिद गर्नुअघि एकपटक आफैं एकपटक मज्जाले चलाएर चेकजाँच गर्न आवश्यक छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०२/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ २९ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कलैया, बारामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, (बारा) नेपालमा मिति २०७४/१२/१६ मा प्रा.फ.न.घ.बि. ६५९९/५१९/०७४/७५ कायम भई दर्ता रहेको बारा जिल्ला, सुवर्ण गा.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको **बजरंगवली ईट्टा उद्योग** (प्रोप्राईटर लखराज यादवको नाति, बालेश्वर प्रसाद यादवको छोरा, बारा जिल्ला, सुवर्ण गा.पा.वडा नं.२ बस्ने **सत्यपाल कुमार यादव**, ना.प्र.नं. १४६८५-३०९९-२६७२, जारी मिति २०५४/१२/०४, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लखराज यादवको नाति, बालेश्वर प्रसाद यादवको छोरा, बारा जिल्ला, सुवर्ण गा.पा.वडा नं.२ बस्ने **सत्यपाल कुमार यादव** (ना.प्र.नं. १४६८५-३०९९-२६७२, जारी मिति २०५४/१२/०४, जिल्ला प्रशासन कार्यालय बारा)।

२. बालेश्वर प्रसाद यादवको बुहारी, सत्यपाल कुमार यादवको पत्नी बारा जिल्ला, सुवर्ण गा.पा. वडा नं.२ बस्ने **अनिता देवि यादव** (ना.प्र.नं.३३३०२८/१८५०, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण:

१. **अनिता देवि यादव** को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, पथरा गा.वि.स./न.पा वडा नं. ९/क स्थित कित्ता नं. २५८, २६०, २५९, र २६२ को क्षेत्रफल क्रमश: ०-१०-१०-०, १-३-१०-०, ०-२-०-० र ०-६-१० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. धनि कुमारी बैंक लि.(साबिक एन.सि.सि बैंक लि.) र ऋणी **बजरंगवली ईट्टा उद्योग**को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता कायम च्यासिस नं. HAR3DXSUPO258O369 ईन्जिन नं. H00160851, सवारी नं. ना १ क ८४४५, को JCB Backho Loader, थान १।

२. ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारा, नेपालमा मिति २०७५/०७/०६ मा प्रा.फ.न.घ.बि. ७०३६/३५८/०७५/७६ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानिपुर गा.पा.वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **केदार पोल्ट्री फार्म** (प्रोप्राईटर महाविर साह तेलीको नाति, जगरनाथ तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा. वडा नं.८, स्थायी ठेगाना भई, हाल प्रसौनि गा.पा. वडा नं. १ बस्ने **केदार प्रसाद तेली**, ना.प्र.नं. १०९९/१६३४, जारी मिति २०४१/०३/०४, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. महाविर साह तेलीको नाति, जगरनाथ तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल प्रसौनि गा.पा. वडा नं. १ बस्ने **केदार प्रसाद तेली** (ना.प्र.नं. १०९९/१६३४, जारी मिति २०४१/०३/०४, जिल्ला प्रशासन कार्यालय बारा)।

२. जगरनाथ तेलीको बुहारी, केदार प्रसाद तेलीको पत्नी, बारा जिल्ला, खुटवाजब्दी गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **मायामति तेलीन** (ना.प्र.नं.१४१३/०८१८, जारी मिति २०४५/०२/२७, जिल्ला प्रशासन कार्यालय बारा)।

३. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **सुरज कुमार साह तेली** (ना.प्र.नं. १६९३/१६४५, जारी मिति २०६२/०८/१२, जिल्ला प्रशासन कार्यालय बारा)।

४. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **संदिप कुमार साह** (ना.प्र.नं. १५५०/१५०८, जारी मिति २०६०/१२/२६, जिल्ला प्रशासन कार्यालय बारा)।

५. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई बारा जिल्ला, हाल प्रसौनि गा.पा. वडा नं. १ बस्ने **विश्वजीत साह** (ना.प्र.नं. ३३३०७६/५७, जारी मिति २०७०/०२/१७, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण:

१. **केदार प्रसाद तेली**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नकटुवा गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कित्ता नं. ४२१ र ४१९ को क्षेत्रफल क्रमश: ०-३-१२-८ र ०-२-०-० (बिगाहा) जग्गा तथा बारा जिल्ला, खुटवाजब्दी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १२३ को क्षेत्रफल ०-२-१२-८ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० जेठ २८ गते** भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० जेठ २९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय कलैया, बारामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलैया, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० साल जेठ २९ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

विद्यालय शिक्षामा परिवर्तित प्रतिमान

परिवर्तित प्रतिमानले शिक्षा नीति र त्यसको कार्यान्वयनबीचको खाडल खोजी गरी त्यसलाई पुर्ने जुक्तिसमेत दिएको छ



● वीणा झा

अग्रलेख

प्रतिमान परिवर्तन (पाराडाइम सिफ्ट)को अवधारणा सर्वप्रथम थोमस कुहले सन् १९६२ मा आफ्नो पुस्तक 'द स्ट्रक्चर अफ साइन्टिफिक रिभोलुसन्स'मा उल्लेख गरेको भेटिन्छ। यसलाई व्यक्तिगत जीवन परिधिदेखि लिएर विश्व परिधिसम्म जोड्न सकिन्छ। प्रतिमान परिवर्तन भनेको नयाँ र फरक सोच्ने तरिका हो, जसले समाजमा कुनै विषयबारे स्थापित सोचमा आउने एउटा महत्त्वपूर्ण परिवर्तनलाई बुझाउँछ। यसले पुरानो सोच वा कार्यशैलीमा व्यापक परिवर्तन ल्याइदिन्छ। यो कुनै एउटा कारण र क्षणिक समयका लागि अचानक आउँदैन। यसका लागि लामो समय र विविध पक्षको भूमिका रहेको हुन्छ। शिक्षामा नयाँ सञ्चार र सूचना प्रविधिले पुरानो संरचना, सोच र कार्यशैलीलाई अप्रभावकारी बनाई त्यसको स्थानमा नयाँ सोच र कार्यशैलीप्रति स्वीकार्यता बढाउँदै त्यसलाई स्थापित गरेको देख्न सकिन्छ। स्मार्ट फोनले पढाइ बिग्रिन्छ भन्ने स्थापित सोचलाई कोरोनाकालको विषम परिस्थितिमा प्रतिस्थापित गरिदियो। कतिपय भौतिक सम्पन्नता हुँदाहुँदै पनि शिक्षण जीर्ण अवस्थामा पुगेका विद्यालयमा समयसापेक्ष प्रविधि तथा कार्यशैलीका साथै सिकाइ उपलब्धि मापक निर्धारण गर्दै सक्षम प्राचार्य तथा सीपयुक्त शिक्षक समूह मिली विद्यालयको कायापलट गरेका दृश्य पर्याप्त भेटिन्छन्। सामाजिक संगठनदेखि लिएर व्यक्तिको सोचमा आएको परिवर्तनले समाजको सोच, जीवनशैली, पेसागत प्रगति, संस्थागत संरचना र कार्यशैली इत्यादिमा ल्याएको परिवर्तन छर्लंग देखिन्छ। प्रतिमान परिवर्तनको जरा जहिले पनि संस्कृतिसँग जोडिएको हुन्छ। अर्थात् समाजको उत्पादन र वितरण प्रणालीसँगै दैनिक जीवन पद्धतिले यसलाई प्रभावित पार्ने गर्छ।

समाजमा स्थापित सोच्ने तरिकामा आउने एउटा यस्तो महत्त्वपूर्ण परिवर्तन, जसले कुनै विषयबारे सोच्ने वा गर्ने पुरानो तरिकालाई विस्थापित गर्छ भने त्यसलाई प्रतिमान परिवर्तन भनिन्छ। यसलाई हरेक क्षेत्रमा अनुभव गर्न सकिन्छ। जहाँसम्म शिक्षामा प्रतिमान परिवर्तनको कुरा गर्ने हो भने त्यहाँ थुप्रै परिवर्तन आइसकेको अवस्थालाई नकार्न सकिन्न जसले गर्दा पारम्परिक सिक्ने सिकाउने प्रक्रियामा ब्यापक परिवर्तन देखिन्छ। पहिले शिक्षककेन्द्रित सिकाइ हुन्थ्यो भने पछिल्लो समयमा आएर विद्यार्थीकेन्द्रित सिकाइ प्रक्रियाले स्थान लिएको देखिन्छ, जहाँ सिकारुको बढीभन्दा बढी सक्रिय सहभागिताको अपेक्षा गरिन्छ। शिक्षक अर्थात् सिकाउनेले प्रश्न सोध्ने र सिक्न बसेकाले उत्तर दिने पुरानो प्रक्रियालाई परिवर्तन गर्दै अहिले बढीभन्दा बढी प्रश्न विद्यार्थीले सोधून् भन्ने अपेक्षा गरिन्छ।

त्यसैगरी, जति बढी पुस्तक त्यति नै बढी ज्ञान भन्ने स्थापित प्रतिमान पनि परिवर्तित भएको देखिन्छ। किताबको संख्याभन्दा पनि सिक्ने प्रक्रियालाई सहज र समयानुकूल बनाउन तत्परता बढेको अवस्थामा सिक्ने सिकाउने प्रक्रियाबीच ठूलो हिस्सा अहिले सूचना प्रविधिले लिएको छ। शिक्षकले बढीभन्दा बढी अध्यन गर्दै ज्ञानका विविध स्रोतसँग जोडिन आवश्यक आधुनिक प्रविधिको उपयोग गरी सिकाइका बिबिध श्रोत, तरिका र पद्धति सिक्दै सहजीकरण गर्ने भूमिका निभाउँदा सिकाइ प्रभावकारी भएको विभिन्न अनुसन्धानमा भेटिन्छ। अर्थात्, सञ्चार तथा सूचना प्रविधिको उपलब्धताले शिक्षामा प्रतिमान परिवर्तन गरेको छ भन्दा अत्युक्ति नहोला।

सिकाइमा प्रयोग गरिने सामग्रीमा समेत व्यापक परिवर्तन आएको छ। अहिले बढीभन्दा बढी सञ्चार प्रविधिको प्रयोग भएको भेटिन्छ। कालो र सेतो पाटीको ठाउँमा 'इन्टरेक्टिभ' बोर्ड र सिक्ने स्रोतमा पनि व्यापक परिवर्तन देखिन्छ। अहिले विद्यार्थीहरू सिक्नका लागि सिर्फ कक्षा कोठाभित्र शिक्षकसँगको छलफलमा मात्रै निर्भर छैनन्। विविध अनलाइन माध्यम, सामाजिक सञ्जालदेखि अन्य स्रोतको सहज पहुँचले पनि सिक्ने प्रक्रिया र पद्धतिमा व्यापक परिवर्तन अनुभव गर्न सकिन्छ। त्यसैगरी, सिकाइ मापनका प्रक्रिया र पद्धतिमा पनि परिवर्तन आएको छ। केही घन्टाको लिखित जवाफका आधारमा सिकाइमा अब्बल घोषित गर्ने तरिकाको ठाउँमा अहिलेका विद्यार्थीको सर्वांगीण शिक्षाको अवधारणाअनुरूप निरन्तर सिकाइलाई मापन गर्ने पद्धति आत्मसात् गरिएको छ। त्यसैको परिणाम हो, अहिले विद्यालय तहको शिक्षामा सिक्दै कमाउँदै अभियानले व्यापकता पाएको छ।

यी सबै अवस्थालाई आत्मसात् गर्दै राज्यले समेत विद्यालय तहको शिक्षालाई व्यावहारिक र समयसापेक्षित बनाउने अभिप्रायले पाठ्यक्रममा व्यापक परिमार्जन गरेको छ। पछिल्लो छोटो समयमा विज्ञान तथा प्रविधिमा भएको बृहत् परिवर्तन र विश्वदेखि स्थानीय आवश्यकताबीच सन्तुलनलाई समेत मध्यनजर गर्दै बिद्यालय तहको शिक्षालाई तहगत संरचनाका साथै तहअनुरूपको पाठ्यक्रम, पाठ्यभार र निश्चित राष्ट्रिय उद्देश्यले निर्देशित गरेको छ। विश्वमा देखिएका नवीनतम परिवर्तन तथा नेपालको वर्तमान र भविष्यमुखी सामाजिक अपेक्षालाई दृष्टिगत गर्दै बालबालिकाको सर्वांगीण विकासका साथै एक सक्षम नागरिक बनाउने परिकल्पना गरिएको छ। विद्यालय शिक्षा भनेको जीवनको जग हाल्ने वेला हुने हुँदा त्यसमा किताबका विषयवस्तु सँगसँगै जीवनका लागि आवश्यक मुल्य-मान्यता, आत्मविश्वास र सिर्जनशीलतालाई प्राथमिकता दिने गरी विद्यालय शिक्षाकेन्द्रित गरिएको देखिन्छ। विद्यालयको अवस्थाबाहेक समाजको संरचना, सांस्कृतिक परिवेश तथा अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको विद्यालय तहको आधारभूत शिक्षालाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा तिनका शिक्षण पद्धति, विषयवस्तु र प्रक्रियामा आवश्यकताअनुसारको शिक्षण विधि र सिद्धान्त अपनाउनुपर्ने हुन्छ। परिवर्तित प्रतिमानअनुसार विद्यार्थीलाई विद्यालय तहदेखि नै ज्ञान खोज्ने, त्यसलाई बुझ्ने र बुझाउने, त्यसका आधारमा सिर्जना गर्ने, विभिन्न सूचकको प्रयोग गर्दै स्वमूल्यांकन गर्ने अवसर दिने र जीवनमा आवश्यक पर्ने सीप सिकाउने काम हुन थालेको छ। समूहमा मिलेर काम गर्ने, अरूको विचार बुझ्न खोज्ने र त्यसको कदर गर्ने, आवश्यक प्रविधि प्रयोग गर्ने, सहकार्यलाई प्रोत्साहन गर्ने र जवाफदेही बन्ने, आफ्ना समस्याको सही पहिचान गरी समाधान खोज्ने, नेतृत्व लिन अग्रसर हुने र आफूले हासिल गरेको ज्ञानलाई दैनिक जीवनमा आवश्यक सीपको सिकाइसँग जोड्दै सोच्ने शक्तिको विकास गर्ने।



> परिवर्तित प्रतिमानले विद्यालय शिक्षालाई जीवनको जग मानेको छ। जग कमजोर बन्यो भने त्यसमाथि निर्मित संरचना पनि कमजोर हुन्छन् भन्ने अवधारणा यसले आत्मसात् गरेको छ।

विद्यार्थीलाई ज्ञान भनेको पुस्तक पढाइको उत्पादित नतिजा मात्रै नभई यो एक निरन्तर प्रक्रिया हो भन्ने बुझाउन जरुरी छ। त्यसैगरी मानवता, इमानदारी, नम्रता, शिष्टता, विनयशीलता, संस्कार र शान्तिपूर्ण व्यवहार उनीहरूलाई सिकाउन सकियो भने सक्षम पुस्ता निर्माण गर्न सकिन्छ। जुन शिक्षाको राष्ट्रिय मूल उद्देश्य पनि हो। घरदेखि विद्यालय परिसरभित्रको वातावरणमा विद्यार्थीले नम्रता, शिष्टता, इमान्दारिता, लगनशीलता, सिर्जनशीलता आदि थाहै नपाई सिक्छन् जसलाई किताबको कुनै अभ्यासले सीमित गरी सिकाउन सम्भव छैन। परिवर्तित प्रतिमानले विद्यालयको शिक्षालाई जीवनको जग मानेको छ। जग कमजोर बन्यो भने त्यसमाथि निर्मित संरचना पनि कमजोर हुन्छन् भन्ने अवधारणा यसले आत्मसात् गरेको देखिन्छ। एकैपल्ट हालिने घरको जग पटक-पटक परिमार्जन गर्न सम्भव नभएजस्तै विद्यालय शिक्षा पनि हाम्रो जीवनको जग हुनाले पटक-पटक परिमार्जन गर्दै फेरबदल गर्न कठिन हुन्छ।

त्यसका साथै विद्यार्थीको 'सोसल र इमोसनल लर्निंङ'का लागि विद्यालयले कार्ययोजना बनाई बालबालिकामा सामाजिक तथा भावनात्मक विकासमा सहयोग हुने गरी विद्यालयको शैक्षिक रणनिति तथा कार्यक्रम निर्माण गरिनुपर्छ ता कि विद्यार्थीमा व्यावहारिक र भावनात्मक दुवै क्षमताको सन्तुलित विकास गर्न सकियोस्। शिक्षण सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न कक्षा सिकाइ क्रियाकलापमा आवश्यक सुधार गर्दै सामाजिक, विज्ञान, जीवनोपयोगी सीपजस्ता विषय एकीकृत गरी पठनपाठनको व्यवस्था मिलाउन आवश्यक पूर्वाधार निर्माण नगरी पुस्तक संख्या मात्र बढाए शिक्षाको उद्देश्य पूरा गर्न सकिन्न भन्ने सोच सम्बन्धित सबैमा आउनु जरुरी छ। राष्ट्रिय पाठ्यक्रमले विद्यार्थीमा सोचाइ सीप, वैयक्तिक सीप, अन्तरवैयक्तिक सीप, सूचना प्रविधि तथा बहुसाक्षरता सीप र नागरिक सीपको विकास गराउने परिकल्पना गरेको छ।

दुर्भाग्य नै भन्नुपर्छ अझै पनि बहुसंख्यक विद्यालयमा पुस्तक संख्याले ज्ञानको आकारलाई निर्धारित गर्न सक्छ भन्ने भ्रमले गर्दा कक्षा १ मा पनि तीनवटा अंग्रेजी विषयका किताब, दुईवटा नेपाली विषयका किताब, सरकारी र विद्यालयका गरी दुईवटा गणितका किताबका साथै सामान्य ज्ञान, नैतिक शिक्षाजस्ता विविध विषयका किताब बालबालिकालाई बोकाइरहेको भेटिन्छ, जहाँ न राज्यको निगरानी छ न त सम्बन्धित अभिभावक र समाजका बुद्धिजीवीकै चासो देखिन्छ।

अझै पनि गहिरिएर हेर्ने हो भने शिक्षा नीति र कक्षाकोठाको अभ्यासबीच सन्तुलित तालमेल भेटिन्न। पाठ्यक्रम र शिक्षाको राष्ट्रिय उद्देश्य हेर्दा निकै 'प्रोग्रेसिभ' देखिन्छ, तर विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था हेर्दा निराशाजनक अवस्था छ। पाठ्यक्रमको प्रस्तावनादेखि नै शब्द-शब्दमा शिक्षामा रूपान्तरण देखिन्छ। कक्षाकोठामा विद्यार्थीकेन्द्रित सिकाइ हुन्छ, विद्यार्थीले खोजी गर्छन्, शिक्षकले सहयोग गर्छन्, चुनौतीपूर्ण गृहकार्य दिन्छन् आदि इत्यादि। तर, केही अपवादबाहेक बहुसंख्यक विद्यालयमा त्यसको छनक कतै भेटिन्न। कक्षाकोठाको संरचनादेखि लिएर शिक्षण विधिसम्म यति पुराना छन् कि परिस्थितिमा परिवर्तन आए पनि मनस्थितिमा कहींकतै परिवर्तन देखिँदैन। उदाहरणका रूपमा कक्षा १ देखि ३ सम्म लागू गरिएको एकीकृत पाठ्यक्रमलाई लिन सकिन्छ। बहुसंख्यक विद्यालयको शैक्षिक नेतृत्व लिएर बसेका प्राचार्यहरूले एकीकृत पाठ्यक्रमको मर्म, विधि र तरिकाबारेको बुझाइमा आफू स्वयं नै स्पस्ट नभइदिँदा कक्षाकोठामा पुगुन्जेल ती सम्पूर्ण उद्देश्य हराउँछन्। शिक्षकले आवश्यक सामग्री नपढिदिने, बाह्य प्रशिक्षक नपाएसम्म सिक्न सकिन्न भन्ने सोचले ग्रस्त भइदिने, शिक्षक तालिममा संवेदनशीलताका साथ मिहीन अध्ययन नहुने, गहन अध्ययन गर्ने संस्कार बनाउन नसक्ने र सम्बन्धित सन्दर्भ-सामग्री खोज्ने जाँगर पटक्कै नराख्ने बानीले गर्दा विद्यालय शिक्षाको अवस्था दिनानुदिन क्षयीकरण हुँदै छ।

त्यसैले परिवर्तित प्रतिमानले शिक्षा नीति र त्यसको कार्यान्वयनबीचको खाडल खोजी गरी त्यसलाई पुर्ने जुक्तिसमेत दिएको छ। जसका लागि शिक्षासँग जोडिएका सम्बन्धित सम्पूर्णको भूमिका र जवाफदेहिता महत्त्वपूर्ण छ। राज्यदेखि स्थानीय तहसम्मको लगानी मात्रै नभई निगरानी पनि आवश्यक छ। विद्यालयको शैक्षिक वातावरण, सिकाइ संस्कृति, सिकाइ संस्कार र सम्बन्धित समाजको संस्कृतिसँग जोडिँदै विद्यालय शिक्षालाई अगाडि बढाउनुको विकल्प छैन। किनभने नयाँ पाठ्यक्रम पढ्ने, त्यसलाई बुझ्ने र पुरानो सोच्ने तरिका र कार्यशैलीमा परिमार्जन नगरी अब सम्भव छैन। यो सबैको एउटा मात्रै समाधान अहिलेको परिवर्तित प्रतिमानलाई आधार मान्दै विद्यालय शिक्षामा द्रुतगतिमा रूपान्तरण गर्नु नै हो।

(झा समाजशास्त्री हुन्)

---

३ प्रश्न

नेपाली कांग्रेसका केन्द्रीय सदस्य **नैनसिंह महर**लाई



कांग्रेसका भ्रातृ संस्थाले महाधिवेशनमार्फत नेतृत्व पाउन किन यति धेरै सकस भएको होला ?

भ्रातृ संस्थामार्फत खारिएको नेतृत्व जन्मने र त्यसबाट नेतृत्वलाई चुनौती थपिन सक्ने भयले नेतृत्वले पार्टीका भ्रातृ संस्थाको महाधिवेशनमा चासो नदिएको हो। साथै, पार्टीका भ्रातृ संस्थाका नेतृत्वले पनि विधानअनुसार संस्था चलाउनुको साटो पार्टी नेतृत्वको रापतापमा बस्ने र उसैको निर्देशनमा हिँड्ने गर्दा पनि यस्तो सकस भएको हो।

लोकतान्त्रिक पार्टीको नेतृत्व लोकतान्त्रिक विधि अनुसरण गर्नबाट किन भागिरहेको होला ?

विगतमा नेविसंघ या अन्य कुनै भ्रातृ संस्थाको नेतृत्व गरेका नेताहरू नै अहिले पार्टीका पदाधिकारी तथा कार्य सम्पादन समितिमा हुनुहुन्छ। केन्द्रीय समितिमा पनि अवस्था त्यस्तै छ। उहाँहरूले विगतमा आफू नेविसंघ या अन्य कुनै भ्रातृ संस्थामा हुँदा काम गर्न नपाएको, आफ्नो विरोध भएको या कुनै अप्ठ्यारो झेलेको कुण्ठाको परावर्तन अहिले भ्रातृ संस्थाहरूमाथि गराइरहनुभएको छ। भ्रातृ संस्था र पार्टी नेतृत्वमा बस्नेहरूले विधान कुल्चिनुको परिणाम हो यो।

पार्टीका भ्रातृ संस्थालाई लोकतान्त्रिक विधिबाट गति दिन के गर्नुपर्ला ?

लोकतान्त्रिक पार्टीमा कम्युनिस्ट पार्टीमा जस्तो केन्द्रीय कमिटीबाट भ्रातृ संस्थाको नेतृत्व सोझै घोषणा गर्न मिल्दैन। पार्टी नेतृत्वले भ्रातृ संस्थाको नेतृत्वलाई टीका लगाएर जान थाल्यो, महाधिवेशन गर्ने रुचि देखाएन भने पार्टीको लोकतान्त्रिक चरित्रमै प्रश्न उठ्छ। त्यसैले, नेतृत्वले आफूखुसी भ्रातृ संस्थाको नेतृत्वमा पजनी गर्ने विधि त्यागुपर्छ। महाधिवेशनमार्फत भ्रातृ संस्थाको नेतृत्व चयन गर्न सकियो भने १० हजारभन्दा बढी नेता कार्यकर्ताको व्यवस्थापन हुन सक्छ।

प्रेरक प्रसंग

जस्तो आफू त्यस्तै संसार

गुरु द्रोणको आश्रममा पाण्डव र कौरव शिष्यहरूले शस्त्रविद्यामा राम्रै प्रगति गरिरहेका थिए। गुरु पनि प्रसन्न थिए। उनी आफ्ना शिष्यहरूको योग्यता जाँच्न अनेक परीक्षा लिन्थे।

एक दिन गुरु द्रोणाचार्यले शिष्यको परीक्षा लिने विचार गरे। उनले दुर्योधनलाई बोलाएर भने- दुर्योधन, तिमी नजिकको गाउँबाट एकजना असल मान्छे खोजेर ल्याऊ।

'हवस् गुरुदेव' भन्दै दुर्योधन निस्किए। केही दिनपछि उनी एक्लै आश्रममा फर्किए। गुरुको अगाडि हात जोडेर उनले भने- गुरुदेव, मैले धेरै गाउँ र सहरको भ्रमण गरेँ। तर, कुनै असल मानिस भेट्न सकिनँ।

ठीकै छ, तिमी दुःखी नबन भन्दै गुरुले युधिष्ठिरलाई बोलाए। उनले भने- युधिष्ठिर, तिमी आसपासको गाउँमा जाऊ र एकजना खराब मानिस खोजेर ल्याऊ।

'हवस् गुरुदेव' भनेर बाटो लागे।

केही दिनपछि उनी पनि एक्लै आश्रममा फर्किए। गुरुले सोधे- युधिष्ठिर, तिमीले मैले भनेअनुसार खराब मानिस ल्यायौ त ?



हात जोडेर युधिष्ठिरले भने- गुरुदेव, मैले सबैतिर खराब मान्छे खोजेँ, तर त्यस्तो मान्छे कतै पनि पाइनँ। सबै राम्रैराम्रा मान्छे मात्र भेटिए।

युधिष्ठिरको कुरा सुनेर सबै शिष्यले सोधे- गुरुदेव, दुर्योधनले कोही पनि असल मान्छे भेटेनन् भने युधिष्ठिरले खराब मानिस भेटेनन्। यो कसरी सम्भव भयो ?

मुसुक्क मुस्कुराउँदै द्रोणले भने- यो सब आ-आफ्नो दृष्टिको प्रभाव हो। फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भनेको यही हो।

टिप्पणी nayapatrikaofficial @naya_patrika

बसपार्क सुधारको प्रयास

'पिक एन्ड ड्रप' शैलीमा नयाँ बसपार्क जानु, पार्किङका लागि अर्को ठाउँमा बसपार्क बनाउने योजना ल्याइनुलाई यातायात व्यवस्थामा भएका सुधारकै क्रमसँग जोड्न सकिन्छ। उपत्यकामा चल्ने स्थानीय रुटका सवारीसाधन हजारौंको संख्यामा छन्। ती बस रुटका बस स्टपमा पर्खेर आफ्नो गन्तव्यमा पुग्न कुन बस चढ्नुपर्ला भन्ने अलमल आममानिसलाई परिरहेकै हुन्छ। फलानो नम्बरको बसको रुट र त्यसका स्टप यी-यी हुन् भनेर यात्रुले थाहा पाउन सक्ने गरी अन्यत्र मुलुकमा देखिनेजस्तै बस नम्बरको व्यवस्था हुन जरुरी भइसकेको छ। यस सम्बन्धमा महानगरपालिकालगायत सम्बन्धित सबै पक्षको ध्यान पुगोस्।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

कहिले मिल्छ भागबन्डा ?

दलहरूबीच संसदीय समितिका सभापति पदमा भागबन्डा मिल्न नसक्दा समितिले निर्वाचन सकिएको ६ महिनाभन्दा बढी समय बितिसक्दा पनि सभापति पाउन सकेका छैनन्। के संसदीय समिति दलहरूको पुर्ख्यौली सम्पत्ति हो ? होइन भने केको भागबन्डा त ? खुरुक्क गोप्य मतदान गरेर सभापति छाने भइहाल्यो नि। लोकतान्त्रिक देशमा लोकतान्त्रिक परिपाटी अपनाउँदा लोकतान्त्रिक भनिने दलहरूलाई पनि आपत्ति नहुनुपर्ने हो। त्यसैले, अब खुरुक्क निर्वाचन गर र समितिका सभापति चयन गर।

● **गोविन्द वैद्य**
सामाखुसी, काठमाडौं

ठगहरू उम्किन नपाऊन्

'वैदेशिक रोजगारका नाममा मौलाउँदो ठगी, वैदेशिक रोजगार विभागमा २२ महिनामा १५१६ र प्रहरीमा ४६ महिनामा ३८८ उजुरी, डेढ अर्ब ठगी' शीर्षकको मुख्य समाचार पढ्दा दुःख लाग्यो। देशमा रोजगारी अभाव भएपछि दलालाई पैसा बुझाएर बिदेसिने सपना देख्ने या बिदेसिने नेपाली पाइलैपाइलामा ठिँगिँदै आएका छन्। तैपनि, राज्यले तिनलाई न्याय दिलाउन र ठगहरूलाई पक्राउ गरेर सजाय दिन सकिरहेको छैन। राज्यले त्यस्ता ठगलाई पक्राउ गरेर पीडितलाई न्याय दिलाउने कहिले ?

● **अर्चना विक**
पुल्चोक, ललितपुर

सहयोगका लागि अपिल

मेरी ११ वर्षीया छोरी अर्चना पासवानको विगत डेढ माहिनादेखि वीरगन्जका विभिन्न अस्पतालमा धाउँदाधाउँदै रोग पत्ता नलागेपछि हाल काठमाडौंको कान्ति बाल अस्पतालमा उपचार भइरहेको छ। चिकित्सकले हालसम्म रोग पत्ता लगाइसकेका छैनन्। अझै कति समय लाग्ने हो, टुंगो छैन। मेरो परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएका कारण छोरीको थप उपचार गराउन नसक्ने पीडाले गर्दा म छटपटिइरहेको छु। थोपाथोपा मिलेर समुद्र बन्छ भनेजस्तै मनकारी दाताहरूले आफ्नो इच्छाअनुसार आर्थिक सहयोग गरिदिनुभएमा मेरी छोरीलाई बचाउन सकिने थियो। त्यसैले ठूलो आशाका साथ देश-विदेशमा बस्नुभएका दाजुभाइ तथा दिदीबहिनीसँग आर्थिक सहयोगका लागि हार्दिक अपिल गर्दछु।



मेरो आफ्नो बैंक खातासमेत छैन। त्यसैले, मेरी छोरीलाई सहयोग गर्न चाहनुहुने दाताहरूले मेरा मित्र निरञ्जनप्रसाद मैनालीको प्रभु बैंकको ललितपुर शाखामा रहेको खाता नं. ०२७००९६७७१६०००१८ मा रकम जम्मा गरेर सहयोग गर्न अनुरोध गर्दछु। फोनमा सम्पर्क गर्न चाहनुहुने महानुभावले मित्र निरञ्जनप्रसाद मैनालीको ९८४५६४६५६३ र मेरो ९८४०१०२१८५ नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ।

● **लक्ष्मी पासवान**, पिता
कोल्हबी– २, हनुमानगन्ज, बारा

भारतको नयाँ संसद् भवनमा बढेका कुर्सीको अर्थ

भाजपाका चुनावी रणनीतिकार अमित शाह पार्टीलाई सत्तामा टिकाइराख्न जनगणना र संसदीय क्षेत्र निर्धारणको महत्त्वबारे जानकार छन्



देश / विदेश

● श्रीनिवास कोडली

गत आइतबार २८ मेका दिन प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेको नयाँ संसद् मा हरेक विपक्षी नेताले अखण्ड भारतको कल्पनासहितको नयाँ भारतको विचारमाथि प्रश्न उठाएका छन्। भारतीय जनता पार्टी (भाजपा)का प्रत्येक मतदाताका लागि मोदीले औपनिवेशिक इतिहासका प्रतीकलाई भारतीय सत्ताको प्रतीकका रूपमा प्रतिस्थापन गरिरहेका छन्। नयाँ संसद् भवनले यो सत्तालाई इंगित गर्छ। नयाँ भवनमा लोकसभा र राज्यसभा सांसदका कुर्सी बढाएर क्रमशः आठ सय ८८ र तीन सय ८४ पुऱ्याइएको छ। यी बढाइएका कुर्सीले सन् २०२६ पछि हुने संसदीय क्षेत्र निर्धारण प्रक्रियामा जनगणनाको भूमिकालाई उजागर गर्छ।

केन्द्रीय गृहमन्त्री तथा भाजपा नेता अमित शाहले सन् २०१९ मा भाजपा ५० वर्षसम्म सत्तामा रहने दाबी गरेका थिए। भाजपाका चुनावी रणनीतिकार अथवा भाजपाको 'चाणक्य' भनेर चिनिने शाह पार्टीलाई सत्तामा टिकाइराख्न जनगणना र संसदीय क्षेत्र निर्धारण प्रक्रियाको महत्त्वबारे जानकार छन्। धारा ३७० लाई खारेज गरेपछि कश्मिरको संसदीय क्षेत्र निर्धारण र पुनर्गठनले भाजपा सत्तामा नियन्त्रण गर्न केसम्म गर्न सक्षम छ भन्ने देखाउँछ। सन् २००८ को संसदीय क्षेत्र निर्धारण प्रक्रिया पूर्वोत्तर क्षेत्रका आदिवासी समुदायले प्रतिनिधित्व गुमाएपछि धेरै विवादास्पद भएको थियो। सन् २०२० मा सरकारले पूर्वोत्तर राज्यका लागि गठन गरेको नयाँ संसदीय क्षेत्र निर्धारण आयोग पनि अस्थायी रूपमा रोकिएको छ।

यदि अहिलेसम्म हुन नसकेको सन् २०२१ को जनगणना हुन्छ भने यो जनगणना भारतको इतिहासको सबैभन्दा महत्त्वपूर्ण अभ्यासमध्ये एक हुनेछ। जनगणनाको तथ्यांकले निर्वाचन क्षेत्रको पुनः सीमांकन कसरी हुन्छ भन्ने निर्धारण गर्नेछ। यो अभ्यासले संसद् मा प्रतिनिधित्वको अवस्था नै फेरिदिन सक्छ। राजनीतिक विज्ञका अनुसार यो कुनै असामान्य विषय होइन। गुजरातमा मोदी र शाहको नेतृत्वमा भएको संसदीय क्षेत्र निर्धारणले विपक्षी राजनीतिक दललाई चोट पुऱ्याउँदै भाजपालाई लाभ पुऱ्याएको थियो।

जनगणनाको अप्रशोधित तथ्यांक सधैं गोप्य हुन्छ र यो गृह मन्त्रालयअन्तर्गतको जनगणना आयुक्तको अधीनमा रहन्छ। सन् १९४८ को जनगणना ऐनले अप्रशोधित जनगणनाको जानकारी कसैसँग साझेदारी नगर्ने सुनिश्चित गरेर नागरिकलाई सुरक्षित गरेको छ। त्यसकारण जनगणनाको सट्टा 'नेसनल पपुलेसन रजिस्टर'ले सम्पूर्ण सूचनायुक्त '३६०- डिग्री प्रोफाइलिङ डाटाबेस' बनाउनेछ। यो डाटाबेसमा पहुँच पाउने राष्ट्रिय राजनीतिक दलले संसदीय क्षेत्र निर्धारण प्रक्रियालाई प्रभावित पारेर संसदीय क्षेत्रको रूपरेखा नै परिवर्तन गर्न सक्छ।

तसर्थ, सन् २०२१ को जनगणना प्रक्रियामा संकलित तथ्यांकलाई न्यूनीकरण गर्दै यी तथ्यांकको सुरक्षा हुनुपर्छ। राष्ट्रिय जनसंख्या दर्ता र जन्म एवं मृत्युदर्ता ऐन १९६९ मा हुने आगामी संशोधनले ३६०- डिग्री प्रोफाइल डाटाबेस निर्माणलाई प्रोत्साहन गर्नेछ। सूचना सुरक्षा र जनगणनाका यी मुद्दा भारतका लागि नौला होइनन्। अमेरिकी जनगणना ब्युरोले समेत जनसंख्याको गोपनीयता र जनगणनाको लोकतान्त्रिक प्रभावको रक्षा गर्न गणितीय विकल्पका रूपमा विभेदक (डिफरेन्सियल) गोपनीयतातर्फ सोचिरहेको छ।

निर्वाचन क्षेत्र पुनर्निर्धारणमा हुने छेडखानीका मामिलामा अमेरिका एक उपयुक्त उदाहरण हो, जहाँ छेडखानी 'जेरिमेन्डरिङ' प्रक्रियाबाट गरिन्छ। यस्तो छेडखानीबाट मुख्यतः रिपब्लिकन पार्टीलाई मात्र लाभ पुगेको छ। यदि संसदीय क्षेत्र निर्धारण प्रक्रिया सुरु हुन्छ भने संसदीय क्षेत्रको भौगोलिक सीमा राजनीतिक दलको मतदाता र मतदान ढाँचाको विवरण संकलन गर्ने क्षमताले निर्धारण गर्न सक्छ। भौगोलिक रूपमा जनसंख्या र यसको विवरण पहिचान गर्ने काम अब भारतीय राज्यले विभिन्न क्षेत्रमा कृषि, भूमि व्यवस्थापन, सहरी कर र अन्य आर्थिक माध्यमबाट गरिरहेको छ। भारत सरकारले घरधुरी हेर्न ड्रोन नक्साको प्रयोग गरिरहेको छ र यसरी आएको तथ्यांकलाई राजनीतिक दलले चुनावी छेडखानीका लागि प्रयोग गर्न सक्छन्।



तस्बिर : डिडी न्युज/ट्विटर

मैले सूचना सुरक्षाको आवश्यकताबारे कुरा गर्दा सन् २०२१ को जनगणनामा जनसंख्याको गोपनीयता मात्र नभई तथ्यांकीय शुद्धतामा पनि जोड दिइरहेको छु। जनगणनाले जनसंख्या निर्धारण मात्र गर्ने नभई यसले मतदाताको हिसाब पनि गरिरहेको छ। त्रुटियुक्त तथ्यांकले अल्पसंख्यक जनसंख्याको अधिकार खोस्न सक्छ। स्मरण रहोस्, अधिकार खोस्ने योजना कश्मिर र पूर्वोत्तर राज्यमा बनाइएको थियो। त्यसैगरी, राज्यले पाएको कुनै पनि जानकारी यदि जनसंख्यासँग साझा गरिएको छैन भने नागरिक र राज्यबीचको जानकारी असमानता सिर्जना हुन्छ।

संसदीय क्षेत्र निर्धारणजस्ता भावी अभ्यास पेचिलो राजनीतिक प्रक्रिया हुनेछ जसले विभिन्न जनसंख्या समूहबाट नकारात्मक प्रतिक्रिया निम्त्याउन सक्छ। तर, जनगणना एउटा समस्या हो जुन हाम्रो ढोकामा आइपुगेको छ र यसको प्रशासनिक प्रक्रियामा जवाफदेहिताको कमीले विभिन्न जनसंख्या समूहको भाग्य निर्धारण गर्नेछ। नागरिक समाजको एक महत्त्वपूर्ण तप्काले एनआरसीमार्फत जनगणना र नागरिकता अभ्यासको विरोध गरेका भए पनि सन् २०२१ जनगणनाका सूचना अभ्यास निर्धारण गर्ने हाम्रो क्षमताको कमी लोकतन्त्रका लागि धेरै महँगो साबित हुन सक्छ।

सन् २०२१ को जनगणना नभइरहेको अवस्थामा गृह मन्त्रालयले अनलाइन अभ्यास गरिरहेको छ, जहाँ नागरिक आफैंले आफ्नो जानकारी अद्यावधिक गरिरहेका छन्। जन्म र मृत्युदर्ता, सामाजिक सुरक्षाका अभिलेख, आधार मतदाता परिचयपत्र 'लिंकिङ' र निगरानीका लागि 'नेटग्रिड' निर्माणको समानान्तर अभ्यासले घर-घर नधाएर पनि सरकारलाई जनगणना गर्ने सुविधा दिएको छ। यदि यो तथ्यांक संकलन मात्रै हुन्थ्यो भने सरकारले बाध्यकारी रूपमा यसमा नागरिकलाई सहभागी गराउने थिएन।

(कोडली तथ्यांकसम्बन्धी स्वतन्त्र अनुसन्धाता हुन्)
द वायरबाट

जनसांख्यिकीय अधोगतिको मार्गमा विश्व

विश्वका अधिकांश भागमा प्रजननदर घट्दै

अफ्रिकाबाहेक बाँकी विश्वको जनसंख्या सन् २०५० को दशकमा शिखरमा पुग्ने र शताब्दीको अन्तिममा पुग्दा अहिलेको भन्दा कम हुने अनुमान



औद्योगिक क्रान्तियताका २५० वर्षमा विश्वको सम्पत्ति जसरी वृद्धि भएको छ जनसंख्या पनि उसैगरी विस्फोटक बन्यो । तर, यो शताब्दी समाप्त सकिनुअगावै 'ब्ल्याक डेथ'पश्चात् पहिलोपटक पृथ्वीमा मानिसको संख्या घट्न सक्छ । यसको मूल कारण मृत्युमा वृद्धि होइन, जन्मदरमा आइरहेको कमी हो । विश्वका अधिकांश भागमा प्रजननदर अर्थात् प्रतिमहिला औसत प्रजननको संख्या घट्दै गएको छ । यो प्रवृत्ति नौलो नहोला, तर यसका दायरा र परिणाम अकल्पनीय हुन सक्छन् । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले केही आशा देखाएको भए पनि विश्व अर्थव्यवस्थाको शिरमा न्यून प्रजननदरको तरबार झुन्डिएको देख्न सकिन्छ ।

सन् २००० मा विश्वको प्रजननदर प्रतिमहिला २.७ (शिशु)को थियो, जुन जनसंख्यालाई स्थिर राख्न चाहिने जनसंख्याको प्रतिस्थापन दर २.१ भन्दा माथि हो । आज यो दर २.३ को घट्दो क्रममा छ । कुल गार्हस्थ्य उत्पादनका हिसाबले विश्वका सबैभन्दा ठूला १५ देशमा प्रजननदर प्रतिस्थापन दरभन्दा न्यून छ । यो मार्गमा अमेरिका र अधिकांश धनी देश मात्रै होइन, चीन र भारत पनि सामेल छन् । चीन र भारत धनी मुलुक त होइनन्, तर यी दुई मुलुकले संयुक्त रूपमा विश्वजनसंख्याको एकतिहाइभन्दा बढी हिस्सा ओगट्छन् ।

परिणामतः संसारका अधिकांश भागमा नानीहरूको पैतालाको होइन, बूढाबूढीको लौरोको टकटक आवाज बढी सुन्न थालिएको छ । बुढ्यौलीले ग्रस्त देशहरूको प्रमुख उदाहरण अब जापान र इटाली मात्र होइन ब्राजिल, मेक्सिको र थाइल्यान्डसमेत भएका छन् । सन् २०३० सम्ममा पूर्वी र दक्षिण-पूर्वी एसियाको आधाभन्दा बढी जनसंख्या ४० वर्षभन्दा माथिको हुनेछ । जब बूढाबूढीको मृत्यु हुन्छ र तिनलाई नवजातहरूले पूर्ण रूपमा प्रतिस्थापन गर्दैनन् भने जनसंख्या खुम्चिने सम्भावना हुन्छ । अफ्रिकाबाहेक बाँकी विश्वको जनसंख्या सन् २०५० को दशकमा शिखरमा पुग्ने र शताब्दीको अन्तिममा पुग्दा उनीहरूको जनसंख्या अहिलेको भन्दा कम हुने अनुमान गरिएको छ । अफ्रिकामा पनि प्रजननदर तीव्रगतिमा घटिरहेको छ ।

वातावरणविद्हरूले जेसुकै भनुन्, घट्दो जनसंख्याले समस्या निम्त्याउँछ नै । युवा जनसंख्यामा कमीका कारण उत्पन्न हुने आर्थिक कठिनाइबाट विश्व धेरै टाढा छैन । के कुरा स्पष्ट छ भने, विश्वका पेन्सनजीविहरूलाई सहयोग गर्न कठिन हुँदै गइरहेको छ । सेवानिवृत्तहरू कामकाजी उमेरसमूहको आयमा निर्भर रहने हुन् चाहे त्यो राज्यमार्फत होस् वा अन्य कुनै तरिकाले । तर, धनी विश्वमा अहिले ६५ वर्षभन्दा माथिका एकबराबर २० देखि ६४ वर्ष उमेर समूहका तीनजना छन् । सन् २०५० सम्ममा यो दर दुईजनाभन्दा कमको हुनेछ । यसको नतिजा उच्च कर, सेवानिवृत्तिमा ढिलाइ, बचतकर्ताको वास्तविक प्रतिफलमा कमी र सम्भवतः, सरकारी बजेट संकट हुन सक्छन् । प्रजनन ह्रासबाट उत्पन्न हुने एक मात्र समस्या भनेको पेन्सनजीवि-कामकाजी उमेर समूहको अनुपातमा कमी नै हो । युवाहरूलाई मनोवैज्ञानिक 'फ्लुयड इन्टेलिजेन्सी' भन्छन्, अर्थात् उनीहरू रचनात्मक रूपमा सोच्न सक्छन् ताकि समस्यालाई पूर्णरूपमा नयाँ तरिकामा समाधान गर्न सकियोस् ।

युवा गतिशीलताले वृद्ध कामदारहरूको सञ्चित ज्ञानलाई परिपूरण गर्छ । यसले परिवर्तन पनि ल्याउँछ । युवा आविष्कारकहरूले दर्ज गरेका पेटेन्टहरूको नवप्रवर्तन तुलनात्मक रूपमा धेरै हुन्छ । वृद्ध बन्दै गएका देशमा कम उद्यमशील हुन्छन् र जोखिम मोल्न पनि सहज मान्दैनन् । बूढापाका मतदाताले राजनीतिलाई पनि गतिहीन बनाउँछन् । अर्थतन्त्र बढ्दा युवाको तुलनामा वृद्धलाई कम फाइदा हुने भएकाले उनीहरू विकासोन्मुख नीति, विशेष गरी भौतिक निर्माणप्रति कम उत्सुक देखिने गरेका छन् । बूढो बन्दै गएका समाजमा रचनात्मक विनाशको सम्भावना पनि बिरलै हुन्छ । यसले उत्पादकत्व वृद्धिलाई यसरी दबाउँछ कि जसले गर्दा एउटा ठूलो अवसर नै गुम्न पुग्छ ।

सबै कुरा विचार गर्दा प्रजननदरमा आइरहेको कमी अहिलेको समाधान गर्नैपर्ने संकट भएको देखिन्छ । तथापि, यसका थुप्रै परिणाम आफैंमा स्वागतयोग्य छन् । जस्तो कि मानिस धनी हुँदै जाँदा तिनले कम बच्चा जन्माउन थालेका छन् । आज तिनीहरूले काम र परिवारमा सम्झौता गर्नुपर्ने स्थितिको सामना गरिरहेका छन् र ती सम्झौता अधिकतर राम्रा नै छन् । यसकारण, प्रजनन क्षमतामा कमी समाजको असफलताको संकेत भएकाले परम्परागत पारिवारिक मूल्य-मान्यतामा फर्कन आह्वान गर्ने पपुलिस्ट रूढीवादी गलत छन् । अरूका लागि बच्चा हुर्काउने कर्तव्य कसैको पनि हुँदैन । यसको तुलनामा अधिक आप्रवासनलाई प्रोत्साहित गर्ने उदारवादीहरूको सोच अधिक सही लाग्छ । तर, यो पनि गलत निदान नै हो । धनी विश्वमा आप्रवासनको रेकर्ड आज उच्चस्तरमा छ । यसबाट स्रोत देशहरूले कामदारको कमी साक्षात्कार गर्नुपर्ने हुन सक्छ । तर, प्रजनन क्षमतामा विश्वव्यापी गिरावटको अर्थ कुनै ठूले बदलाव नभए यो शताब्दीको मध्यसम्ममा विश्वले युवा शिक्षित कामदारहरूको अभावको सामना गर्नुपर्नेछ भन्ने नै हो ।

त्यो ठूलो बदलाव के हुन सक्छ त ? मानिस अक्सर सर्वेक्षणकर्तालाई आफूहरूलाई आफूसँग भएको भन्दा धेरै बच्चा चाहिएको बताउँछन् । तर, उनीहरूको चाहना र वास्तविकताबीच खाडल देखिन्छ । धेरै बच्चाको लालनपालन गर्न नसक्ने स्थिति वा आवासको अभाव एवं अपर्याप्त प्रजनन उपचारजस्ता नीतिगत असफलता यसका आंशिक कारण हुन सक्छन् । मानौं यी समस्या समाधान भएछन् नै भने पनि आर्थिक विकासले प्रजननदरलाई प्रतिस्थापन दरभन्दा कम बनाउँदै लाने सम्भावना अझै छ । घरपरिवारलाई सघाउने नीतिको रेकर्ड निराशाजनक छ । सिंगापुरले भव्य अनुदान दिन्छ, कर छुट र बाल हेरचाह अनुदानसमेत प्रदान गर्छ र पनि उसको प्रजननदर १.० को रहेको छ ।

> सन् २००० मा विश्वको प्रजननदर प्रतिमहिला २.७ (शिशु)को थियो, जुन जनसंख्यालाई स्थिर राख्न चाहिने जनसंख्याको प्रतिस्थापन दर २.१ भन्दा माथि हो । आज यो दर २.३ को घट्दो क्रममा छ । कुल गार्हस्थ्य उत्पादनका हिसाबले विश्वका सबैभन्दा ठूला १५ देशमा प्रजननदर प्रतिस्थापन दरभन्दा न्यून छ ।

संसारका विपन्न देशहरूको क्षमतालाई उजागर गर्ने हो भने प्रजननदर नबढाई पनि शिक्षित युवा कामदारहरूको अभावलाई कम गर्न सकिन्छ । दुईतिहाइ चिनियाँ केटाकेटी अहिले पनि ग्रामीण इलाकामा बस्छन् र तिनले अभावग्रस्त स्कुलमा पढ्नुपर्छ । भारतमा पनि चीनकै दरमा २५ देखि ३४ वर्ष उमेर समूहका युवाले उच्च शिक्षा पूरा गर्दैनन् । अफ्रिकामा अझै दशकौंसम्म युवाको जनसंख्या बढ्दै नै जानेछ । उनीहरूको सीप बढाउनु वाञ्छनीय हुन्छ । वृद्धि रोकिएका अर्थव्यवस्था (मूलतः समृद्ध अर्थतन्त्र)मा युवा आप्रवासीलाई नवप्रवर्तनका रूपमा प्रक्षेपित गर्न सकिन्छ । तैपनि, विकासलाई प्रोत्साहित गर्न गाह्रो छ । किनकि ती स्थान जति चाँडो धनी हुन्छन्, त्यति नै चाँडो बूढो पनि हुनेछन् ।

यसकारण अन्ततः विश्वले थोरै युवाबाटै काम चलाउनु पर्नेछ । र, जनसंख्यामा संकुचनको सामना गर्नुपर्नेछ । यो कुरालाई ध्यानमा राख्दा, एआईमा हालैको प्रगति राम्रो समयमा आएको मान्न सकिन्छ । एआई-इन्फ्युज्ड अर्थ-व्यवस्थाबाट सेवानिवृत्त व्यक्तिहरूको ठूलो संख्यालाई सहयोग गर्न सकिनेछ । एआईले समास्या समाधानका उपाय खोज्नमा मानव बुद्धिको आवश्यकतालाई कम गर्न सक्छ । रोबोटिक्सको सहायतामा एआईले वृद्धवृद्धाहरूको हेरचाहलाई कम श्रमप्रधान बनाउन योगदान गर्न सक्छ । यस्ता आविष्कार निश्चित रूपमा उच्च मागयुक्त हुनेछन् । यदि टेक्नोलोजीले मानवतालाई बेबी बस्ट(न्यून जन्मदर)का कारण सिर्जित समस्यामाथि विजय प्राप्त गर्न अनुमति दियो भने, यो ऐतिहासिक ढाँचा लायकको हुनेछ । उत्पादकत्वमा अनपेक्षित वृद्धिको अर्थ १८औं शताब्दीमा थोमस माल्थसले भविष्यवाणी गरेको सामूहिक भोकमरीजस्ता जनसांख्यिकीय बम विस्फोट हुनेछैनन् भन्ने नै हो । बच्चा कम जन्मिनुको मतलब कम मानव प्रतिभा पनि हो । तर, यो समस्यालाई मानव प्रतिभाले समाधान गर्न सक्छ ।

- द इकोनोमिस्ट

भारतीय माओवादीका नेताको निधन

एजेन्सी / भारतमा सशस्त्र द्वन्द्व गरिरहेको भारतीय कम्युनिस्ट पार्टी(माओवादी)का नेता कट्टम सुदर्शनको निधन भएको छ । प्रतिबन्धित भाकपा(माओवादी)का पोलिटब्युरोका सदस्य सुदर्शन पार्टीभित्र 'कमरेड आनन्द' नामले चिनिन्थे । सुदर्शनको छत्तीसगढ राज्यको एक घना जंगलमा हृदयाघातका कारण निधन भएको पार्टीका प्रवक्ता अभयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सुदर्शनमाथि एक करोड ५५ भारु इनाम तोकिएको थियो । भारतमा विभिन्न स्थानमा भएका माओवादी हमलामा उनको संलग्नता रहेको आरोप छ ।

६६ वर्षीय सुदर्शन विगत केही वर्षदेखि फोक्सो, मधुमेह र रक्तचापसम्बन्धी समस्याबाट पीडित थिए । उनी नक्सलबाडी र श्रीकाकुलम आन्दोलनपछि भारतमा उदाएका पहिलो पुस्ताका क्रान्तिकारी नेता थिए । तेलंगना राज्यको बेलमपल्लीमा एक मजदुर परिवारमा जन्मिएका सुदर्शन युवावस्थादेखि नै माओवादी आन्दोलनमा सक्रिय थिए । सुदर्शनले झन्डै पाँच दशक भारतका विभिन्न भागमा माओवादी पार्टीको संगठन निर्माण गर्ने र विस्तार गर्न महत्वपूर्ण भूमिका खेले ।



खानी विज्ञानमा डिप्लोमा पढ्दै गर्दा उनी क्रान्तिकारी आन्दोलनमा होमिएका थिए । यही प्रभावले उनले विद्यार्थीकालमै क्रान्तिकारी विद्यार्थी युनियन गठनमा मुख्य भूमिका निभाए । पछि उनी बेलमपल्लीमा पार्टी एकाइमा सामेल भए । विद्यार्थी आन्दोलनपछि उनी कोइलाखानी मजदुर आन्दोलनमा जोडिए र समयक्रममा माओवादी पार्टीको सदस्य बने । सन् १९७८ देखि भने उनी लक्सेटिपेट र जन्नाराम क्षेत्रमा माओवादी पार्टी संगठनको प्रमुखका रूपमा काम गर्न थालेका थिए । सन् १९८७ सम्ममा उनी दण्डकारण्य वन समितिमा प्रवेश गरिसकेका थिए । सन् १९९५ मा उनको काँधमा 'उत्तर क्षेत्र विशेष क्षेत्रीय समिति' सचिवको जिम्मेवारी आयो ।

सुदर्शन पार्टीका कार्यकर्ता, नेता, जनमुक्ति सेना, कमान्डर र सम्पूर्ण क्रान्तिकारी समुदायका लागि ठूलो प्रेरणा रहेको पार्टीले जनाएको छ । उनी विभिन्न समयमा क्रान्ति, एरा जेन्डा, पिपुल्स वार र पिपुल्स मार्चलगायत पत्रिकाको सम्पादक रहेका थिए । माओवादी पार्टीले जनता र आफ्ना कार्यकर्तालाई भारतभर सुदर्शनको सम्झनामा स्मृतिसभा गर्न आह्वान गरेको छ ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: कोहलपुर, बाँके फोन: ०८१-५४१५३२ को शाखा कार्यालय: बेनी, म्याग्दी फोन: ०६१-५६१०८१

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जेजस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: कोहलपुर, बाँके

१. ऋणीको विवरण

आनन्द गुप्ताको बुहारी, पंकज कुमार गुप्ताको पत्नी, बाँके जिल्ला, साबिक नेपालगञ्ज न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **ईश्वरी अधिकारी (ना.प्र.प.नं. ६६-०१-६२-०२४४२, बाँके)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेको कार्यालयमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७७/०२/०२ मा प्रा.फ.र.नं. ३३३६२/०७७/०७८ कायम भई दर्ता भएको बाँके जिल्ला, कोहलपुर नगरपालिका वडा नं. ११, न्यूरोड स्थित **चूनिक मोबाईल एण्ड एसेसरिज** **प्रोप्राईटर ईश्वरी अधिकारी**

व्यक्तिगत जमानीकर्ताहरु

१. आनन्द गुप्ताको बुहारी, पंकज कुमार गुप्ताको पत्नी, बाँके जिल्ला, साबिक नेपालगञ्ज न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **ईश्वरी अधिकारी (ना.प्र.प.नं. ६६-०१-६२-०२४४२, बाँके)**

२. राम कृष्ण गुप्ताको नाति, आनन्द गुप्ताको छोरा, बाँके जिल्ला, साबिक नेपालगञ्ज न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **पंकज कुमार गुप्ता (ना.प्र.प.नं. ६६३०१२/१७१, बाँके)**

धितोमा रहेको सम्पतिको विवरण

ईश्वरी अधिकारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, साबिक सानोश्री गा.वि.स./न.पा. वडा नं. ३, नक्सा सिट नं. ३स्व स्थित कित्ता नं. ३०८ को क्षेत्रफल ०-६-१६ (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

माथि उल्लेखित ऋणी नं. १ र २ को लागि व्यक्तिगत जमानीकर्ताहरु र धितोमा रहेको सम्पतिको विवरण एकै रहेको ।

शाखा कार्यालय: बेनी, म्याग्दी

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, म्याग्दीमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०६८/०४/१९ मा दर्ता नं. ५९२/०६८/०६९ कायम भई दर्ता भएको म्याग्दी जिल्ला, दरवाङ्ग गा.वि.स./न.पा. वडा नं. १, स्थित **बुद्ध स्टेशनरी** **प्रोप्राइटर : गोविन थापा मगर**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दल बहादुर थापा मगर को नाति, पृथ बहादुर थापा मगरको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **गोविन थापा मगर (ना.प्र.प.नं. ४९१०२९/२२४०, म्याग्दी)**

२. पृथ बहादुर थापा मगरको बुहारी, गोविन थापा मगरको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **आकृति रोका थापा मगर (ना.प्र.प.नं. ४९-०-०६९-०१२९५,म्याग्दी)**

३. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर सिउथानीको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको काजिमान सिंथानी (ना.प्र.प.नं. ४९-०१-७१-०१२६१, म्याग्दी)

४. दल बहादुर थापा मगरको बुहारी, पृथ बहादुर सिउथानीको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **देउमाया सिउथानी (ना.प्र.प.नं. ७९, म्याग्दी)**

५. पृथ बहादुर थापा मगरको बुहारी, लोकमन थापा मगरको पत्नी, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **हिरामती थापा मगर (ना.प्र.प.नं. ४९-०१-७२-००५२९, म्याग्दी)**

६. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर सिउथानीको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **लोकमन थापा मगर (ना.प्र.प.नं. ४९१०२९/१९७१९, म्याग्दी)**

७. दल बहादुर थापा मगरको नाति, पृथ बहादुर थापा मगरको छोरा, म्याग्दी जिल्ला, निस्कोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **पूर्ण बहादुर थापा (ना.प्र.प.नं.४९१०२९/१०६३२, म्याग्दी)**

८. पृथ बहादुर थापा मगरको बुहारी, पूर्ण बहादुर थापाको पत्नी, म्याग्दी जिल्ला, विम गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रोश्ना जुठ्जाली (ना.प्र.प.नं.४९-०-०६९-०२८३१, म्याग्दी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **गोविन थापा मगरको** नाममा मालपोत कार्यालय, म्याग्दीको लगतमा दर्ता श्रेस्ता कायम रहेको म्याग्दी जिल्ला, दरवाङ्ग गा.वि.स./न.पा. वडा नं. १ क स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ०-४-०-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

२. **गोविन थापा मगरको** नाममा मालपोत कार्यालय, म्याग्दीको लगतमा दर्ता श्रेस्ता कायम रहेको म्याग्दी जिल्ला, कुहुँ गा.वि.स./न.पा. वडा नं. ६ ङ स्थित कित्ता नं. २२९ को क्षेत्रफल १-२-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०२/२२ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०२/२८ गते आइतबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०२/२९ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

इतिहासमा आज



सन् १९८१ : प्राणघातक रोग एड्सको पहिलो केस रिपोर्ट गरिएको दिन । रोग नियन्त्रण तथा रोकथाम केन्द्रले निमोनियाको दुर्लभ स्वरूपका पाँचवटा घटना वर्णन गरे । प्रतिरक्षा कमीको घातक सो अवस्थालाई पछि एड्स भनियो । सन् २००० मा विश्वभर चार करोडभन्दा बढी मानिस यसबाट प्रभावित भएका थिए ।

सन् १९६८ : अमेरिकी पूर्वराष्ट्रपति जोन अफ केनेडीका भाइ रोबर्ट एफ केनेडीको हत्या । केनेडीले इजरायलप्रति देखाएको सहयोगप्रति २४ वर्षीय प्यालेस्टेनी आक्रमणकारी असन्तुष्ट थिए । आक्रमणको भोलिपल्ट केनेडीको मृत्यु भएको थियो ।

सन् १९६७ : मध्यपूर्वमा ६ दिने युद्ध सुरु । इजरायली सेनाले इजिप्टविरुद्ध अनौठो हमला गरे जसका कारण अन्य अरब सहयोगीलाई द्वन्द्वमा प्रवेश गर्न प्रेरित गऱ्यो । इजिप्टले पहिले इजरायली यातायातका लागि टिरानको जलडमरू अवरुद्ध गरेको थियो र दुई देशबीचको सीमामा आफ्ना सेना परिचालन गरेको थियो ।

सन् १९४४ : दोस्रो विश्वयुद्धको समयमा मित्रराष्ट्र रोमको पक्षमा उभिए ।

सन् १९५६: तत्कालीन प्रधानमन्त्री निकिता रुस्चेभद्वारा सोभियत कम्युनिस्ट पार्टी कांग्रेसमा जोसेफ स्टालिनको निन्दा ।

सन् १९४० : जर्मनी सेनाद्वारा दक्षिणी फ्रान्समा आक्रमण सुरु ।

विश्व संक्षेप

पहिरोमा पुरिएर १४ को मृत्यु

बेइजिङ / चीनको दक्षिण-पश्चिमी सिचुआन प्रान्तको लेसान सहरमा आइतबार पहिरो जाँदा १४ जनाको मृत्यु भएको छ । पहिरोमा अन्य पाँचजना बेपत्ता भएका स्थानीय सञ्चार विभागले जनाएको छ । सहरको जिनकोहे जिल्लाको योडसेङ टाउनसिपको एक जंगल क्षेत्रमा बिहान ६ बजे पहिरो खसेको थियो । घटनापछि बेपत्ताको खोजी गर्न एक सय ८० जनाभन्दा बढीको उद्धार टोली घटनास्थलमा खटाइएको र उनीहरूको खोजीकार्य जारी रहेको स्थानीय प्रशासनले जनाएको छ ।

रेल दुर्घटनामा मृत्यु हुनेको संख्या २७५

नयाँदिल्ली / भारतमा भएको रेल दुर्घटनामा मृत्यु हुनेको संशोधित संख्या दुई सय ७५ जना रहेको सरकारी अधिकारीले जानकारी दिएका छन् । भारतको पूर्वी राज्य ओडिसाका एक उच्च सरकारी अधिकारीले शुक्रबार भएको रेल दुर्घटनामा मृत्यु हुनेको संख्या दुई सय ७५ जना पुगेको बताएका हुन् । ती अधिकारीले भने, 'मृत्यु हुनेको संख्या दुई सय ८८ जना भनी योभन्दा पहिले अपुष्ट रूपमा सञ्चारमाध्यमबाट आएको, तर आइतबार संशोधित संख्या २७५ जना भएको पुष्टि भएको छ ।' जिल्ला प्रशासकले रेल दुर्घटनामा ज्यान गुमाएका केही व्यक्तिको दुईपटक गणना गरिएको पाइएको छ । अन्तिम गणनाबाट मृत्यु हुनेहरूको संख्या संशोधन गरी दुई सय ७५ जना भएको पुष्टि गरिएको छ । ओडिसाका मुख्यसचिव प्रदीप जेनाले दुई सय ७५ जनामध्ये ८८ जनाको मात्र पहिचान भएको बताए । अधिकारीका अनुसार पछिल्लो २४ घन्टामा एक हजार एक सय ७५ जना घाइतेमध्ये करिब आठ सयजना उपचारपछि विभिन्न अस्पतालबाट डिस्चार्ज भएका छन् ।

टर्कीमा एर्दोगानले लिए राष्ट्रपतिको शपथ

अंकारा / टर्कीको राष्ट्रपति रेसेप तैयप एर्दोगानले तेस्रो कार्यकालका लागि पद तथा गोपनीयताको शपथ लिएका छन् । टर्कीको आर्थिक संकट चर्किरहेका बेला आफ्नो दुई दशक लामो शासन लम्ब्याउन एर्दोगान तेस्रो कार्यकालका लागि निर्वाचित भएका थिए । उनले टर्कीको उन्नतिका लागि सबै देशवासीको मन जित्ने गरी निष्पक्ष रूपमा आफ्नो कर्तव्य पूरा गर्ने बताएका छन् । शपथग्रहणपछि उनले भने, राज्यको अस्तित्व र स्वतन्त्रताको रक्षा गर्न मैले सबै शक्तिका साथ काम गर्न र निष्पक्ष रूपमा कर्तव्य पूरा गर्न लागिपर्नेछु ।' टर्कीका सबैभन्दा लामो समयसम्म सत्तामा रहेका नेताले आफ्नो तेस्रो कार्यकालमा सुस्त अर्थतन्त्र र पश्चिमा मुलुकसँगको तनावलगायत महत्त्वपूर्ण तात्कालिक चुनौतीको सामना गर्नुपरेको छ ।

पाँच महिनामा एक करोड पर्यटक हङकङ पुगे

हङकङ / यस वर्षको पहिलो पाँच महिनामा एक करोडभन्दा बढी पर्यटकले हङकङको भ्रमण गरेका छन् । सन् २०२३ को उत्तरार्धमा पर्यटन पुनरुत्थानका लागि सकारात्मक दृष्टिकोणको संकेत गरेको हङकङ पर्यटन बोर्ड (एचकेटिबी)ले शुक्रबार पर्यटकको आगमन अपेक्षाकृत भएको जनाएको छ । एचकेटिभीको तथ्यांकअनुसार मे महिनामा चीन र दक्षिणपूर्वी एसियाबाट आउने आगन्तुकको संख्या महामारीपूर्वको ६० प्रतिशतभन्दा बढी पुगेको छ । चीनबाट हङकङ प्रवेश गर्न अधिक पर्यटकले उच्च गतिको रेल लिंकको प्रयोग गरेका थिए । पर्यटकमध्ये २० प्रतिशत रेल सेवाका लागि छनोट गर

युवामैत्री बजेट, कार्यान्वयन चुनौतीपूर्ण

बजेट सकारात्मक देखिए पनि छिटोछिटो सरकार परिवर्तन, राजनीतिक अस्थिरता तथा भ्रष्टाचारजस्ता समस्याका कारण कार्यान्वयन निकै चुनौतीपूर्ण देखिन्छ



अर्थ संवाद

● गोविन्द मरासिनी

नेपालको जनगणना २०७८ को तथ्यांकअनुसार १६ देखि ४० वर्ष उमेरसमूहका युवाको जनसंख्या ४२.५६ प्रतिशत रहेको छ। जनसंख्याको झन्डै आधाको हाराहारीमा रहेका युवा जनशक्ति राज्यको बेवास्ताकै कारण पिल्सिरहेका छन्। बेरोजगारीकै कारण मन नमान्दा पनि बिदेसिने युवाको संख्या ह्वात्तै बढेको छ। वैदेशिक रोजगार विभागको तथ्यांक हेर्ने हो भने चालू आवको १० महिनामा मात्र साढे ६ लाखभन्दा वढी युवा रोजगारीकै लागि बिदेसिए। वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर विदेश जानेको संख्या नै उच्च भइरहेका वेला श्रम स्वीकृति नलिईकनै पनि कति युवा बिदेसिए होलान्, सहजै अनुमान लगाउन सकिन्छ। यसरी युवा बिदेसिने मूल कारण बेरोजगारी हो।

बर्षेनिजस्तो हुने सरकार परिवर्तन, युवाकै नेतृत्व स्थापित हुँदासमेत युवाका समस्या समाधान नहुने, उच्चशिक्षा हासिलपछि पनि रोजगारीको ग्यारेन्टी नहुनु, गुणस्तरीय शिक्षाकै लागि समेत बिदेसिनुपर्ने बाध्यतालगायतका कारणले नै आमयुवा देश छाडेर खाडी मुलुकमा पसिना बगाउन बाध्य भएका छन्। देशमै राम्रो रोजगारी, उद्यमी बन्न सक्ने क्षमता, दक्षता सरकारको साथ सहयोग भएको भए युवाहरू यसरी बिदेसिनु पर्दैनथ्यो।

हालसालै सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेट सार्वजनिक गऱ्यो। बजेटमा युवालक्षित आएका केही कार्यक्रमले भने युवापिँढीमा अलिकति भए पनि आशा जगाएको छ। सरकारले आफ्नो बजेट वक्तव्यमा युवालाई मुलुकभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उत्पादकत्व र रोजगारीको अवसर बढाउने, लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च बनाउने, आय तथा रोजगारीको सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने कार्यक्रमलाई सकारात्मक रूपमा हेर्न सकिन्छ।

सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यको उद्देश्य र प्राथमिकतामै अर्थमन्त्रीले लगानीमैत्री वातावरण बनाउँदै रोजगारीको अवसर सिर्जना गर्ने र कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास गर्ने विषयलाई प्राथमिकताका साथ उल्लेख गरेका छन्। हुन त बजेटको प्राथमिकता र उद्देश्यका केही बुँदामा प्राथमिकताका साथ रोजगारीलाई उठान गरेको छ। यद्यपि, युवालक्षित केही कार्यक्रमलाई समेत उल्लेख गरिएको भए अझै राम्रो हुने थियो।

युवापुस्तालाई उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आकर्षित गर्न सीप, पुँजी र प्रविधिमा पहुँच बढाउने, नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्न स्टार्टअप इकोसिस्टमको विकास, नयाँ कम्पनी दर्ता र कम्पनीको पुँजी वृद्धि निःशुल्क व्यवस्था गर्ने, लगानी विस्तार गरी रोजगारीको अवसर प्रदान गर्ने, लघुउद्यम कार्यक्रम, 'उत्पादन र रोजगार : समृद्धिको आधार', श्रम बजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन, सूचना प्रविधि उद्योगमा वैदेशिक लगानी हटाउने र विदेशी लगानीको सुरक्षाको प्रत्याभूति दिनुजस्ता कार्यक्रम युवामा आशा जगाउने केही महत्त्वपूर्ण विषय मान्न सकिनेछ।

नेपाल एक कृषिप्रधान देश हो। तर, नेपालमा पछिल्लो समय कृषि पेसा अँगाल्नेको संख्यामा भने कमी आएको छ। राष्ट्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार १० वर्षभन्दा माथिका आधा अर्थात् ५०.१ प्रतिशत जनता कृषि पेसामा आश्रित रहेको देखाएको छ। पछिल्लो समय बिदेसिने युवाको संख्यामा वृद्धि हुँदै जाँदासमेत तुलनात्मक रूपमा कृषि पेसामा युवाको आकर्षण राम्रै देखिएको छ। त्यसैको कारण होला बजेटमा कृषि र पशुपालनलाई समेत प्राथमिकतामा राखेको छ, जसले विदेशमा सिकेर फर्केको सीपलाई आफ्नै देशमा रोजगारीको अवसर सिर्जना गर्न खोजेको छ।

यसैगरी, सरकारले बजेटमा किसानले रासायनिक मल नपाउने समस्या समाधानार्थ रासायनिक मलमा अनुदान दिन ३० अर्ब बजेट छुट्याउनुका साथै स्वदेशमै रासायनिक मल कारखानाको पहल गर्ने, राम्रो उत्पादन गर्न सक्ने कृषक युवालाई 'उत्पादन साथमा अनुदान हातमा', 'रैथाने बालीमा गर्व गरौं' भन्ने नारासहित विभिन्न ठाउँमा उत्पादन हुने स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने, प्रांगारिक कृषि उत्पादन र उपयोगको प्रवर्द्धनलाई समेत प्राथमिकतामा राखेको छ।

कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय सरकारसँगको सहकार्यमा युवा स्टार्टअप अनुदान कार्यक्रम सञ्चालनका लागि १ अर्ब २० करोड विनियोजन गरेको छ। नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका युवालाई यसमा जोड्ने सरकारको तयारी छ। जसले वित्तीय पहुँच र उद्यमशीलताको विकासमार्फत युवा जनशक्तिलाई कृषि क्षेत्रमा अभिप्रेरित गर्ने सरकारको लक्ष्य छ। तर, यसका लागि नेपालका ग्रामीण भेगमा बसोवास गर्ने युवापिँढीलाई युवा स्टार्ट अनुदान कार्यक्रमको बारेमा जानकारी नभएको, यसरी बाँडिने अनुदानमा राजनीतीकरण र आफन्तवाद हावी हुने हो कि भन्ने चुनौती भने देखिन्छ। जसका लागि सरकारले वडा तहसम्मै पुगेर युवालाई यसबारेमा जानकारी गराउनु अपरिहार्य छ।

श्रम र रोजगारीको क्षेत्रमा प्रचुर सम्भावनाको खोजी गर्दै 'श्रमको सम्मान राष्ट्रको अभियान' नाराका साथ मर्यादित रोजगारीको सिर्जना गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिने, विदेश जानेलाई नयाँ र आकर्षक गन्तव्य मुलुकमा वैदेशिक रोजगारीको अवसर खोजिने, रोजगारीका लागि श्रम स्वीकृति स्थानीय तहबाटै गरिने रहेका छन्।

'अबको जीवन स्वदेशमै' भन्ने नारासहित वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने, श्रम स्वीकृति स्थानीय तहबाट दिने, वैदेशिक रोजगारीको अवसर खोजिनेलगायतका सरकारका योजना तत्कालका लागि राम्रै भए तापनि युवालाई स्वदेशमै रोजगार दिनुको साटो विदेश जानकै लागि हौस्याएको भान पर्न जान्छ। अब आगामी दिनमा सरकारको प्राथमिकता स्वदेशमै रोजगारीको ग्यारेन्टी गरेर विदेश जानैनपर्ने अवस्था सिर्जना गर्नुपर्नेतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ।

बजेटले श्रम रोजगार, उत्पादन, नवप्रवर्तन, कृषि र पशुपालनमा युवालाई प्राथमिकतामा राख्न खोजेजस्तै युवा र खेलकुदको क्षेत्रमा पनि युवालाई विशेष कार्यक्रमको घोषणा गरेको छ। युवा जनशक्तिलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्ने, युवाको क्षमता विकास गरी रोजगारयोग्य बनाउने र युवालाई राष्ट्रिय उत्पादन प्रणालीमा आबद्ध गराउने पनि समेटेको छ। आर्थिक वर्ष ०८०/८१ लाई युवा उद्यमशीलता प्रवर्द्धन वर्षको रूपमा मनाइने घोषणाले पनि आगामी वर्ष धेरै युवालाई उद्यमशीलतासँग जोड्ने अपेक्षा गर्न सकिन्छ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी मोडालिटी परिवर्तन गर्दै युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण ऋणको व्यवस्थाले युवालाई व्यवसायमा प्रेरित गर्ने देखिन्छ। विकास निर्माण तथा समाजसेवामा युवा स्वयंसेवक परिचालन गर्दा देशका महत्त्वपूर्ण विकास निर्माणमा युवाको सहभागिता सशक्त रहने र युवाको क्षेत्रमा कार्यरत संघ, संस्था परिचालन गरी आर्थिक, सामाजिक र सांस्कृतिक जागरण अभियान सञ्चालन गर्दा देशका संस्कृतिका विषयमा आमयुवालाई जानकारी हुनेछ।



> श्रम स्वीकृति स्थानीय तहबाट दिने, वैदेशिक रोजगारीको अवसर खोजिनेलगायतका सरकारका योजना तत्कालका लागि राम्रै भए तापनि युवालाई स्वदेशमै रोजगार दिनुको साटो विदेश जानकै लागि हौस्याएको देखिन्छ।

साहसिक पर्यटनमा युवाको लगानी बढिरहेका वेला हाइअल्टिच्युड ट्रेनिङ सेन्टरका साथै च्याफ्टिङ, क्यानोइङ, प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, अल्ट्रा म्याराथनलगायतका खेललाई प्रवर्द्धन गर्दै पूर्वाधार निर्माण गर्ने घोषणाले साहसिक पर्यटनमा युवा लगानी अझ भित्रने अनुमान लगाउन सकिन्छ। देशका विभिन्न भागमा निर्माणाधीन क्रिकेट मैदान र रंगशाला निर्माणमा छुट्याएको बजेटले पनि युवालाई खेलप्रति अझ उत्साह थप्ने र अन्तर्राष्ट्रियस्तरमा समेत युवा खेलाडीको प्रतिनिधित्व हुनेछ। खेलकुदको तयारीका लागि प्रशस्त बजेट छुट्याएको भए पनि खेलाडीलाई प्रशिक्षणका क्रममा खर्च गर्नभन्दा पनि चुहावट हुने विगतको परम्परालाई भने सरकारले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

बजारको मागअनुसारको दक्ष जनशक्ति उत्पादन गर्न रोजगारमूलक प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने र उद्योगीले प्रशिक्षार्थी कामदारका रूपमा सीप सिकाई न्यूनतम १८ महिनाको रोजगारी अनिवार्य दिनुपर्ने र प्रशिक्षार्थी कामदारको तीन महिनाको पारिश्रमिक सरकारले नै दिने घोषणा गरेको छ। जसले सीप र दक्षता नभएका, तर केही गर्छु भन्ने युवाहरूका लागि अवसर बन्न सक्छ। तर, सीप सिक्न र छोटो समयकै जागिरका लागि समेत भनसुन चल्दै आएकाले कार्यान्वयन हुनेमा भने शंका उत्पन्न हुने गरेको छ।

'आत्मनिर्भर अर्थतन्त्रको आधार : स्वदेशमै उत्पादन र रोजगार' नारासहित स्थानीय आर्थिक सम्भावनाका आधारमा उत्पादन र रोजगारीको अवसर वृद्धि गर्ने, स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने, लघु तथा साना उद्योगको सञ्चालन र प्रवर्द्धन, बाँझो र उपयोगविहीन जमिन उपभोग गरी उद्यमी बन्न प्रोत्साहन गर्ने घोषणाले पनि बाँझो रहेको जमिनमा युवा आकर्षण बढ्ने र खेती, किसानीमा आबद्ध हुन सक्नेछन्। स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणलाई सहयोग गर्नाले गाउँ-गाउँमा सञ्चालन भइरहेका र बन्द भएका साना तथा घरेलु उद्योगहरू पुनः सञ्चालनमा आउनुका साथै युवाहरू उद्यमी र रोजगारउन्मुख बन्नेछन्।

सरकारले सार्वजनिक गरेको बजेटमा सबैभन्दा धेरै आलोचना सांसद विकास कोष हो। प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड पाउने गरी ८ अर्ब २५ करोड संसदीय क्षेत्र पूर्वाधार कार्यक्रम बजेटमा समेटिएको हो। यसमा राजनीतिक दलका मिश्रित प्रतिक्रिया आएका छन्। यसरी सांसद विकास कोषका लागि विनियोजित बजेटको केही रकम मात्र युवाका लागि थप छुट्याइएको भएमा युवाको व्यक्तित्व विकास र रोजगारीमा खर्च गर्न सकिन्थ्यो। जे होस्, प्रत्येक निर्वाचन क्षेत्रमा पनि युवाका प्राथमिकतामा समेत काम गर्न पाउनुपर्ने व्यवस्था गरिनु उपयुक्त देखिन्छ।

छोटो समयमै हुने सरकार परिवर्तन, राजनीतिक अस्थिरता, राजनीतिक दाउपेच, भ्रष्टाचार हावी, आफन्तलाई काखा र अन्यलाई पाखालगायतका यावत् समस्याका कारण सधैंजसो बजेट सकारात्मक देखिए पनि विगतमा जस्तै यसपटक पनि बजेट कार्यान्वयन निकै चुनौतीपूर्ण देखिन्छ। बजेट घोषणा गर्दा एउटा कुनै दलको सरकार र कार्यान्वयन गर्ने समयमा अर्को दलको नेतृत्व स्थापित हुने परिपाटीले गर्दा बजेट कार्यान्वयन भएको खण्डमा बजेट घोषणा गर्दाको सरकार लोकप्रिय हुने डरले समेत बजेट कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

अर्थ ज्ञान

खुला बजार कारोबार के हो ?

बजारमा तरलता व्यवस्थापन गर्ने र ब्याजदरलाई प्रभाव पार्ने उद्देश्यका साथ केन्द्रीय बैंकले छोटो अवधिका सरकारी ऋणपत्रहरू खुला बजारमा खरिद-बिक्री गर्ने कार्यलाई खुला बजार कारोबार भनिन्छ। खुला बजारमा केन्द्रीय बैंकले ऋणपत्र खरिद गर्दा बैंक तथा वित्तीय संस्थाहरूले केन्द्रीय बैंकबाट नगद प्राप्त गर्ने भएकाले बजारमा मुद्राको आपूर्ति बढ्छ र ब्याजदर कम हुन जान्छ। त्यस्तै, खुला बजारमा ऋणपत्र बिक्री गर्दा बैंक तथा वित्तीय संस्थासँग भएको अधिक तरलता प्रशोचन हुन गई बजारमा मुद्राको आपूर्ति कम हुन जान्छ र ब्याजदर बढ्छ। नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागअन्तर्गत रहेको 'खुला बजार कारोबार सञ्चालन समिति'ले मौद्रिक नीतिका उद्देश्यहरू प्राप्त गर्न नियमित, आकस्मिक एवं संरचनात्मक प्रकृतिको तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले तयार गर्ने तरलता अनुगमन तथा प्रक्षेपण संरचनासम्बन्धी प्रतिवेदन तथा निक्षेप एवं कर्जाको विस्तार, अन्तरबैंक ब्याजदर, विदेशी विनिमयको प्रवाहलगायतका वित्तीय सूचकका आधारमा आवश्यकताअनुसार खुला बजार कारोबार सञ्चालन गर्दछ। - *नेपाल राष्ट्र बैंक*



बिजनेस @



सुबोध प्याकुरेल, उपाध्यक्ष, योजना आयोग, प्रदेश-१

७-१० वर्षमा झीको ब्याट्री फेर्नुपर्ने हुन्छ। पहिले अन्दाज गरिएभन्दा विपरीत अहिलेको विश्वव्यापी ढाँचा हेर्दा १०० किलोवाटको ब्याट्री फेर्ने खर्च २५ लाख हाराहारी पर्ने देखिन्छ। पुरानो ब्याट्रीको व्यवस्थापन खर्च अलग। क्यापासिटरको प्रयोग र ब्याट्री प्रशोधनको उपाय रच्न ढिलाइ नहोस्।

नवराज पन्त, सामाजिक विकासविद्



मोटर गाडी, ट्र्याक्टरको मात्र होइन, सरकारको पनि ब्याक गियर हुने रैछ। अगाडि झन् ठुलो भड्खालो देखेपछि सरकारले ब्याक गियर लियो। अर्थमन्त्री डा. प्रकाशशरण महत र लगानीकर्ताबीच आज भएको छलफलमा ५ प्रतिशत र ७.५ प्रतिशत पुँजीगत कर नै अन्तिम हुने सहमति भएको हो।



गजेन्द्र बुढाथोकी, पत्रकार

केही वर्षअघि म कास्कीको नाकडाँडा पुग्दा त्यहाँका दुग्धपालक कृषकले गुनासो गरेका थिए। धेरै दूध उत्पादन हुन्छ भनेर होलिस्टिन जातका गाई ल्याएर पाल्यौं। तिनका बाच्छा न जोत्न मिल्छ, न बेच्न मिल्छ, साह्रै समस्या भयो।

अंक र अर्थ

सन् २०२३ को पाँच महिनामा भित्रिए चार लाख पर्यटक

नेपालमा विदेशी पर्यटक आगमन कोभिड महामारीअघिकै अवस्थामा फर्किएको छ। मे २०२३ मा विभिन्न देशबाट ७७ हजार सात सय तीन पर्यटक भ्रमणका लागि आएका छन्। कोभिडअघि सामान्य अवस्था रहेका वेला मे २०१९ पनि ७८ हजार तीन सय २९ पर्यटक भित्रिएका थिए। कोभिडले शिथिल बनेको मुलुकको पर्यटन क्षेत्रलाई मे महिनाको तथ्यांकले उत्साह थपेको पर्यटन बोर्डले जनाएको छ। कोभिडका कारण मे २०२० मा भने ३१ जना मात्रै पर्यटक नेपाल भ्रमणमा आएका थिए। यस्तै, मे २०२१ मा १५ सय ३१ र मे २०२२ मा ५३ हजार ६ सय आठ पर्यटक नेपाल आएका थिए। मे महिनामा पनि सबैभन्दा धेरै पर्यटक भारतबाट आएका छन्। एक महिनामा भारतबाट ३६ हजार पाँच सय ७५, अमेरिकाबाट आठ हजार पाँच सय ४५, चीनबाट चार हजार ६ सय ६७, बेलायतबाट दुई हजार नौ सय २७, अस्ट्रेलियाबाट दुई हजार एक सय ८४, बंगलादेशबाट दुई हजार एक सय ८४, मलेसियाबाट एक हजार तीन सय २१, जर्मनीबाट एक हजार एक सय ६५, फ्रान्सबाट एक हजार ९७, साउथ कोरियाबाट एक हजार ३९ पर्यटक नेपाल भ्रमणमा आएका छन्।



कुन महिनामा कति ?

जनवरी	५५ हजार ७४
फेब्रुअरी	७३ हजार दुई सय ५५
मार्च	९९ हजार चार सय २६
अप्रिल	९८ हजार सात सय ७३
मे	७७ हजार सात सय तीन
कुल	चार लाख चार हजार दुई सय ३१

-पर्यटन बोर्ड

पाकिस्तानलाई 'डिफल्ट'को खतरा कति ?

डिफल्ट होस् या नहोस्, पाकिस्तानको अर्थतन्त्र पहिले नै धर्मराइसकेको छ, अब यसबाट मुक्ति पाउने क्षमता सरकारसँग छैन

पछिल्लो केही समययता पाकिस्तानको अर्थतन्त्र डामाडोल छ। बितेको एक वर्ष पाकिस्तानी अर्थतन्त्रका लागि अत्यन्त खराब रह्यो। सन् २०२२ अप्रिलमा तत्कालीन प्रधानमन्त्री इमरान खानलाई सत्ताच्युत गरेपछि राजनीतिक उथलपुथल भयो। त्यसले झन् आर्थिक संकटलाई बढावा दियो।

त्यसो त पाकिस्तानको राजनीतिक र आर्थिक संकट दुवै एक-अर्कामा जोडिएका छन्। जानकारहरूका अनुसार राजनीतिक उथलपुथलले सीधा रूपमा आर्थिक संकट पैदा नगरे पनि संकटलाई बढाएको छ।

एसियाली विकास बैंक (एडिबी)को एक रिपोर्टअनुसार गत वर्ष अप्रिलमा इमरान खानको सत्ता ढल्दासम्म कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ६ प्रतिशत थियो। जबकि, चालू आर्थिक वर्षमा देशको जिडिपी वृद्धिदर घटेर ०.६ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

गत वर्ष आएको भीषण बाढी, भुक्तानी गर्नुपर्ने रकम अभाव र राजनीतिक उथलपुथलले पाकिस्तानको स्थितिलाई झनै गम्भीर मोडमा पुऱ्याएको छ। सन् २०१९ मा पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट ६.५ अर्ब डलरको बेलआउट प्याकेज प्राप्त गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो। उक्त प्याकेजको १.१ अर्ब डलर किस्ता प्राप्त गर्न पाकिस्तान हरसम्भव प्रयास गरिरहेको छ। तर, अहिलेसम्म 'हात लाग्यो शून्य' मात्रै भएको छ।

हालसालै स्टेट बैंक अफ पाकिस्तानले देशको विदेशी मुद्रा सञ्चिति घटेर ४.१९ अर्ब डलर पुगेको बताएको छ। यो रकम केवल एक महिना आयात गर्न पुग्ने बताइएको छ। पाकिस्तानी अर्थमन्त्री इसाक डारले यसअघि नै ३० जुनमा आइएमएफ कार्यक्रम अगाडि बढेविनै समाप्त हुन सक्ने इसारा गरेका थिए। यद्यपि, विदेशमन्त्रीले पाकिस्तान डिफल्ट हुने अवस्थामा नरहेको बताएका छन्।



> यो वर्ष अप्रिलमा पाकिस्तानले ३६.४ प्रतिशतसहित मुद्रास्फीतिमा रेकर्ड बनायो। यसको मुख्य कारण खाद्यान्नको चर्को मूल्यवृद्धि हो, जुन ४८.१ प्रतिशत पुगेको छ। यो मुद्रास्फीति दक्षिण एसियामै सर्वाधिक हो।

चीनले पाकिस्तानलाई पहिले नै दुई अर्ब डलर सहयोग गरिसकेको छ भने संयुक्त अरब इमिरेट्स (युएई) ले एक अर्ब डलर तथा साउदी अरबले दुई अर्ब डलरबराबरको सहयोग गरेका छन्। यो अनिश्चितताले देशमा भयावह स्थिति सिर्जना गरेको छ। डलरको तुलनामा पाकिस्तानी मुद्रा लगातार अवमूल्यन भएको छ।

हालसालै मात्र खुला बजारमा अमेरिकी एक डलरबराबर पाकिस्तानको ३१० रुपैयाँ पुगेको थियो। जबकि, सन् २०२२ अप्रिलमा इमरान सत्ताबाट हट्ने वेला एक डलरबराबर १८२ रुपैयाँ थियो।

डिफल्टको खतरा : अर्थशास्त्री असफाक हसनका अनुसार पाकिस्तान 'डिफल्ट' (टाट पल्टिने) स्थितिमा भने छैन। 'सन् १९९८ मा देशमा परमाणु परीक्षणपछि योभन्दा पनि खराब स्थिति थियो,' उनी भन्छन्, 'त्यतिवेला त डिफल्ट भएन भने अहिले झन् हुँदैन।'

असफाकका अनुसार स्टेट बैंकले पहिलेदेखि नै आयातमा कडाइ गरेको छ। यदि यसलाई निरन्तर निगरानी गर्ने हो भने देशको विदेशी मुद्रा सञ्चिति पाँच अर्ब डलर पुग्छ। यसो भयो भने कर्जाको किस्ता तिर्न पुग्छ र देश डिफल्ट बन्दैन।

यस्तै, अर्का अर्थशास्त्री सब्बर जैदी भन्छन्, 'डिफल्ट होस् या नहोस्, पाकिस्तानको अर्थतन्त्र पहिले नै धर्मराइसकेको छ। अब यसबाट मुक्ति पाउन सरकारसँग कुनै क्षमता छैन।'

यो वर्ष अप्रिलमा पाकिस्तानले ३६.४ प्रतिशतसहित मुद्रास्फीतिमा रेकर्ड बनायो। यसको मुख्य कारण खाद्यान्नको चर्को मूल्यवृद्धि हो, जुन ४८.१ प्रतिशत पुगेको छ। यो मुद्रास्फीति दक्षिण एसियामै सर्वाधिक हो। अर्थतन्त्रमा सुधार कुनै राजनीतिक मुद्दा हुन नहुने बताउँछन्, अर्थशास्त्री सब्बर। उनी भन्छन्, 'राजनीतिलाई अर्कैतिर राख्नुपर्छ। जसले जनतासम्म खाना पुऱ्याउन सक्दैन, उसलाई डिफल्ट होस् या नहोस् के मतलब ? हाम्रो निर्यात घटेको छ भने कर्जा बढेकोबढ्यै छ। अब देश बचाउन आर्थिक क्रान्ति जरुरी छ।'

आइएमएफको आशा : आइएमएफका अधिकारीको सकारात्मक संवादले पाकिस्तानलाई एकपटक फेरि आशाको किरण जगाइदिएको छ। आइएमएफले आफ्नो कार्यक्रमसँग आबद्ध हुन पाकिस्तानले आगामी बजेटको जानकारी साझा गर्नुपर्ने बताएको छ। यद्यपि, पाकिस्तान सरकार यसो गर्न डराइरहेको अवस्था थियो। आइएमएफ मिसन प्रमुख नाथन पोर्टरका अनुसार आगामी बजेट आइएमएफको कार्यक्रमलाई ध्यानमा राखेर बन्दा मात्रै पाकिस्तानले राहत पाउन सक्छ।

यो वर्ष पाकिस्तानमा आमचुनाव पनि हुँदै छ। यसकारण सत्तारूढ गठबन्धन पाकिस्तान डेमोक्र्याटिक मुभमेन्ट आगामी बजेटमार्फत इन्धनको मूल्यमा छुटसँगसँगै अरू सब्सिडी पनि दिन चाहन्छ, ताकि यसले पुनः सत्तामा फर्काउन सकोस्। तर, अहिलेको स्थितिमा यो काम आफ्नै खुट्टामा बन्चरो हान्नुबाहेक केही होइन।

यदि सरकारले आइएमएफको कार्यक्रमबाट बाहिर निस्कने निर्णय गऱ्यो भने पाकिस्तान डिफल्ट हुने जोखिम थप बढ्न सक्छ। आइएमएफसँग सहकार्य गरिरहने हो भने फेरि केही कठोर निर्णय लिनुपर्ने हुन्छ। यसको प्रभाव चुनावमा पनि देखिनेछ। यद्यपि, सत्तारूढ गठबन्धनलाई यस संकटको पूर्ण जिम्मेवार ठहऱ्याउन नहुने विश्लेषकहरू बताउँछन्। कुनै पनि चिज रातारात नहुने उनीहरूको तर्क छ।


- बिबिसी

सेयर बजार

२१ जेठ ०८०

नेप्से १,९१९.३७ ५३.०३ २.८४%

कारोबार रकम	जम्मा सेयर
१,६५,६३,४०,३९१.५७	४५,५७,१६९



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २२ जेठ ०८०

वैदेशिक रोजगारीलाई युरोप डाइभर्ट गर्ने तयारी
मागपत्र निर्देशिका संशोधन गरिँदै

मुना कुँवर/नयाँ पत्रिका

नेपालको वैदेशिक रोजगारीलाई खाडी र मलेसियाबाट युरोपियन मुलुकतर्फ डाइभर्ट गर्ने सरकारले तयारी गरेको छ। श्रमिकको अधिकार, पारिश्रमिक, सेवा-सुविधालगायतमा खाडी र मलेसियाभन्दा युरोप उत्कृष्ट हुने भएकाले गन्तव्य मुलुकको धार परिवर्तन गर्न आवश्यक रहेको मन्त्रालयको भनाइ छ।

यसका लागि मन्त्रालयले वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण जाँचबुझसम्बन्धी निर्देशिका, २०७५ संशोधनको तयारी गरेको छ। संशोधनका लागि परराष्ट्र मन्त्रालयसँग राय मागिएको श्रममन्त्री शरतसिंह भण्डारीले बताए। उनका अनुसार मन्त्रिपरिषद्को बैठकले पारित गरेपछि निर्देशिका कार्यान्वयनमा आउनेछ।

हालको व्यवस्थाअनुसार सम्बन्धित मुलुकको दूतावास र नियोगबाट रोजगारदाताले मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था छ। तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले ०७५ सालमा मागपत्र प्रमाणीकरणसम्बन्धी जाँचबुझ निर्देशिका, २०७५ जारी गर्दै प्रमाणीकरणको जिम्मा परराष्ट्र मन्त्रालयलाई दिएका थिए। मागपत्र प्रमाणीकरणमा अनियमितता भएको भन्दै उनले मागपत्र प्रमाणीकरणको जिम्मा परराष्ट्रलाई दिएका हुन्। त्यसअघि भने सम्बन्धित मुलुकको चेम्बर अफ कमर्स र नोटरी पब्लिकबाट मागपत्र प्रमाणीकरण हुँदै आएको थियो।

तर, दूतावास र नियोगले मात्रै मागपत्र प्रमाणीकरण गर्दा युरोपियन मुलुकबाट आएका हजारौँ मागपत्र गुमिरहेको मन्त्री भण्डारीले बताए। उनका अनुसार अहिले विश्वका ३० वटा मुलुकमा नेपाली दूतावास छन्। महावाणिज्य दूतसहित ३७ वटा मुलुकमा सरकारको उपस्थिति छ। तर, दूतावास नभएका मुलुकहरूले पनि नेपाली कामदारको माग गर्न थालेपछि प्रमाणीकरणमा समस्या आएको उनले बताए। 'समयसँगै श्रमिकको मागको प्रकृतिमा पनि परिवर्तन आउन थालेको छ। सूचना प्रविधिका कारण मानिसको माग विश्वभर पुगेको छ। त्यसैले कहीँ न कहीँबाट नेपाली कामदारको माग आउन सक्छ। तर, नेपालले व्यक्तिगत रूपमा एक सय ३८ वटा र संस्थागत रूपमा एक सय ११ वटा मुलुक मात्रै खुला गरेको छ,' उनले भने। त्यस्तै, सीमित मुलुकमा मात्रै दूतावास छन्।

आकर्षक मुलुकबाट आएको रोजगारी कुनै पनि नेपालीले छाड्न चाहँदैन। तर, दूतावास नहुँदा कामदारले औपचारिक माध्यमबाट रोजगारीमा जान पाउँदैन। 'यस्तो अवस्थामा नेपाली श्रमिकले अनौपचारिक माध्यमको सहयोग लिन्छ अनि ठगिन्छ,' उनले भने। नेपाली कामदार थप जोखिममा नपरून् भन्नका लागि पनि प्रमाणीकरणको प्रक्रिया सरल बनाई श्रमिकलाई औपचारिक माध्यमबाट जान पाउने व्यवस्था गर्नुपर्ने उनले बताए।



■ दूतावास नभएका मुलुकको मागपत्र प्रमाणीकरण गर्न कमिटी

नेपाली दूतावास नभएका मुलुकबाट आएका कामदारको मागपत्र प्रमाणीकरणका लागि एक कमिटी गठन गर्ने तयारी गरेको श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए। उनका अनुसार दूतावास भएका मुलुकको मागपत्र दूतावासले नै गर्नेछन्। दूतावास नभएका मुलुकको मागपत्रका लागि वैदेशिक रोजगार विभागको प्रतिनिधि, श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयको पनि प्रतिनिधि रहने गरी एक कमिटी गठन गरिनेछ। सो कमिटीले मागपत्रको जाँचबुझ गर्नेछ। रोजगारदाताको माग उचित लागेमा प्रमाणीकरण गरिने उनले बताए।

निर्देशिकाबमोजिम कुनै पनि मुलुकको रोजगारदाताले नेपाली कामदारले भर्ना गर्न चाहेमा रोजगारदाता आफैँ वा आफ्ना प्रतिनिधिमार्फत नेपाली दूतावासमा निवेदन दिनुपर्नेछ। रोजगारदाताले नेपालमा आबद्ध भएको म्यानपावर कम्पनीको नाम, भर्ना गर्न चाहेको कामदारको संख्या, पद, पारिश्रमिक, सेवा-सुविधालगायतका विवरण स्पष्ट पारी दूतावासमा बुझाउनुपर्नेछ।

रोजगारदाताले मागपत्र प्रमाणीकरणका लागि निवेदन दिएपछि दूतावासले रोजगारदाता कम्पनीको विश्वसनीयता, कम्पनीले पछिल्लो तीन महिना आफ्ना कामदारलाई दिएको पारिश्रमिकको विवरण, कालोसूचीमा परे-नपरेको यकिन, कामदार बस्ने होस्टेललगायतका विषयमा अनुगमन नै गरी मागपत्र प्रमाणीकरण गर्नुपर्नेछ।

दूतावासले मागपत्र प्रमाणीकरण गरेपछि रोजगारदाताले नेपालमा आबद्ध भएको म्यानपावर कम्पनीलाई विवरण पठाउनेछ। म्यानपावर कम्पनीले पहिलो चरणको श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार विभागसँग अनुमति माग्नेछ। विभागले पनि सम्बन्धित मुलुकको दूतावासले प्रमाणीकरण गरेको यकिन गरेपछि मात्रै स्वीकृति दिनेछ। पहिलो चरणको श्रमस्वीकृति पाएपछि म्यानपावरले विज्ञापन प्रकाशन गर्ने, अन्तर्वार्ता लिनेलगायतका काम गर्नेछ। तर, दूतावास नै नभएको मुलुकबाट आउने मागपत्र नै प्रमाणीकरण हुन नसक्दा नेपाली कामदारले अवसर गुमाएका छन्, भएका दूतावासमा पनि जनशक्तिको अभाव हुँदा अवसर गुमिरहेको उनले बताए।

वैदेशिक रोजगार व्यवसायी संघले युरोपियन मुलुकहरूबाट आउने मागपत्रलाई वैदेशिक रोजगार विभागको अनलाइन प्रणालीमार्फत नै प्रमाणीकरणको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। युरोपका अधिकांश मुलुकमा नेपाली दूतावास छैनन्। जसका कारण मागपत्र प्रमाणीकरण गर्न नपाउँदा नेपालले युरोप रोजगारीको अवसर गुमाइरहेको संघको गुनासो छ।

सरकारले रोजगारदाताले नेपालबाट कामदार भर्ना गर्दा मागपत्र सम्बन्धित मुलुकमा रहेको नेपाली दूतावासलाई प्रमाणीकरणको जिम्मा दिएको छ। दूतावासले रोजगारदाताको विवरण हेरी उपयुक्त लागेमा स्वीकृति दिन सक्नेछ। तर, दूतावास नभएका मुलुकमा मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था नहुँदा युरोप रोजगारीको अवसर गुमिरहेको व्यवसायीको भनाइ छ। युरोपमा अहिले ५० देखि ६० हजार कामदारको माग छ। तर, नेपालले यो अवसर गुमाइरहेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ नेपालमा दूतावास नहुँदा नेपालीलाई सास्ती

नेपालमा युरोपियन मुलुकका नियोग नहुँदा नेपाली कामदारलाई थप आर्थिक भार परेको छ। युरोपको नयाँ गन्तव्यका रूपमा उदाएका मुलुकहरूको पनि नेपालमा कुनै नियोग छैन। जसका कारण नेपालीहरू भिसा प्रक्रियाका लागि दिल्ली जानुपर्ने बाध्यता छ। दिल्लीमा भिसा प्रक्रिया सुरु गर्दा आर्थिक भार पर्ने गरेको पीडितहरूको गुनासो छ।

केही एजेन्टहरूले भने नेपालमा दूतावास नभएकै कारण नेपालीलाई दिल्ली, दुबईलगायतका मुलुक हुँदै युरोपका विभिन्न मुलुक पुऱ्याउने गरेका छन्। यसरी गएका कामदार नेपाल सरकारको रेकर्डमा नहुने हुँदा जोखिम पर्ने गरेको वैदेशिक रोजगार विभागका पूर्वमहानिर्देशक उमाकान्त अर्यालले बताए। उनका अनुसार यसरी जाने नेपालीले एजेन्टलाई लाखौँ रकम भुक्तानी गरेका हुन्छन्। तर, उनीहरू अवैध प्रक्रिया हुँदै गएका कारण ठगीमा परेको अवस्थामा पनि कारबाही गर्न नसकिने उनले बताए।

त्यस्तै, विभिन्न मुलुक हुँदै जाँदा कतिपय नेपाली गन्तव्य मुलुक नपुगीकनै नेपाल फर्कनुपरेको अवस्था छ भने कतिपयले आफ्नो ज्यानसमेत गुमाउनुपरेको अवस्था छ। त्यसैले युरोप रोजगारीको अवसरलाई प्रयोग गर्न र सहज बनाउन प्रमाणीकरण प्रक्रियालाई सरल बनाउनुपर्ने वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए।

तुलनात्मक रूपमा खाडी र मलेसियाभन्दा युरोप रोजगारी नेपाली कामदारका लागि उपयोगी छ। यी मुलुकले कामदारको हक र अधिकारलाई सम्बोधन गर्ने हुँदा नेपाली कामदारले लाभ लिन सक्ने गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी बताउँछन्। अबका दिनमा सरकारले पनि नेपाली कामदारका लागि आकर्षित मुलुकतर्फ मोड्नुपर्ने उनले बताए। यसका लागि सरकारले दूतावास स्थापना गर्नेदेखि लिएर सम्बन्धित मुलुकसँग श्रम सम्झौतालगायतका विषयमा पहल गर्नुपर्ने उनको सुझाव छ। श्रम मन्त्रालयको तथ्यांकअनुसार गत वर्ष व्यक्तिगत श्रम स्वीकृति लिएर तीन हजार सात सय २३ जना क्रोसिया पुगे, दुई हजार ६ सय ६६ अमेरिका, तीन हजार ८१ युएई, तीन हजार ५३ कतार, दुई हजार ६ सय ५७ माल्दिभ्स, एक हजार आठ सय ६९ जापान, एक हजार चार सय ९१ पोल्यान्ड, एक हजार दुई सय ४५ रोमानिया, एक हजार दुई सय २९ माल्टा, सात सय ५८ टर्की र अन्य मुलुकमा चार हजार नौ सय ७७ जना पुगेका छन्।

पुँजीगत लाभकरमा थप आयकर नलाग्ने

काठमाडौं/ प्राकृतिक व्यक्तिले सूचीकृत धितोपत्रहरू बिक्री गर्दा हुने लाभमा विद्यमान कर नै अन्तिम कर भएको र यसमा थप कुनै आयकर नलाग्ने अर्थ मन्त्रालयले स्पष्ट पारेको छ। मन्त्रालयले विज्ञप्ति जारी गर्दै ५ प्रतिशत वा ७.५ प्रतिशत पुँजीगत लाभकर नै अन्तिम कर रहेको जनाएको हो।

आर्थिक विधेयक २०८० को दफा २९ लिएर लगानीकर्तामा असन्तुष्टि बढेपछि मन्त्रालयले स्पष्ट पारेको हो। यसअघि सेयर लगानीकर्ता र अर्थमन्त्री प्रकाशशरण महतबीच सो विषयमा छलफल भएको थियो। छलफलमा मन्त्री महतले विद्यमान पुँजीगत लाभकर नै अन्तिम कर भएको बताएका थिए।

विधेयकले घरजग्गा तथा धितोपत्र कारोबार गर्दा थप आर्थिक वर्ष ०७६/७७ देखि ०७८/७९ सम्मको कारोबार घोषणा गरी आएमा उक्त आयकर तिर्ने सेयर व्यवसायीलाई ०८० चैतसम्म शुल्क तथा ब्याजमा ५० प्रतिशत मिनाहा गर्ने भनिएको थियो। यही बुँदालाई लिएर लगानीकर्ताले गत शुक्रबारदेखि आन्दोलनको कार्यक्रम घोषणा गरेका थिए। वार्ता गर्नुअघि लगानीकर्ताले ५० वटै ब्रोकर कम्पनीहरूको टिएमएस बन्द गरेका थिए। अर्थ मन्त्रालयमा वार्ता टुंगिएपछि सेयर कारोबार किनबेच भएको हो। बजेटलगत्तै आन्तरिक राजस्व कार्यालयले विज्ञप्तिमार्फत विद्यमान कर नै अन्तिम कर लागू हुने बताए पनि लगानीकर्ताले पत्याएका थिएनन्। उक्त विधेयकको दफा २९ बुँदालाई संसद्बाट बजेट पारित हुनुभन्दा अघि नै हटाउने सहमति भएको लगानीकर्ता तथा नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले जानकारी दिए। उनले भने, 'अर्थमन्त्रीलेज्यूले दफा २९ को बुँदाले लगानीकर्ता दिग्भ्रमित भएको पाइयो र यसलाई हटाऔं भनेपछि सहमति बन्यो।'

सेयर बजार ५३ अंकले बढ्यो

अर्थमन्त्री र लगानीकर्ताबीच आयकर विद्यमान रहने गरी सहमति भएपछि नेप्से परिसूचक ५३ दशमलव शून्य ३ अंक अर्थात् दुई दशमलव ८४ प्रतिशतले बढेर एक हजार नौ सय १९ दशमलव ३७ विन्दुमा पुगेको छ। बजेटपछि झन्डै सय अंकले घटेको थियो।


धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका दुई सय ७० कम्पनीको ४५ लाख ५७ हजार कित्ता सेयर किनबेच हुँदा एक अर्ब ६५ करोड रुपैयाँको कारोबार भएको छ। करिब एक घन्टापछि मात्र कारोबार टिएमएस खुला भएपछि कारोबार सेयर किनबेच भएको थियो। सर्वाधिक सेयर किनबेच हुने कम्पनीमा शिवम् सिमेन्ट रहेको छ। कम्पनीको १५ करोड ८१ लाख रुपैयाँको सेयर किनबेच भएको छ भने सोल्टी होटेल, चिलिमे हाइड्रोपावर कम्पनीको सेयर बिक्री बढेको छ।

■ नेपाल-भारत मध्य-दीर्घकालीन विद्युत् व्यापार समझदारी
दुई सय मेगावाट विद्युत् बिक्री गर्ने गरी पाँच वर्षको पिपिए गरिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले पहिलो चरणमा दुई सय मेगावाट बिजुली बिक्री गर्ने गरी भारतसँग मध्यकालीन विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने भएको छ। यही बर्खादेखि भारतमा सोबराबरको बिजुली बिक्री गर्ने गरी प्राधिकरणले भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)लाई पिपिएको मस्यौदा पठाएको हो।

अब भारत सरकारको आन्तरिक निकायले उक्त मस्यौदा पारित गर्नुपर्नेछ। त्यसपछि एनभिभिएनसँग पिपिए सम्झौता गर्ने प्राधिकरणको तयारी छ, जुन सम्झौताको अवधि मध्यकालीन अर्थात् पाँच वर्षको हुनेछ। यही बर्खादेखि विद्युत् बिक्री गर्ने गरी पिपिए तयारी अघि बढाएको प्राधिकरणका एक उच्च अधिकारीले बताए।



'भारतमा मध्यकालीन रूपमा विद्युत् बिक्री गर्ने गरी त्यहाँको विद्युत् व्यापार गर्ने कम्पनी एनभिभिएनलाई पिपिएको प्रस्ताव पठाएका छौं। अब छिट्टै पिपिए सम्झौता पनि हुनेछ,' उनले भने, 'यसअन्तर्गत यही बर्खादेखि विद्युत् निर्यात गर्ने योजना छ।'

हालैसम्पन्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा मध्यकालीन र दीर्घकालीन विद्युत् व्यापार गर्ने समझदारी भएको थियो। साथै, आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्ने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गरेका थिए। सोहीअन्तर्गत प्राधिकरणले पहिलो चरणमा दुई सय मेगावाट बिजुली बिक्री गर्ने गरी मध्यकालीन (पाँच वर्षको) पिपिए गर्न लागेको हो।

स्रोतका अनुसार यो सम्झौता प्रधानमन्त्रीको भारत भ्रमणमै गर्ने योजना थियो। तर, भारतीय पक्षको आन्तरिक तयारी नपुग्दा त्यो सफल हुन सकेन। 'प्रधानमन्त्रीकै भारत भ्रमणमा सम्झौता गर्ने तयारी थियो। तर, यससम्बन्धी मस्यौदा भारतको आन्तरिक निकायबाट पारित गर्न समय पुगेन,' ऊर्जा मन्त्रालयका एक अधिकारीले भने, 'यद्यपि, अब प्राधिकरण र भारतको एनभिभिएनले मध्यकालीन तथा दीर्घकालीन पिपिए गर्न सक्छन्।'

प्राधिकरणले बर्खामा भारतमा विद्युत् बिक्री गर्छ भने हिउँदमा आयात गर्दै आएको छ। नदी प्रवाहमा आधारित आयोजना बढी हुँदा नेपालमा बर्खामा बढी र हिउँदमा कम विद्युत् उत्पादन हुन्छ। सोही अवस्थालाई दृष्टिगत गर्दै तत्काललाई बर्खामा मात्रै विद्युत् निर्यात गर्ने गरी टेक अर पे (लेऊ वा तिर) मोडेलमा पिपिए गर्न लागिएको हो। यस मोडेलमा पिपिए गरेपछि खरिदकर्ता (भारत)ले विद्युत् किन्दिन भन्न पाउँदैन। साथै, बिक्रीकर्ता (प्राधिकरण)ले पनि तोकिएको अवधिमा अनिवार्य रूपमा विद्युत् उपलब्ध गराउनुपर्नेछ। नेपालमा विद्युत् उत्पादन् बढ्दै गएपछि हिउँदमा पनि बिक्री गर्ने गरी छुट्टै पिपिए गरिने स्रोतको भनाइ छ।

स्रोतका अनुसार प्रतियुनिट ५ भारु (८ नेपाली रुपैयाँ)भन्दा बढीको दरमा पिपिए गर्ने तयारी छ। अहिले प्रधिकरणले बर्खाको विद्युत् प्रतियुनिट चार रुपैयाँ ८० पैसामा खरिद गर्दै आएको छ। त्यसअनुसार उक्त दर उपयुक्त नै हुने स्रोतको दाबी छ।

अहिले प्राधिकरणले भारतको बिहारसँग प्रतियुनिट ७.२१ भारुमा विद्युत् आदान-प्रदान गर्दै आएको छ। तर, मध्यकालीन तथा दीर्घकालीन पिपिएमा त्यसबराबरको रेट पाउन गाह्रो हुने स्रोतको भनाइ छ। यद्यपि, प्राधिकरणले भारतको इनर्जी मार्केटमा प्रतियुनिट १२ भारुसम्ममा विद्युत् बिक्री गर्दै आएको छ।

अहिले नेपाल-भारतबीच अल्पकालीन रूपमा विद्युत् व्यापार हुँदै आएको छ। इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत दैनिक बिड गरेर प्राधिकरणले विद्युत् खरिद-बिक्री गर्छ। उक्त मोडेलमा भारतमा विद्युत् निर्यात गर्ने कार्यलाई निरन्तरता नै दिइनेछ। साथै, मध्यकालीन तथा दीर्घकालीन विद्युत् निर्यातलाई पनि सँगसँगै अघि बढाइने प्राधिकरणको योजना छ।

प्राधिकरणले यस वर्ष १२ सय मेगावाटसम्म विद्युत् भारतमा निर्यात गर्ने योजना बनाएको छ। त्यसमा दुई सय मेगावाट मध्यकालीन रूपमा र अन्य बिजुली एक्सचेन्ज मार्केटमै बिक्री गरिने प्राधिकरणको तयारी छ। नेपाल र भारतबीच सन् २०१४ मा विद्युत् व्यापार सम्झौता (पिटिए) भएको थियो। सोही सम्झौताअनुसार नै नेपाल र भारतबीच ऊर्जामा सहकार्य हुँदै आएको छ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/०२/२२ (नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीले प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सुविधा वापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम तथा सोमा लाग्ने हर्जाना, जरिवाना समेत यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरी तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र, ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको नयाँ बानेश्वरमा रहेको केन्द्रिय कार्यालयमा अवस्थित, ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरीवाना शुल्क आदि समेत चुक्ता फछर्यौट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानून बमोजिम कर्जा असूलीको लागि आवश्यक कानूनी कारवाही अगाडि बढाउनुका साथै ऋणी, प्रोप्राईटर, व्यक्तिगत तथा धितो जमानीकर्ताहरूको (तीन पुस्ता सहित) नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौ ।

तपसिल

ऋणी/ प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताहरु को नाम, थर र वतन

ऋणी: नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य तथा आपुर्ती तथा उपभोक्ता सरंक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोक्ता सरंक्षण कार्यालयमा प्रा.फ.र.नं ३१९२९।०७०।७१ मिति २०७०/१०/०९ मा दर्ता भई विरगंज, २४ रामगढवा, पर्सा नेपालमा रजिष्टर्ड कार्यालय रहेको **अमृता किराना पसल**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता: जादोलाल महतो नुनियाकी छोरी, रामचन्द्र महतो नुनियाकी बुहारी, जयचन्द्र प्रसाद नुनियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा न. ५, नेपाल स्थायी घर भई हाल ऐ ऐ, बस्ने ना.प्र.नं. ३४–०१–७०–०८०२४, (जारी स्थान र मिति : पर्सा, २०७०।०६।१६) बर्ष ४६ की **श्री सरीता देवी**

व्यक्तिगत जमानतकर्ता: रामानन्द महतो नुनियाकी बुहारी, नथु चौधरीकी छोरी, शम्भु प्रसाद ननियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५, नेपाल स्थायी घर भै ऐ ऐ, बस्ने ना.प्र.नं. ३४३०६८/३० (जारी स्थान र मिति : पर्सा, २०६३।१२।११) बर्ष ४९ की **श्री रेन्जु देवी**

व्यक्तिगत जमानतकर्ता तथा धितो जमानीकर्ता: राम गोबिन्द महतोको नाती, रामानन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने ना.प्र.नं. ८०२३१४१५, (जारी स्थान र मिति : पर्सा २०४४।१२।१०) बर्ष ५७ का **श्री शम्भु प्रसाद नुनिया**

व्यक्तिगत जमानतकर्ता तथा धितो जमानीकर्ता: राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५ बस्ने ना.प्र.नं. ८०२३१४८९, (जारी स्थान र मिति : पर्सा २०४४।१२।१३) बर्ष ५६ का **श्री जय प्रकाश महतो**

व्यक्तिगत जमानतकर्ता तथा धितो जमानीकर्ता: राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने ना.प्र.नं. २२९/८०२३१४४९, (जारी स्थान र मिति : पर्सा २०५८।०६।०७) बर्ष ५२ का **श्री जय नारायण प्रसाद नुनिया**

व्यक्तिगत जमानतकर्ता तथा धितो जमानीकर्ता: राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने ना.प्र.नं. २३०/८०२३१४५०, (जारी स्थान र मिति : पर्सा २०५८।०६।०७) बर्ष ४८ का **श्री जयचन्द्र प्रसाद नुनिया**

धितोको विवरण

सि.नं	जग्गाधनीको नाम	जिल्ला/न.पा	वडा नं.	कित्ता नं.	क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि
१.	शम्भु प्रसाद नुनिया	पर्सा/बहुअर्वा भाड्डा	४	९६८	०–०–१६–०
२.	ऐ	ऐ	ऐ	९७०	०–६–६–०
३.	ऐ	ऐ	ऐ	४७७	०–१–१६–०
४.	ऐ	ऐ	ऐ	१३७	०–३–१०–०
५.	ऐ	ऐ	ऐ	६१५	०–१–१६–०
६.	ऐ	ऐ	ऐ	६१४	०–१–१६–०
७.	जय प्रकाश महतो	पर्सा/रामगढवा	०८	५७६	१००.५० व.मि.
८.	ऐ	ऐ	ऐ	५८०	९३.१२ व.मि.
९.	ऐ	ऐ	ऐ	५७४	६३.४० व.मि.
१०.	जय नारायण प्रसाद नुनिया	पर्सा/रामगढवा	८	५७८	८२.४० व.मि.
११.	ऐ	ऐ	७	३५	१२६.०० व.मि.
१२.	ऐ	ऐ	८	६१६	३८.१० व.मि.
१३.	जयचन्द्र प्रसाद नुनिया	पर्सा/रामगढवा	८	६१५	२७.६५ व.मि.
१४.	ऐ	ऐ	ऐ	५७५	६३.४१ व.मि.
१५.	ऐ	ऐ	ऐ	५७७	७१.०५ व.मि.
१६.	ऐ	ऐ	ऐ	५७९	७६.१९ व.मि.

कोकाकोलाको 'चिल एन्ड विन' क्याम्पेन

काठमाडौं/ कोकाकोलाले आफ्ना उपभोक्ताका लागि प्रमोसनल क्याम्पेन 'चिल एन्ड विन' योजना ल्याएको छ। कम्पनीले उपभोक्तालाई स्मार्ट फोन र मोबाइल रिचार्जजस्ता उपहारहरू जित्ने सुनौलो अवसरसहितको क्याम्पेन सुरु गरेको हो।

यो क्याम्पेन कोकाकोला नेपालको अहिलेसम्मकै सबैभन्दा ठूलो प्रमोसनल क्याम्पेन रहेको जनाइएको छ। यसका अफरहरू स्प्राइट र फ्यान्टाको पेट बोतलहरूमा पनि उपलब्ध रहेको कम्पनीले जनाएको छ।

उपहार प्राप्त गर्नका लागि युनिक कोडका लागि विशेष रूपमा चिह्न लगाइएको पेट बोतलहरूको लेबलमा वा आरजिबी बोतलहरूको क्राउनमुनि चेक गर्नुपर्ने जनाइएको छ। क्याम्पेनको वेबसाइटमा कोड राखेर वा एसएमएसमार्फत कोड पठाएर प्रत्येक दिन एक विजेतालाई स्मार्ट फोन प्रदान गरिने कम्पनीले उल्लेख गरेको छ। सहभागीहरूले पाँच सय रुपैयाँसम्मको मोबाइल रिचार्ज पनि जित्न सक्ने कम्पनीले जनाएको छ। यो योजना नेपालभर कोकाकोला, स्प्राइट र फ्यान्टाको एक सय ७५ मिलि तथा दुई सय ५० मिलिको सिसाको बोतल र दुई सय ५० मिलि तथा पाँच सय मिलि पेट बोतलमा लागू हुने जनाइएको छ।

उपभोक्तालाई आफ्नो पुरस्कार दाबी गर्न सजिलो होस् भन्ने उद्देश्यले कम्पनीले डिजिटल पेमेन्ट पार्टनरका रूपमा खल्तीसँग सहकार्य गरेको जनाएको छ। जसले गर्दा विजेताहरूले तुरुन्तै आफूले जितेको रकम प्रयोग गर्न पाउने कम्पनीको भनाइ छ। बढ्दो गर्मीलाई लक्षित गरेर ल्याइएको 'चिल एन्ड विन' क्याम्पेन जेठ ६ देखि असार ३० सम्म लागू हुने उल्लेख छ।

वातावरणमैत्री घर बनाउनेलाई नबिलको कर्जा योजना

नयाँ पत्रिका



नबिल बैंकले वातावरणमैत्री घर निर्माण गर्नेलाई कर्जाको योजना ल्याएको छ। विश्व वातावरण दिवसको पूर्वसन्ध्याको अवसर पारेर बैंकले दिगो घरकर्जा योजना (सस्टेनेबल हाउजिङ लोन)का रूपमा यो योजना सार्वजनिक गरेको हो।

दिगो बैंकिङ अवधारणाअनुसार नयाँ प्रडक्ट सार्वजनिक गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए।

उनका अनुसार बैंकले स्मार्ट पानी र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा यो कर्जा कार्यक्रम सुरु गरेको हो। उनले भने, 'ऊर्जा खपतलाई कम गरेर, ऊर्जा नवीकरणको अवधारणालाई आत्मसात् गर्दै र सौर्य ऊर्जाको समेत प्रयोगजस्ता वातावरणमैत्री उपायहरू अवलम्बन गरी निर्माण गरिने घरमा यो कर्जा सदुपयोग होस् भन्ने हाम्रो उद्देश्य हो।'

बैंकका अध्यक्ष उपेन्द्र पौडेलले हालसम्म एउटा पक्षलाई लक्षित गरेर कर्जा दिने गरेकोमा अबका दिनमा सबै पक्षलाई समेट्दै लैजाने बताए। उनले भने, 'यस्तो कर्जा लिनका लागि ऊर्जा किफायत, स्थानीय उत्पादनको प्रयोग, पानीको संरक्षणजस्ता विषयलाई मध्यनजर गरिनेछ।' यो कर्जा योजनाको उद्देश्य वैकल्पिक ऊर्जाको खपत बढाउने, जीवाश्म इन्धनको खपत घटाउने र स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्ने रहेको उनको भनाइ थियो। अध्यक्ष पौडेलले थपे, 'यो कर्जा घर निर्माणमा मात्र होइन, निर्मित घरलाई वातावरणमैत्री बनाउन पनि दिइन्छ। मूलतः बैंकिङ प्रणालीमार्फत वातावरणका मुद्दालाई सम्बोधन गर्ने हाम्रो प्रयास हो।'

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नबिल बैंकसँग यसअघि पनि साझेदारीमा काम गरिरहेको र आगामी दिनमा समेत थप सहकार्य गर्ने केन्द्रका कार्यकारी निर्देशक नवराज दाहालले बताए।

के-के छन् सुविधाहरू ?

यो कर्जामा ब्याजदर हालको आधारदरमा १ प्रतिशत थप गरेर लिन पाइने व्यवस्था छ। त्यस्तै, १०.४९ प्रतिशतको स्थिर ब्याजदरमा समेत यो कर्जा पाइन्छ। तर, यो सात वर्षको अवधिका लागि मात्रै हुनेछ। त्यसपछि बैंकले बजारको अवस्था हेरेर ब्याजदर निर्धारण गर्ने उल्लेख छ। यसरी ब्याजदर निर्धारण गर्दासमेत न्यूनतम दरमा प्रिमियम लिनेमा नबिल बैंक प्रतिबद्ध रहेको जनाएको छ।

यो कर्जाको अवधि २० वर्षको हुनेछ। कर्जाको सीमा सात लाखदेखि अधिकतम पाँच करोड रुपैयाँसम्म तोकको छ। त्यस्तै, यो योजनामा समावेश हुने ग्राहकलाई निःशुल्क रूपमा दुई लाख रुपैयाँसम्म लिमिट भएको क्रेडिट कार्डको समेत व्यवस्था छ। बैंकको यो सुविधा लिन मूलतः पाँचवटा सर्त छन्। पानी व्यवस्थापन तथा संरक्षण, फोहोरमैला व्यवस्थापन र ऊर्जा किफायती सामग्री प्रयोग मुख्य तीन सर्त रहेका छन्। त्यस्तै, महत्व दिए तापनि अनिवार्य नगरेको सर्तमा भने नवीकरणीय ऊर्जा र भूमिगत एयर कन्डिसन सिस्टम रहेका छन्।

यो कर्जा प्राप्त गर्नका लागि ग्राहकले निर्माण गर्न लागेको घरको हकमा घरको नक्सापास पेस गर्नुपर्नेछ भने उक्त नक्सामा वर्षाको पानी संकलन र संरक्षण गर्ने प्रविधि, फोहोर व्यवस्थापन गर्ने प्रविधि तथा किफायती ऊर्जा सामग्रीहरू जस्तै, सिएफएल, एलइडी लाइटहरूको प्रयोग, सोलार प्रविधिबाट पानी तताउने र किफायती बिजुलीको प्रयोग गरी खाना पकाउने प्रविधि जस्तै, इन्डक्सन कुकिङ आदि प्रविधिहरू समावेश भएको हुनुपर्ने उल्लेख छ।

बजेटप्रति निर्माण व्यवसायीको असन्तुष्टि

काठमाडौं/ आव ०८०/८१ को बजेटमार्फत सरकारले आफ्ना महत्त्वपूर्ण मागहरू सम्बोधन नगरेको भन्दै नेपाल निर्माण व्यवसायी महासंघ आन्दोलित भएको छ। आगामी असार ४ गतेसम्म सरकारले माग सम्बोधन नगरे देशभरका निर्माण कार्यहरू ठप्प गरी व्यवसायीहरूले इजाजतपत्र राज्यलाई बुझाउने भएका छन्।

आइतबार महासंघ सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले म्याद थप, भुक्तानी, मूल्य समायोजनलगायतका व्यवसायीहरूका अत्यन्त महत्त्वपूर्ण मागबारे बजेटमा केही सम्बोधन नभएको बताए। माग पूरा गर्ने प्रतिबद्धता जनाउने, तर व्यवहारमा कार्यान्वयन नगर्ने सरकारी रबैयाका कारण व्यवसायीहरूको धैर्यताको बाँध फुटेको उनको भनाइ थियो। राज्यसँग मूल्य समायोजनसहित एकमुष्ट रूपमा ०८१ असार मसान्तसम्म सबै आयोजनाहरूको म्याद थप गर्नुको विकल्प नभएको अध्यक्ष सिंहले बताए।

व्यवसायीहरू आन्दोलित भएको खण्डमा काठमाडौंमा आगामी मंसिर ५ देखि ९ सम्म हुन लागेको ४६औं इफाप्का सम्मेलनको तयारीमा ठूलो गतिरोध आउने उनको भनाइ थियो। हाल इफाप्काको अध्यक्षसमेत रहेका अध्यक्ष सिंहले यसले अन्तर्राष्ट्रिय समुदायसमक्ष देशको प्रतिष्ठामा नै आँच आउने खतरातर्फ पनि अध्यक्ष सिंहले सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपाई ऋणी सदस्यले प्राप्त गर्नु भएको कर्जाको यस संस्था संग गरेको सम्झौता र लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर भुक्तान गर्न पटक-पटक मौखिक लिखित जानकारी गराउँदा तथा मिति २०७९/९/१९, २०७९/१०/२६ र २०७९/११/१६ मा नयाँ पत्रीका दैनिकमा कर्जा चुक्ता गर्न आउने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरीदा समेत कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाएको हुनाले कर्जा लिदाँ धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामी बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएकाले सहकारी नियमावली २०७५, सहकारी ऐन २०७४ बमोजिम धितो लिलामी बिक्रीका लागी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यस सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र ऋण चुक्ता गर्ने अधिल्लो दिन सम्मको सावाँ, ब्याज एवंम अन्य दस्तुर समेतको सम्पुर्ण रकम भुक्तानी गरी आफ्नो सम्पती फुकुवा गरी लिन ऋणी तथा सम्वन्धीत जमानी कर्ताहरुलाई पुनः जानकारी गराइन्छ। अन्यथा यो सूचना प्रकाशित भएको ३६ औं दिनमा निम्न मिति, समय र स्थानमा निम्न सर्तहरूको अधिनमा डाक बढाबटबाट धितो लिलाम बिक्री गरीने भएकाले खरिद गर्न ईच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरूलाई यसै सूचनाद्धारा आव्हान गरीन्छ। साथै धितो लिलाम बिक्री गर्दा सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पतीबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ।

ऋणको विरण	धितोमा रहेको सम्पतिको बिवरण
नाम : सर्मिला खड्का बाबु : समर बहादुर खड्का बाजे : टेक बहादुर खड्का ठेगाना : नुवाकोट जिल्ला, बिदुर न.पा. वडा ११ ना.प्र.न. : ५६३६० नुवाकोट	सर्मिला खड्काको नाममा मालपोत कार्यालय ललीतपुरको लगतमा श्रेस्तादर्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.वि.स. वडा न. ३ (क) हाल महालक्ष्मि नगरपालिका वडा न. ३ स्थित कि. न. ६२३ को क्षेत्रफल ०-३-३-० को जग्गा

उन्नति बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर महानगरपालिका वडा नं १५ सातदोवाटो ललितपुर
फोन नं ०१-५२०१०५६, ५८०११५३२५५

उपमा बचत तथा ऋण सहकारी संस्था लि.

अनामनगर, काठमाण्डौं । फोन : ०१-४१०२६५८

कर्जा चुक्ता गर्न आव्हान गरिएको ३५ दिने सूचना

तपसीलमा उल्लेखित व्यक्तिले यस संस्थाबाट लिएको कर्जाको लिखत बमोजिम संस्थालाई तिर्नू बुझाउनु पर्ने साँवा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको ऋण सम्बन्धी शर्त बन्देजहरु निर्यामित रुपमा परिपालना नगरेको हुदा यो सूचना जारी गरिएको छ। तसर्थ यो सूचना प्रकाशीत भएको मितिले ३५ दिन भित्र कर्जाको लिखत एंव शर्त बमोजिम साँवा ब्याज समेतको सम्पूर्ण रकम चुक्ता भुक्तानी गर्न यसै सूचनाबाट अनुरोध गरिएको छ। कर्जा निर्यामित नभएमा सहकारी ऐन २०७४ को दफा ७९ सहकारी नियमावली २०७५ को नियम ३० र संस्थाको विनीयम अनुसार धितो सुरक्षण लिलाम विक्रि गरि ऋण असूलउपर गर्न प्रक्रिया प्रारंभ गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम, थर र ठेगाना	फोटो	धितो सुरक्षणको विवरण
लक्ष्मी लिम्बु धरान उ.म.न.पा वडा नं १०		लगत सम्सेर लिम्बुको छोरी डिल्ली प्रसाद लिम्बुको पत्नी लक्ष्मी लिम्बुको नाममा मालपोत कार्यालय धरान सुनसरीमा दर्ता कायम रहेको धरान उ.म.न.पा वडा नं ८ को कि.नं ३४३७ क्षेत्रफल ०-०-१०-० जग्गा तथा सो मा बनेको घर समेत।

सनराइज बैंक लिमिटेडको कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस बैंकको तपशिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जाको सम्झौता बमोजिम बुझाउनु पर्ने साँवा ब्याज लगायतको बक्यौता रकम भुक्तानी मिति समाप्त भई कर्जा तिर्न पटक पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन सम्बन्धित ऋणी, ऋणी फर्मका प्रोप्राइटर, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरे नगराएमा ऋणी, ऋणी फर्मका प्रोप्राइटर, जमानतकर्ता तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई कालोसूचीमा समाविष्ट गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति तथा ऋणी, ऋणी फर्मका प्रोप्राइटर, जमानतकर्ता तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कानुनी प्रक्रिया शुरु गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

क.सं.		
	शाखा कार्यालय : टाँडी, चितवन	
	ऋणी तथा जमानतकर्ता :	
१.	पदम बहादुर ढुङ्गेलको नाती, ज्ञान बहादुर ढुङ्गेलको छोरा, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ बस्ने **राम बाबु ढुङ्गेल** (ना.प्र.नं. ३३७१, जि.प्र.का. चितवनबाट मिति २०४०/१०/२६ मा जारी)।	
	जमानतकर्ता :	
	ज्ञान बहादुर ढुङ्गेलको बुहारी, राम बाबु ढुङ्गेलको पत्नी, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ बस्ने **प्रतिमा देवी क्षेत्री** (ना.प्र.नं. ५७३७, जि.प्र.का. चितवनबाट मिति २०४३/०४/०७ मा जारी)।	ज्ञान बहादुर ढुङ्गेलको नाती, राम बाबु ढुङ्गेलको छोरा, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ बस्ने **सुदर्शन क्षेत्री** (ना.प्र.नं. ८४२८/०६०, जि.प्र.का. चितवनबाट मिति २०६०/०७/१२ मा जारी)।
	धितो सुरक्षणको विवरण :	
	राम बाबु ढुङ्गेलको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या वडा नं. ५ ग स्थित कित्ता नं. १६७९ को क्षेत्रफल क्रमशः ९०.७८ वर्ग मिटर भएको घरजग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क.सं.	**शाखा कार्यालय : धनगढी, कैलाली**	
	ऋणी तथा जमानतकर्ता :	**जमानतकर्ता :**
१.	कृष्ण राम जोशीको नातिनी, नवराज हमालको छोरी, बझाड जिल्ला, कालुखेती न.पा/गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा/गा.वि.स. वडा नं. ७ बस्ने **सविना कुमारी हमाल** (ना.प्र.नं. ७१०२७, जि.प्र.का. बझाडबाट मिति २०६४/०२/३१ मा जारी)।	दल बहादुर कलेलको नाती, शालिभान कलेलको छोरा, डोटी जिल्ला, बछैन न.पा/गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला. धनगढी उ.म.न.पा/गा.वि.स. वडा नं. ७ बस्ने **दिपेन्द्र कलेल** (ना.प्र.नं. ७/१९९९०/११६४, जि.प्र.का डोटीबाट मिति २०६०/०२/२८ मा जारी)।
	धितो सुरक्षणको विवरण :	
	सविना कुमारी हमालको नाममा मालपोत कार्यालय धनगढीमा दर्ता कायम रहेको कैलाली जिल्ला, वेलादेवीपुर गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १९२ को क्षेत्रफल १,५७५.०० व.मी भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क.सं.	**शाखा कार्यालय : हेटौंडा, मकवानपुर**	
	ऋणी तथा जमानतकर्ता :	**जमानतकर्ता :**
१.	अशोक श्रेष्ठको बुहारी, अभिषेक श्रेष्ठको पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी गा.पा. वडा नं. ८, स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **करुणा थिङ्** (ना.प्र.नं. १८/१३७९८, जि.प्र.का. मकवानपुरबाट मिति २०६१/०१/२१ मा जारी)।	सानु भाई श्रेष्ठको नाती, अशोक श्रेष्ठको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा .वडा नं. ३, स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २, बस्ने **अभिषेक श्रेष्ठ** (ना.प्र.नं. ३०/२१३१३ जि.प्र.का. मकवानपुर बाट मिति २०६१/१२/२८ मा जारी)
	धितो सुरक्षणको विवरण :	
	करुणा थिङको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.पा. वडा नं. ८ स्थित कि.नं. ४८८ को क्षेत्रफल ०-३-० (बि.क.धु.) भएको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क.सं.	**शाखा कार्यालय : तिनकुने, काठमाण्डौं**	
	ऋणी :	
१.	कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १३०५२५/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/२१ मा रजिष्टर्ड दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २३ स्थित **श्री विजुशा इन्टरनेशनल ट्रेडर्स प्रा.लि.**।	
	प्रोप्राइटर तथा जमानतकर्ता :	**जमानतकर्ता :**
	भैरव दान नौलखाको नातिनी, विजय राज नौलखाको छोरी, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १ स्थाई ठेगान भइ हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २३ बस्ने **अनुराधा नौलखा** (ना.प्र.नं. ७६०/८२४३, जि.प्र.का काठमाण्डौबाट मिति २०५६/१०/०४ मा जारी)।	गिरधरीलाल टिवडेवालको नाती, नरेश टिवडेवालको छोरा, भारत, महाराष्ट्र स्थाइ ठेगान भइ हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २३ बस्ने **आदित्य टिवडेवाल** (पासपोर्ट नं. Z2264365 भारत गणराज्यबाट ई.सं. २०११/०७/०४ मा जारी)।
	धितो सुरक्षणको विवरण :	
	१. अनुराधा नौलखाको नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ९ स्थित कित्ता नं. १७०, २५२, ४१८, १०८ र १३४ को क्षेत्रफल क्रमशः ०-०-१५-०, ०-०-१२-०, ०-१-०-०, ०-०-१३-२ र ०-०-२-० (बिगाहा) भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।	

नोट : सूचनामा उल्लेखित ऋणी तथा जमानतकर्ता बाहेक अन्य व्यक्तिहरुको नाम तथा विवरणहरु ऋणी तथा जमानतकर्ताहरुको परिचय खुलाउनको लागि मात्र प्रयोग भएको।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै

प्रधान कार्यालय तथा मुख्य शाखा: गैहिधारा, काठमाण्डौ
टोल फ्रि नम्बर: १६६००१२२४४४, फोन: ४००४५६०-६४
फ्याक्स: +९७७-०१-४४२२४७५, इमेल: info@sunrisebank.com.np

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल जेठ महिना २२ गते सोमबार)

यस विकास बैंक लि.को शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्न बुझाउन पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएको तथा सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना समेत प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र पनि बैकलाई तिर्न बुझाउन बाँकी साँवा ब्याज तथा हर्जाना नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय भैरहवामा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण	व्यक्तिगत धनजमानीहरुको विवरण
नाम : **टिकामणी पुन** बाबुको नाम : खडक ध्वज पुन बाजेको नाम : अमर पुन स्थायी ठेगाना : रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ९ हालको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. ११ ना.प्र नं. : २१४७५ जारी मिति : २०४८/१०/२४, रुपन्देही	१. नाम : **शोभा पुन** बाबुको नाम : छविलाल रेश्मी पतिको नाम : टिकामणी पुन ससुराको नाम : खडक ध्वज पुन स्थायी ठेगाना : रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ९ हालको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. ११ ना.प्र नं. : ९०८७ जारी मिति : २०५७/०१/२१, रुपन्देही
व्यक्तिगत धनजमानीहरुको विवरण	
२. नाम : **निशान पुन** बाबुको नाम : टिकामणी पुन बाजेको नाम : खडक ध्वज पुन ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. ११ ना.प्र नं. : ३७-०२-७२-०३९२३ जारी मिति : २०७२/०५/१८, रुपन्देही	३. नाम : **उमेश थापा** बाबुको नाम : खेम बहादुर थापा पतिको नाम : हेम बहादुर थापा ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १ ना.प्र नं. : १७७७१ जारी मिति : २०५७/०८/०८, रुपन्देही

धितो सुरक्षण सम्बन्धि विवरण : धनी यस बैंक र ऋणी टिकामणी पुन कायम रहेको तपसिल सवारी साधन

सवारी दर्ता नं.	इन्जिन नं.	च्यासिस नं.	बनेको वर्ष	मोडेल
लु १ ज ३६९८	483DLTC55JSYJ17127	MAT460072HUR03063	२०१७	TATA Winger, Monocoque passenger van

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण:
१. मिति २०७९/०५/२१ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२. मिति २०७९/१०/१९ को कारोबार राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

शर्त बन्देजहरू :
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८०/०३/०४ गते सोमवार यस बैंकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०३/०५ गते मंगलबार अर्थात १६ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सफ्टवेरिका कलेजका विद्यार्थी बेलायत भ्रमणमा जाने



काठमाडौं/ सफ्टवेरिका कलेजले 'कोभेन्ट्री युनिभर्सिटी इमरसन २०२३' मा सहभागी हुन १० जना नेपाली विद्यार्थी बेलायत पठाउने भएको छ। कलेजले प्रत्येक वर्ष विद्यार्थीलाई अध्ययन भ्रमणका रूपमा बेलायत भ्रमणमा लैजाने क्रममा १० जना छनोट भएका हुन्।

यस कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीलाई व्याख्यान कक्षा, कार्यशाला, अनुभव-साझेदारी सत्र, र समूह छलफलजस्ता विभिन्न गतिविधिमार्फत युके शिक्षा विधिहरूमा व्यावहारिक, हातेमालो अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्नु रहेको कलेजले जनाएको छ। क्याम्पस प्रमुख प्रमोद पौडेलका अनुसार विद्यार्थी फर्केपछि उनीहरूले आफ्नो नयाँ सीपको उपयोग गरी आफ्नो संस्थामा राम्रो सिक्ने वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको छ। विद्यार्थीलाई सिकाइ अनुभवमा पूर्णतया सहभागिता जनाउन र भ्रमण सफल बनाउन सम्पूर्ण खर्चका साथै सबै जिम्मेवारी कलेजले लिइरहेको उनले बताए।

भ्रमणका लागि छनोट भएका एक विद्यार्थीले कलेजले आफ्नो कडा परिश्रम, राम्रो अंक र कलेजप्रतिको जिम्मेवारी कदर र प्रशंसा भइरहेको छ भन्ने अनुभव भएको बताइन्। यात्राबाट नयाँ उद्देश्यका साथ फर्कन चाहेको उनको भनाइ छ। सफ्टवेरिकाका सक्रिय विद्यार्थीसँग प्रभावकारी शिक्षण विधिहरू लागू गर्न र सिक्ने अनुभवलाई सबैका लागि अझ उत्पादक बनाउन सहकार्य गर्ने उनको योजना छ।

सफ्टवेरिका कलेजले कोभेन्ट्री युनिभर्सिटीसँगको सहकार्यमा बिएससी (अनर्स) कम्प्युटिङ, बिएससी (अनर्स) इथिकल क्याकिङ एन्ड साइबर सेक्युरिटी र एमएससी डाटा साइन्स एन्ड कम्प्युटेसनल इन्टेलिजेन्सजस्ता कोर्स सञ्चालन गर्दै आएको जनाएको छ।

असोज दोस्रो साता फर्निचर एक्स्पो



काठमाडौं/ असोज दोस्रो साता राजधानीको भृकुटीमण्डपमा नवौं संस्करणको फर्निचर एक्स्पो आयोजना हुने भएको छ। नेपाल फर्निचर तथा फर्निसिङ संघ (एनएफएफए)ले असोज १० देखि १४ गतेसम्म तदनुसार सेप्टेम्बर २७ देखि अक्टोबर १ सम्म एक्स्पो आयोजना गर्न लागेको हो।

एक्स्पोको लन्चिङ कार्यक्रमको आयोजना गरी आयोजकले एक्स्पोका सम्बन्धमा औपचारिक जानकारी गराएको हो। इभेन्ट लन्चिङकै दिनदेखि एक्स्पोको स्टल बुकिङ खुला गरिएको र पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा बुकिङ खुला गरिएकोमा कार्यक्

ऐनविपरीत...

पृष्ठ १ बाट क्रमशः

आयोजनालाई सर्तसहित दिन पाइने व्यवस्थाको अपव्याख्या

वन ऐन, २०७६ का व्यवस्था उल्लेख गरेर दफामा उल्लेख भएभन्दा फरक ढंगले सरकारले उक्त जग्गा व्यापारिक प्रयोजनका लागि निजी उद्योगलाई सुम्पेको छ। ऐनको दफा ४२ र ४३ मा सर्तसहित त्यो पनि आयोजनाका हकमा मात्र राष्ट्रिय वन प्रयोग गर्न दिने व्यवस्था छ। तर, मन्त्रिपरिषद्ले व्यापारिक प्रयोजनका लागि वन क्षेत्र सुम्पेको छ।

ऐनको परिच्छेद १२ को विकास आयोजनासम्बन्धी व्यवस्थाअन्तर्गत दफा ४२ मा विकास आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्न पाइनेसम्बन्धी व्यवस्था छ। त्यसमा 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वन क्षेत्र प्रयोग गर्नुबाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानुनबमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिने' व्यवस्था छ।

दफा ४३ मा खनिज कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेसम्बन्धी व्यवस्था छ। उपदफा १ मा राष्ट्रिय वनभित्र खनिज पदार्थ भए-नभएको अन्वेषण गर्नुपर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले सोका लागि अनुमति दिने व्यवस्था छ। उपदफा २ मा त्यस्तो अन्वेषणबाट राष्ट्रिय वनभित्र सुन, चाँदी, तामा, फलामजस्ता खनिज पदार्थ रहेको पत्ता लागी उत्खनन गर्नुपरेमा प्रचलित कानुनबमोजिम

- **दीपक कार्की**, साइट म्यानेजर, मारुती सिमेन्ट

थप क्षेत्रफल प्राप्त भएको जानकारी छ। तर, थप भएको क्षेत्रको विषयमा मलाई धेरै जानकारी हुँदैन। मैले उत्पादन हेर्ने हो। थप भएको क्षेत्रमा काम सुरु भइसकेको छैन, अर्को वर्षदेखि काम सुरु होला।

- **विश्वनाथ ओली**, पूर्ववनसचिव

सिमेन्ट उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/उद्योग भनिएको छ। यो दिन मिल्छ। दिएको अभ्यास पनि छ।

वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन गर्न नेपाल सरकारले वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ। तर, राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उल्लिखित खनिज पदार्थबाहेक वन क्षेत्रबाट अन्य खनिजजन्य वन पैदावर उत्खनन गर्न पाइनेछैन भन्ने व्यवस्था छ।

वन नियमावली, २०७९ को नियम ८७ मा विकास आयोजनाको तर्जुमा गर्दा सम्भव भएसम्म राष्ट्रिय वन क्षेत्र नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय आवश्यक पर्ने व्यवस्था नियमावलीमा छ। उसो त ऐनले नै योजना-आयोजना भन्नाले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजना भनी स्पष्ट रूपमा किटान गरिसकेको छ। योजना आयोगले मारुती सिमेन्ट्स लिमिटेडलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग भनेको छ, आयोजना होइन। दफा ४३ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांशमा आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्ने प्रयोजनका लागि मात्र राष्ट्रिय वन क्षेत्रबाट खनिजजन्य वन पैदावार उत्खनन गर्न पाइने व्यवस्था छ। त्यसबाहेक वन क्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार उत्खनन गर्न नपाइने व्यवस्था ऐनमा छ।

संसद्ले बनाएको ऐनलाई योजना आयोगको निर्णयले काटेको अनौठो दसी

वनमन्त्रीले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेपछि निर्णयको सहजीकरणका लागि राष्ट्रिय योजना आयोगबाट मापदण्ड तयार गरेर स्वीकृतसमेत गरिएको थियो। योजना आयोगले गत ७ मंसिरमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ जारी गरेर मारुतीको राष्ट्रिय वन क्षेत्र प्राप्तिको उद्देश्यलाई सहजीकरण गरिदिएको थियो।

मापदण्डले ऐनको व्यवस्थालाई नाघेर राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना र विकास आयोजना सम्बन्धमा व्यवस्था गरेको छ। मापदण्डले राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना भन्नाले सरकारी वा सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने विकास आयोजनालाई सम्झनुपर्ने भनेको छ। विकास आयोजनाका हकमा वन ऐनबमोजिम वन क्षेत्र प्रयोग गर्न अनुमति प्राप्त गरेको विकास आयोजना हुने र त्यसले खनिज पदार्थ उत्खनन गरी प्रशोधन, बिक्री-वितरण गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त आयोजनासमेतलाई सम्झनुपर्ने भनेको छ। जब कि ऐनले आयोजनामा प्रयोग हुने मात्रामा मात्र खनिज पदार्थ निकाल्न मिल्ने भनेको छ। ऐनलाई नाघेर मापदण्डमा उत्खनन गरी प्रशोधन र बिक्री-वितरण गर्नेसम्मको व्यवस्था गरेको छ।

राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाका हकमा न्यूनतम मापदण्ड तोकेर राष्ट्रिय वन लिन सक्ने गरी व्यवस्था गरिएको छ। जसअनुसार राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना हुन विस्तृत आयोजना प्रतिवेदन तयार भएको, स्रोत/लगानी सुनिश्चितताको प्रमाण भएको, चालू आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्रभित्र परेको, आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको पत्र र सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय हुनुपर्छ।

चुनढुंगा...

पृष्ठ १ बाट क्रमशः

गर्ने र आवश्यकताअनुसार कारखानामा पुऱ्याउँछ।

अनुमतिविना वन क्षेत्र उत्खननबारे वन डिभिजनल अधिकृतको जवाफ- अतिक्रमण गरेको थाहा छैन

मारुती सिमेन्ट उद्योगले तत्कालीन ककुरठाकुर गाविसमा सात हेक्टर क्षेत्रफल मात्रै उत्खनन गर्ने अनुमति पाएको थियो। तर, हाल उद्योगले अनुमति पाएकोबाहेक कयौं गुणा धेरै उत्खनन गरिरहेको दुधौली- १४ का तत्कालीन वडाध्यक्ष लीलाबहादुर थापामगरले बताए।

तर, वन संरक्षणको जिम्मा पाएको डिभिजन वन कार्यालय सिन्धुलीका प्रमुख कृष्णराज न्यौपाने सिमेन्ट उद्योगले वन अतिक्रमण गरेको विषय आफूलाई जानकारी नभएको बताउँछन्। 'मारुती सिमेन्ट उद्योगले हाल उत्खनन गर्दै आएको क्षेत्रमा खानी विभागले अनुगमन र स्वीकृति दिने हो। उद्योगले ५० हेक्टर क्षेत्रफलको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गरी विभागलाई बुझाएको र विभागले पनि स्वीकृत गरी मन्त्रालयमा पठाएको देखिन्छ, स्वीकृति भए-नभएको विषयमा हामीलाई जानकारी प्राप्त छैन,' उनले भने, 'काजगपत्र हेर्दा उद्योगले सात हेक्टर क्षेत्रफलमा उत्खनन गर्ने अनुमति पाएको देखिन्छ, यसको अनुगमन गर्ने अधिकार भूगर्भ विभाग र वन तथा उद्योग मन्त्रालयलाई छ।' राज्यको स्वीकृतिविना वन अतिक्रमण गर्ने अधिकार कसैलाई पनि नभएको भने उनले बताए।

वन अतिक्रमणसँगै कर पनि मनोमानी, अदालतबाटै उन्मुक्ति

मारुती सिमेन्टले वन अतिक्रमण मात्रै गरेको छैन, कर पनि मनोमानी गरेको छ जसलाई अदालतले नै उन्मुक्ति दिएको छ। तत्कालीन जिल्ला विकास समिति सिन्धुलीले लिँदै आएको स्थानीय करमा अदालतले रोक लगाएपछि कारखानाले त्यसैको नजिरलाई अंगीकार गर्दै हाल स्थानीय तहलाई पनि कर नतिर्ने गरेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले वातावरण प्रदूषण कर लिने गरेको भए पनि संघीय सरकारलाई कर तिर्ने गरेको भन्दै उद्योगले स्थानीय तहलाई नतिरेको हो।

२९ फागुन ०६५ मा सम्पन्न जिल्ला परिषद्ले मारुती सिमेन्टबाट उत्खनन भएको कच्चा पदार्थबापत प्रतिक्युफिट एक रुपैयाँ ७५ पैसाको दरले कर उठाउने निर्णय गरेपछि जिविसले एक आर्थिक वर्षका लागि ५० लाखमा ठेक्का दिने निर्णय गरेको थियो। तर, उक्त निर्णयविरुद्ध जिविस, जिल्ला परिषद् र जिल्ला विकास समितिको कार्यालयलाई विपक्षी बनाउँदै मारुती सिमेन्ट कारखानाका महाप्रबन्धक राधेश्यामप्रसाद चौरासियाले पुनरावेदन अदालत जनकपुरमा मुद्दा दायर गरे। २१ पुस ०६६ मा कारखाना भूगर्भ विभागमा दर्ता भएको तथा विभागले सिन्धुली र उदयपुरको सिमाना भएर बग्ने ककुरखोला र नागदह खोलाबाट खनिज पदार्थ उत्खनन गर्न २२१/३९७०४५४६ नम्बरको अनुमति २४ असोज ०४५ मै दिएको र कारखानाले उत्खनन गरेको कच्चा पदार्थको आधारमा सरकारलाई कर तिर्नुपर्ने भनेकाले दुवैतिर कर तिर्न आवश्यक नभएको आदेश दिएको थियो। अदालतले जिविसलाई यही व्यहोराको पत्र पनि पठाएको थियो।

कारखानाको पक्षमा फैसला गरेपछि मारुतीले जिविसलाई कर तिर्न छोडेको थियो। त्यही नजिरमा टेकेर अहिले पनि उद्योगले स्थानीय तहलाई कर तिर्न अटेर गरेको छ।

पुनरावेदन अदालत जनकपुरको निर्णयमा चित्त नबुझेपछि जिविसले २ जेठ ०६७ मा सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। तर, मुद्दाको फैसला नआउँदै जिविस भंग भएर जिल्ला समन्वय समिति बनेपछि मुद्दा नै छायामा पऱ्यो।

नागरिकता...

पृष्ठ १ बाट क्रमशः

छ। '... प्रस्तुत निवेदनमा उठाएको विषयवस्तुको प्रकृति र गम्भीरतालाई हेर्दा दुवै पक्षबीच छलफल गरी निष्कर्षमा पुग्न आवश्यक र उपयुक्त देखिएकाले मिति २०८०/०२/२६ गते छलफलको निमित्त भिकाउनू र सो मितिसम्म सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८०/०२/१७ मा प्रमाणीकरण भएको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू,' आदेशमा छ।

वरिष्ठ अधिवक्ताद्वय सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले शुक्रबार दायर गरेको रिटमाथि आइतबार यस्तो आदेश आएको हो। रिटमा निवेदक वरिष्ठ अधिवक्ताहरूले उक्त विधेयक अवैधानिक तरिकाबाट प्रमाणीकरण भएको दाबी गरेका थिए। संविधानका विविध धाराको अवज्ञा हुनुका साथै उक्त विधेयक लागू भएमा राष्ट्रियता, सार्वभौमिकता र राजनीतिक स्वाधीनतासमेतमा प्रतिकूल असर पर्ने दाबी उनीहरूको थियो।

'... राष्ट्रिय सार्वभौमिकता र राजनीतिक स्वाधीनता समेतमा प्रतिकूल असर पर्ने भएकाले यस रिट निवेदको अन्तिम टुंगो नलागेसम्म उक्त प्रमाणीकरणबाट सिर्जित नागरिकता विधेयक, २०७९ लाई लागू गर्ने वा कार्यान्वयन गर्ने कार्य रोक्नु वा नगर्नू-नगराउनू' भनी अन्तरिम आदेश माग भएकोमा अल्पकालीन अन्तरिम आदेश जारी भएको हो।

रिट दर्ता भएपछि निवेदकका साथै फरक मत राख्ने केही कानुन व्यवसायीले समेत बहसमा सरिक हुन निवेदन दिएका थिए। अधिवक्ताहरू दीपेन्द्र झा, मोहना अन्सारी, सुनीलकुमार पटेल, रमण कर्ण, रक्षाराम चमार, इन्द्रप्रसाद अर्यालसहित आठ कानुन व्यवसायीले अन्तरिम आदेश जारी हुनु नपर्ने भन्दै बहस गरेका थिए।

सदनबाट पास भई प्रमाणीकरणका लागि उक्त विधेयक १६ साउन २०७९ मा पहिलोपटक निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीकहाँ पुगेको थियो। तर, उनले विधेयकमाथि आठबुँदे सरोकार उल्लेख गरेर सदनमै फर्काइदिएकी थिइन्। दोस्रो सदनले पटक हुबहु नै पास गरेर सोही वर्ष २० भदौमा पुनः पठाएको थियो। तर, उनले १५ दिनभित्र प्रमाणीकरण नगरी विधेयक थन्क्याइदिएकी थिइन्। विधेयकका पक्षधरहरूले तत्कालीन राष्ट्रपतिको कदमको आलोचना गरेका थिए।

संविधानले नै सदनबाट पास भई गएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने उल्लेख गरे पनि उनले प्रमाणीकरण गरेकी थिइनन्। यसविरुद्ध पाँचवटा रिट सर्वोच्चमा विचाराधीन छन्। गत वर्ष ६ असोजमा दर्ता भएका ती रिटमाथि सर्वोच्चबाट ९ असोजमा अन्तरिम आदेश जारी भएको थियो। त्यसयता ती रिटमाथि सुनुवाइ भएको छैन।

सोही विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले १७ जेठमा प्रमाणीकरण गरेपछि अर्को रिट दायर भएको हो। प्रमाणीकरण भएको विधेयकमा सभामुखका नाममा अग्निप्रसाद सापकोटा र राष्ट्रपतिको स्थानमा विद्यादेवी भण्डारीको नाम उल्लेख भए पनि सहीछाप भने छैन। तर, तल्लो खण्डमा प्रमाणीकरण गर्दछु भनी रामचन्द्र पौडेल, राष्ट्रपति उल्लेख छ।

'... यसबाट के प्रस्ट हुन्छ भने विपक्षीमध्येका वर्तमान सभामुखद्वारा विधेयक प्रमाणीकरणका लागि प्रस्तुत भएको छैन र रामचन्द्र पौडेल, वर्तमान राष्ट्रपति हुनुभएको थिएन। यस किसिमले तथ्यगत अन्योल र संस्थागत गरिमामा प्रश्न उठ्ने गरी गरिएको प्रमाणीकरण स्वेच्छाचारी छ,' रिटमा छ।

संविधानअनुसारको अवधिभित्र प्रमाणीकरण नभएको विधेयक संवैधानिक सीमा समाप्त भएपछि अनन्तकालसम्म प्रमाणीकरण गर्न पाउने अस्थितयारी मन्त्रिपरिषद् र राष्ट्रपतिलाई नभएको दाबी निवेदकको छ। यस्तो कार्य दूराग्रहपूर्ण र स्वेच्छाचारी भएको भन्दै संवैधानिक सर्वोच्चता र कानुनको शासन भएको मुलुकमा अपेक्षित नहुने रिटमा उल्लेख छ।

राष्ट्रपति पौडेलले उक्त विधेयक १७ जेठमा प्रमाणीकरण गरेका थिए। जसपछि राजपत्रमा प्रकाशित भएको थियो र आइतबारदेखि उक्त ऐनअनुसार नागरिकता वितरण गरिने भनिएकोमा यस्तो फैसला आएको हो।

आठ वर्ष पुरानो विषयमा पटक-पटक आदेश

नागरिकताका विषयमा संविधान जारी हुँदादेखि नै सांसदहरूबीच एकमत थिएन। विशेष गरी विदेशी महिलाले नेपाली पुरुष विवाह गर्दा हालजसरी नै नागरिकता लिन पाइने हो-होइन, नेपाली महिलाले विदेशी पुरुष विवाह गर्दा ती पुरुषलाई नागरिकता दिने-नदिने, दिएमा कुन र कस्तो सुविधासहितको दिने, जन्मसिद्धबाट जन्मिएका सन्तानलाई कस्तो नागरिकता दिनेजस्ता विषयमा विवाद थियो।

विवादबीच नै संविधान जारी भयो, जसमा संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिहरू नागरिकता प्राप्त गर्नयोग्य हुने उल्लेख छ। साथै, नेपाली आमाबुबाका सन्तान नेपाली हुने, नेपालको सिमानाभित्र फेला परेका तथा मातृत्व र पितृत्वको ठेगान नभएका, नेपाली आमाबाट जन्म भई नेपालमै बसेका र पिताको पहिचान हुन नसकेकालाई वंशजको नागरिक मानिने प्रावधान छ।

नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले पनि नेपाली अंगीकृत नागरिकता पाउन सक्ने संवैधानिक व्यवस्था छ। यी यस्ता संवैधानिक प्रावधानअनुसार ऐन नरहेको हुँदा विशेष गरी जन्मसिद्धका सन्तानलाई नागरिकता पाउन समस्या भइरहेको थियो।

जसका लागि नागरिकता ऐन, २०६३ लाई संशोधन गर्ने प्रयास हुँदै आएको छ। तर, दलहरूबीच मतैक्यता नहुँदा पटक-पटक संशोधनको प्रयास विफल हुँदै आएको छ। राजनीतिक स्वार्थका लागि नागरिकताको विषय उठाइँदै आएको छ। ऐन संशोधन भए पनि सर्वोच्चले आदेश दिँदै कार्यान्वयनमा रोक लगाउने गरेको छ।

यद्यपि, जन्मसिद्ध र आमाका नामबाट नागरिकता नपाएको भन्दै थुप्रै रिट सर्वोच्चमा पर्ने गरेका छन्। प्रत्येकमा नागरिकता दिने गरी रिट जारी भए पनि कानुनै बनाई लागू गराउने विषय सर्वोच्च प्रवेश गर्दा अन्तरिम आदेशबाट रोक्ने गरेको छ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरी ९ जेठ ०७८ मा प्रमाणीकरणका लागि सिफारिस गरेको विधेयक सर्वोच्चले रोकिदिएको थियो। नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७८ लाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले सदर गरे पनि तत्काल लागू नगर्न अन्तरिम आदेश भएको थियो।

संवैधानिक इजलासले उक्त विधेयक रोक्नुपर्ने मागसहित परेको आधा दर्जन रिटमाथि आदेश गर्दै भनेको थियो, 'कानुन निर्माण गर्ने अधिकार विधायिकमा निहित रहेको छ। राज्यको शासन व्यवस्था सञ्चालनका क्रममा यदाकदा विधायिका (संसद्)को अधिवेशन चालू नरहेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा सीमित अवधिसम्म प्रभावी रहने गरी अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई संविधानले प्रदान गर्ने अभ्यास पनि रहिआएको छ। तर, यसरी अध्यादेश जारी गर्ने कुराका सीमा बन्देजहरू छन्,' आदेशमा भारतको सर्वोच्च अदालतले गरेको नजिरबारे थप छ, 'संविधानद्वारा निर्धारित सीमा बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन। शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिकालाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्दछ।'

यसैगरी, २४ वैशाख ०७६ मा पनि गृह मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न सर्वोच्चबाट आदेश भएको थियो। सर्वोच्चको संयुक्त इजलासले जन्मका आधारमा नागरिकता लिएकालाई वंशजको नागरिकता नदिन तथा नागरिकताका विषयमा पटक-पटक फरक आदेश आएको हुँदा निश्चितता र एकरूपताका लागि पूर्ण इजलासबाट टुंगो लगाउन आदेश दिएको थियो।

गृह मन्त्रालयले १९ चैत ०७५ मा देशभरका जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै जन्मसिद्धबाट जायजन्म भएका सन्तानलाई वंशजको नागरिकता दिन निर्देशन दिएको थियो। जसविरुद्ध दुई रिट परेकोमा फरक-फरक आदेश भएपछि सर्वोच्चका न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको इजलासले उक्त परिपत्रको कार्यान्वयन रोक्न अन्तरिम आदेश दिएको थियो।

'यसबाट अदालतको आदेशको कार्यान्वयनमा द्विविधा पैदा हुने अवस्था देखिएको र यस अदालतको आदेशमा निश्चितता र एकरूपता कायम हुन समेत वाञ्छनीय देखिएको हुँदा विवादित कानुनी प्रश्नको निरूपण पूर्ण इजलासलबाट हुन आवश्यक र मनासिब देखिएकाले' भन्दै सुनुवाइका लागि पूर्ण इजलासमा पेस गर्न आदेश भएको थियो।

सदनमा...

पृष्ठ १ बाट क्रमशः

थालिएको भन्दै आइतबार सदनमा मुद्दा उठाएका हुन्।

विपक्षी दलहरूको अवरोधले संसद्मा प्रस्तुत आर्थिक वर्ष ०८०/८१ को वार्षिक बजेटमाथि छलफल गर्ने कार्यसूची प्रभावित भएको थियो। प्रमुख प्रतिपक्षी एमाले, विपक्षी रास्वपा, राप्रपा, जनमोर्चा र नेमकिपाको अवरोधले ११ बजे आह्वान गरिएको प्रतिनिधिसभा प्रभावित भयो भने १ बजे बसेको राष्ट्रिय सभा एमालेको अवरोधले कार्यसूचीमा प्रवेश गर्न सकेन।

दुवै सदनमा विपक्षीले मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले निष्क्रिय भइसकेको नागरिकता विधेयक गैरसंवैधानिक रूपमा प्रमाणीकरण गरेको र प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा बंगलादेश जोड्ने फूलबारी बन्दरगाहको रुट पाउन लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र दिने गरी छलफल भएको जिकिर गर्दै यो सच्याउनुपर्ने र प्रधानमन्त्रीले सदनमा आएर माफी माग्नुपर्ने मागसहित अवरोध गरेका थिए। विपक्षी दलहरूको अवरोधपछि प्रतिनिधिसभा १ घन्टा र राष्ट्रिय सभा २९ मिनेटका लागि स्थगित भएकोमा सहमति नजुटेपछि दुवै सदन सोमबारसम्मलाई स्थगित भएका छन्। सभामुख देवराज घिमिरेको अगुवाइमा दलहरूबीच सहमतिको प्रयास भएको थियो।

नागरिकता विधेयक र भारत भ्रमणको विषयमा प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिएर माफी माग्नुपर्ने एमालेको अडानमा सत्तापक्षले सर्वोच्च अदालतमा विचाराधीन विषय भन्दै बोल्न नमिल्ने जिकिर गरेको थियो। भारत भ्रमणको विषयमा भने प्रधानमन्त्री जवाफ दिन तयार रहेको सत्तापक्षको धारणा थियो। ' भारत भ्रमणको विषयमा प्रधानमन्त्रीले भोलि नै सदनमा जवाफ दिनुहुन्छ। अन्य विषयवस्तु अदालतमा भएकाले बोल्न मिल्दैन,' माओवादी प्रमुख सचेतक हितराज पाण्डेले भने।

एमाले प्रमुख सचेतक पदम गिरीले सरकारबाटै संविधान मिच्ने, मुलुकको राष्ट्रियता र अखण्डतामाथि प्रश्न उठ्ने कामहरू हुन थालेपछि बाध्य भएर सदन अवरोध गर्नुपरेको बताए। अवरोध अन्त्यका लागि सत्तापक्षबाट ठोस सुनुवाइ नभएको उनको भनाइ थियो। एमाले अध्यक्ष केपी ओलीले राष्ट्रको रक्षा, संविधानको रक्षा, भूमिको रक्षा, राष्ट्रिय स्वाभिमानको रक्षा, नेपालको समग्र हितको रक्षापछि गतिरोध अन्त्य हुने बताए। प्रमुख सचेतक गिरीले मन्त्रिपरिषद्ले निष्क्रिय भइसकेको विधेयक प्रमाणीकरणका लागि सिफारिस गर्नु, राष्ट्रपतिले पुरानो फाइल खोजेर प्रमाणीकरण गर्ने संवैधानिक ढाँचामा किर्ते विवरण र हस्ताक्षर तयार गरेर असंवैधानिक ढंगले प्रमाणीकरण गर्नु आपत्तिजनक रहेको बताए।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले तमाम नागरिकताविहीन नेपाली जनतालाई नागरिकता दिनेभन्दा पनि अन्य स्वार्थले विधि र तरिका मिचेर ल्याएको भन्दै विरोध गरे। 'राज्य र दलहरू लामो समयसम्म दायित्वबाट विमुख हुने र अहिले विधि मिचेर गरिएको संसद्को बेथितिको भारी रास्वपाले बोक्दैन। हाम्रो समर्थन छैन,' उनले भने, 'यो नेपालको राजनीति, सुरक्षा, मानव अधिकार, भूराजनीतिसँग जोडिएको विषय हो। यति गम्भीर विषयमा संसद्मा खास काम छ भनेर हामीलाई अल्झाउने अनि सरकार लुसुलुसु काम गर्ने रवैयालाई हामी स्वीकार गर्दैनौं। सरकारले यसलाई रोकेर विधि संशोधन गरोस्। गलत विधि सुधारिएन भने टुलुटुलु हेरेर बस्दैनौं।'

राप्रपा संसदीय दलका नेता राजेन्द्र लिङ्देनले नागरिकता ऐन संशोधनको प्रक्रिया र समयले झस्काएको बताए। 'चाँडोभन्दा चाँडो प्रक्रियामा ल्याउनुपऱ्यो, संसद्बाट अगाडि बढाउनुपऱ्यो, यसमा कुनै ढिलाइ नगरियोस्, जुन गल्ती गरिएको छ सच्याइयोस्,' उनले भने।

राष्ट्रपति मन्त्रिपरिषद्को कारिन्दा नभएको भन्दै लिङ्देनले तर व्यवहारमा दलको निर्देशनमा चलिरहेको आरोप लगाए। 'भारत भ्रमणको दुई घन्टाअघि किन प्रमाणीकरण गर्नुपऱ्यो, त्योभन्दा अगाडि किन जरुरी भएन ? कसको स्वार्थ र खुसीका लागि यो काम गरियो ? यसको जवाफ चाहियो,' उनले भने।

राष्ट्रपति संस्थालाई दलीय र सत्तास्वार्थका लागि दुरुपयोग गरिएको उनको आरोप थियो। 'लुम्बिनी र कपिलवस्तु राखिएको अखण्ड भारत नक्साबारे भारतमा जहाँले के कुरा उठाउनुभयो ? जबसम्म प्रधानमन्त्रीले रोस्ट्रममा आएर स्पष्ट पार्दैनन् तबसम्म सदन अगाडि बढ्दैन,' उनले भने।

राष्ट्रिय सभा एमाले दलका नेता भैरवसुन्दर श्रेष्ठले पारित गर्ने संसद् निष्क्रिय भएसँगै निष्क्रिय भएको विधेयक अहिले सरकारले गैरसंवैधानिक रूपमा प्रमाणीकरणका लागि पठाउनु गैरलोकतान्त्रिक भएको बताए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

लकर सेवा स्थानान्तरण सम्बन्धी अत्यन्त जरूरी सुचना

यस ग्लोबल आइएमई बैंक लि.को बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर मा.न.पा., वडा नं. १०, कानदेवतास्थान, कुपण्डोल स्थित कुपण्डोल शाखा कार्यालय नयाँ भवनमा सर्न लागेको हुदा उक्त शाखा कार्यालयबाट प्रदान गरिँदै आएको लकर सेवा मिति २०८० जेठ २८ गते आइतबार देखि बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर मा.न.पा., वडा नं. १०, कुपण्डोल **ब्रिक्स क्याफे नजिक रहेको नयाँ भवनको पहिलो तल्ला** स्थित ग्लोबल आइएमई बैंक लि.को कुपण्डोल शाखा कार्यालयबाट प्रदान गरिने हुँदा लकरको सेवा उपभोग गरिरहनु भएका ग्राहक मानुभावहरुले आफ्नो लकरमा टुट-फुट हुन सक्ने संवेदनशील सामान भएमा उक्त सामानहरु मिति २०८० जेठ २५ गते भित्र झिकी सुरक्षित गर्नहुन सम्पुर्ण ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको लागि अनुरोध गरिन्छ।

लकर स्थानान्तरण गर्दा लकर भित्र रहेको सामानमा क्षती पुग्न गएमा बैंक जवाफदेही हुने छैन। यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

कुपण्डोल शाखा कार्यालय
फोन नं.: ०१-५४४९८६३/५४४९८७२
ग्लोबल कनेक्ट : ०१-५९७०६००

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कोहलपुर, बाँकेको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय कोहलपुर, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० जेठ २९ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कोहलपुर, बाँकेबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम, प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगञ्जमा मिति २०७७/०६/०७ मा प्रा.फा.द.नं. २३८/८५७९/०७७/०७८ स्था.व्या कायम भई दर्ता रहेको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **द रोयल प्यालेस होटेल** (प्रोप्राईटर दल बहादुर पुन मगरको नाति, हस्त बहादुर पुन मगरको छोरा, सिता घर्तिको पति

सोमबार २२ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

मलेसियाविरुद्धको सिरिज नेपालको पोल्टामा

पाँचौं खेलमा मलेसियालाई तीन विकेटले निराश पार्दै नेपालले पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट सिरिज ३-२ ले हात पाऱ्यो



नयाँ पत्रिका
काठमाडौं, २१ जेठ

नेपाली महिला क्रिकेट टोलीले मलेसियाविरुद्धको पाँच अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता ३-२ ले जितेको छ। नेपालले शुक्रबार वान्गी क्रिकेट मैदानमा घरेलु टोली मलेसियालाई तीन विकेटले हराउँदै सिरिज हात पारेको हो। सिरिजअन्तर्गत पहिलो खेलमा नेपाल इतिहासमै पहिलोपटक मलेसियाली महिला टोलीसँग स्तब्ध भएको थियो। नेपालले उत्कृष्ट पुनरागमन गर्दै दोस्रो तथा तेस्रो खेलमा मलेसियालाई हरायो। चौथो खेलमा मलेसियाले बाजी मार्दै सिरिज २-२ को बराबरी गऱ्यो।

पाँचौं खेलमा मलेसियाले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय नौ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नेपालले १९.२ ओभरमा सात विकेट गुमाएर एक सय १० रन जोड्दै सिरिज हात पाऱ्यो। नेपालले इनिङ्स समाप्ति हुनु तीन बलअगाडि जित निकालेको हो।

ब्याटिङमा चार खेलाडी चम्के

मलेसियाले दिएको मध्यम योगफल पछ्याएको नेपालको ब्याटिङ मिश्रित रह्यो। चारजना ब्याट्सम्यानले दोहोरो रन बनाएका थिए। पाँचजना खेलाडीले दोहोरो रन नै बनाउन सकेनन्। चौथो क्रममा ब्याटिङ गर्न आएकी सम्झना खड्काले एक बल पनि सामना गर्न नपाउँदै रनआउट भएकी थिइन्।

ओपनर कविता कुँवर ४, इन्दु बर्मा ५, बिन्दु रावल ५ र कविता जोशी ५ रनमा आउट भएका थिए। यसबाहेक सीता रानामगर, कप्तान रुविना, ज्योति पाण्डे र अस्परा बेगमले उत्कृष्ट ब्याटिङ गर्दै नेपाललाई जित दिलाए। नेपालले इन्दु बर्मालाई गुमाउँदा स्कोर बोर्डमा २० रन मात्र जोडेको थियो। इनिङ्सको ५.४ ओभरमा सम्झना रनआउट हुँदा नेपाल ३४-३ को स्थितिमा रह्यो।

सीता र रुविनाले चौथो विकेटका लागि २६ रनको साझेदारी गर्दै नेपाललाई .३ ओभरमा ६०-४ को अवस्थामा राखे। म्यान अफ दी म्याच सीताले ३७ बलमा ६ चौकाको सहयोगमा सर्वाधिक ३४ रनको योगदान थिइन्। रुविनाले ज्योतिसँग छैटौं विकेटका लागि १४ रनको साझेदारी गरिन्। रुविनाले आफ्नो इनिङमा ३० बल सामना गरी तीन चौका प्रहार गरेकी थिइन्।

अस्पराले ज्योतिसँग आठौं विकेटका लागि नटआउट १९ रनको साझेदारी गर्दै नेपाललाई जित दिलाइन्। ज्योतिले १६ बलमा ११ रन तथा अस्पराले १२ बलमा दुई चौकाको सहयोगमा १५ रनको योगदान दिए। मलेसियाको बलिङमा अनिना हसिमले चार ओभरमा २३ रन खर्चेर दुई विकेट लिइन्। तीनजना बलरले मलेसियाका लागि समान एक विकेट लिए।

जुलियाको सर्वाधिक ४७ रन

मलेसियाको ब्याटिङमा ओपनर वान जुलियाले सर्वाधिक ४७ रनको योगदान गरिन्। उनले पहिलो विकेटका लागि विनिफ्रेडसँग ७.३ ओभरमा ३८ रनको साझेदारी गरेकी थिइन्। बलिङमा नेपाललाई पहिलो सफलता कविता जोशीले विनिफ्रेडको विकेटका रूपमा दिलाइन्। विनिफ्रेडले २५ बलमा चार चौका प्रहार गर्दै २४ रन बनाइन्। जुलियाले माहिराह इस्मैलसँग तेस्रो विकेटका लागि ५० रनको साझेदारी गर्दै मलेसियालाई १८.२ ओभरमा ९८-३ को बलियो अवस्थामा राखिन्। इस्मेलीले ३१ बलमा २० रन बनाइन्। इनिङ्सको अन्तिम बलमा जुलियालाई ज्योतिले रनआउट गरेकी थिइन्। जुलियाले ६० बलमा तीन चौका प्रहार गरिन्। नेपालको बलिङमा कविता जोशीले १२ रन खर्चेर दुई विकेट र ईश्वरी विष्टले १५ रन दिँदै एक विकेट हात पारे।

रुविना सर्वोत्कृष्ट खेलाडी



मलेसियाविरुद्धको पाँच अन्तर्राष्ट्रिय टी-२० खेलमा नेपालकी कप्तान रुविना क्षेत्री सर्वोत्कृष्ट खेलाडी भएकी छिन्। नेपालले मलेसियाविरुद्ध सिरिज हात पार्दा रुविनाले अलराउन्ड प्रदर्शन गरेकी थिइन्। सिरिजअन्तर्गत चौथो खेलमा बाहेक अन्य खेलमा रुविनाले मलेसियाविरुद्ध ब्याटिङ र बलिङमा प्रेरणादायी प्रदर्शन गरेकी थिइन्। उनले पाँच खेलमा ब्याटिङमा ८१ रन बनाएकी थिइन्। बलिङमा उनले पाँच विकेट लिएकी थिइन्।

पहिलो खेलमा उनले चार ओभरमा सात रन खर्चेर दुई विकेट हात पारेकी थिइन्। दोस्रो खेलमा रुविनाले २९ रन बनाउनुका साथै दुई विकेट लिएकी थिइन्। उनले दोस्रो खेलमा २१ बलमा तीन चौका र एक छक्का प्रहार गरी २९ रनको योगदान दिइन्। तेस्रो खेलमा उनले २७ रन बटुल्दा तीन चौका र एक छक्का हिर्काइन्। मलेसियाले चौथो खेलमा नेपाललाई चार विकेटले हराउँदा रुविना डकआउट भएकी थिइन्। बलिङमा भने उनले एक विकेट आफ्नो नाममा लेखाएकी थिइन्। प्रतियोगिताको पाँचौं तथा निर्णायक खेलमा रुविनाले ब्याटिङमा २३ रन बनाइन्। बलिङमा उनले चार ओभरमा २३ रन खर्चिइन्। उनी पाँचौं खेलमा मात्र विकेटविहीन भइन्। प्रतियोगितामा नेपालका लागि सर्वाधिक बाउन्ड्री प्रहार गर्ने खेलाडीमा रुविना नै पर्छिन्।

सन्दीप दक्षिण अफ्रिका जाँदै

नयाँ पत्रिका
काठमाडौं, २१ जेठ

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका लेग स्पिनर सन्दीप लामिछाने आइसिसी विश्वकप एकदिवसीय छनोट खेलमा सहभागी हुन तथा अभ्यास खेलका लागि दक्षिण अफ्रिका जाने भएका छन्। गत साता सन्दीपविना नै नेपाली टोली दक्षिण अफ्रिका पुगेको थियो। सर्वोच्च अदालतमा पेसी हुँदा सन्दीप नेपाली टोलीसँगै जान नपाएका हुन्। सर्वोच्च अदालतमा सन्दीपको अगामी पेसी २९ असारसम्मलाई सरेको छ। तत्कालै मुद्दाको पेसी नभएपछि नेपाल क्रिकेट संघ (क्यान) ले सन्दीपलाई सोमबार साँझ दक्षिण अफ्रिका पठाउन लागेको हो।

क्यानले सन्दीपको भ्रमणका लागि सबै व्यवस्थापन गरेको छ। 'सन्दीप दक्षिण अफ्रिका सोमबार बेलुका उड्नेछन्, क्यानले सबै व्यवस्थापन गरिसकेको छ,' क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले नयाँ पत्रिकासँग भने, 'सन्दीपको पेसी २९ असारलाई सारेको कारण हामीले उनलाई नेपाली टोलीसँगै अभ्यास खेल र ग्लोबल छनोटका लागि पठाउन लागेका हौं।'

सर्वोच्च अदालतमा सन्दीपको मुद्दा अझै विचाराधीन अवस्थामा छ। पाटनको उच्च अदालतबाट सन्दीप धरौटीमा छुटेका थिए। तर, प्रत्येकपटक पेसी तोकिएको २१ दिनभित्र अनिवार्य अदालत उपस्थित हुनुपर्ने अवस्थाबाट सन्दीप गुज्रिराखेका छन्। यसै प्रावधानका कारण सन्दीप अहिले यता रोकिएका थिए।

सन्दीपका वकिलहरूले अदालतलाई अर्को पेसी डेढ महिनापछि सार्न निवेदन दिएका थिए। अदालतले सो निवेदनलाई स्वीकृत गरेपछि सन्दीप दक्षिण अफ्रिका जाने बाटो खुलेको हो। २९ असारअगाडि पेसी नतोकिने भएकाले सन्दीपले जिम्बाबेमा क्वालिफायर खेल्नसमेत पाउनेछन्।

> लेग स्पिनर सन्दीप लामिछाने दक्षिण अफ्रिका जाने तयारी गरिरहँदा मुख्य प्रशिक्षक मोन्टी देसाई भिसाका कारण रोकिएका छन्



चारवटा अभ्यास खेल

नेपालले दक्षिण अफ्रिकामा चारवटा अभ्यास म्याच खेल्नेछ। जिम्बाबेमा विश्वकप छनोट खेल्नुअघि नेपालले १३ जुनमा युएई र १५ जुनमा ओमानसँग अभ्यास खेल्नेछ। ग्लोबल छनोट १८ जुनदेखि ९ जुलाईसम्म हुनेछ। नेपाल, वेस्ट इन्डिज, जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स समूह एमा छन्। समूह बीमा श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र युएई छन्। नेपालले १८ जुनमा जिम्बाबेसँग खेल्नेछ। प्रत्येक समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्स चरणका शीर्ष दुई टोलीले यसै वर्ष भारतमा हुने एकदिवसीय विश्वकप खेल्नेछन्।

भिसाको प्रतीक्षामा प्रशिक्षक देसाई



भारतीय नागरिक देसाईको दक्षिण अफ्रिकाको भिसा आइसकेको छैन। ब्रेकको समयमा उनी अमेरिकामा निजी भ्रमणमा थिए। उनले त्यहींबाट दक्षिण अफ्रिकाका लागि भिसाका लागि निवेदन दिएका थिए। तर, दक्षिण अफ्रिकाले देसाईको भिसा स्वीकृति दिएन। त्यसपछि देसाई भारत फर्केका थिए। भारतबाट दक्षिण अफ्रिकाका लागि उनले पुनः भिसा प्रक्रिया अगाडि बढाए।

हालसम्म उनको भिसा आएको छैन। प्रशिक्षकको भिसा समयमा नआउँदा नेपाली टोली प्रशिक्षकविना नै दक्षिण अफ्रिकामा अभ्यास गरिरहेको छ। 'प्रशिक्षक देसाईको भिसा प्रक्रियामा छ, एक वा दुई दिनभित्र आउन सक्छ,' क्यानका कार्यवाहक सचिव पाठकले भने।

साबिक विजेता मच्छिन्द्र उपाधि दौडमा कमजोर



नयाँ पत्रिका
काठमाडौं, २१ जेठ

साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लब सहिद स्मारक 'ए' डिभिजन फुटबल प्रतियोगिताको उपाधि दौडमा कमजोर देखिएको छ। नेपाल पुलिस क्लबसँग २-१ ले पराजित भएपछि मच्छिन्द्रको लगातार तेस्रोपटक उपाधि जित्ने अभियानमा धक्का लागेको हो। २४ खेलबाट मच्छिन्द्रले ३९ अंक जोडेको छ। मच्छिन्द्र शीर्ष स्थानको चर्च ब्वाइज युनाइटेडसँग पाँच अंकले पछि परेको छ। उपाधि रक्षा गर्न मच्छिन्द्रले लगातार दुई खेल जितेर मात्र पुग्दैन, शीर्ष स्थानको चर्च ब्वाइजले बाँकी अन्तिम खेलमा हारको सामना गर्नुपर्ने हुन्छ। नवप्रवेशी चर्च ब्वाइजलाई भने पहिलोपटक उपाधि जित्न अब एक अंक खाँचो छ।

अबको समीकरणअनुसार मच्छिन्द्रले दुवै खेलमा जित निकाल्दा ४५ अंक बटुल्नेछ। चर्च ब्वाइजले दुईवटै खेलमा जित निकाल्दा ५० अंक पुऱ्याउनेछ। चर्च ब्वाइजसँग समान अंक बनाउँदा पनि मच्छिन्द्रको उपाधि जित्ने सम्भावना रहनेछैन। हेड टु हेडमा चर्च ब्वाइज मच्छिन्द्रभन्दा अगाडि छ।

चर्च ब्वाइजले लिगको दोस्रो लेगमा मच्छिन्द्रलाई २-१ ले हराएको थियो। यी दुई क्लबबीच पहिलो लेग गोलरहित बराबरी भएको थियो। पुलिसलाई सानदार जित दिलाउने क्रममा घानाका स्ट्राइकर मोसेसले सात मिनेटको अन्तरमा दुई गोल गरेका थिए। मच्छिन्द्रका ओलावाले अफिजले सुरुवाती गोल गरेका थिए। च्यासल मैदानमा आइतबार खेलको २७औं मिनेटमा ओलावालेले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए। मच्छिन्द्रले आफ्नो अग्रता मध्यान्तरपछि रक्षा गर्न सकेन।

दोस्रो हाफपछि पुलिसले मच्छिन्द्रविरुद्ध पुनरागमन गोल मात्र गरेन, महत्त्वपूर्ण तीन अंकसमेत बटुल्यो। खेलको ७५औं मिनेटमा मोसेले पुलिसलाई १-१ को बराबरीमा पुऱ्याए। मोसेले खेलको ८१औं मिनेटमा पुलिसलाई २-१ को जित दिलाउन गोल गरे। यस जितसँगै पुलिस चौथो स्थानमा यथावत् रह्यो। पुलिसले २४ खेलबाट ३७ अंक जोडेको छ। ३७ अंकका साथ जावलाखेल तेस्रो स्थानमा छ।

अंक तालिका

स्थान	क्लब	खेल	जित	ड्र	हार	अंक
१	चर्च ब्वाइज	२४	१२	८	४	४४
२	मच्छिन्द्र	२४	१०	९	५	३९
३	जावलाखेल	२४	१०	७	७	३७
४	पुलिस	२४	११	४	९	३७
५	सातदोबाटो	२४	९	५	१०	३२
६	मनाङ	२४	७	११	६	३२
७	हिमालयन	२४	७	१०	७	३१
८	एपिएफ	२४	८	६	१०	३०
९	एनआरटी	२४	७	९	८	३०
१०	संकटा	२४	७	९	८	३०
११	आर्मी	२४	७	९	८	३०
१२	थ्री स्टार	२४	६	१०	८	२८
१३	फ्रेन्ड्स	२४	६	८	१०	२६
१४	खुमलटार	२४	७	३	१४	२४

हिमालयन र एनआरटी बराबरी

न्युरोड टिम (एनआरटी) र हिमालयन शेर्पा क्लबले १-१ को बराबरी खेलेका छन्। बराबरीसँगै हिमालयनले २४ खेलबाट ३१ अंक जोडेर सातौं स्थान बलियो बनायो। एनआरटी ३० अंकका साथ नवौं स्थानमा छ। हिमालयन र एनआरटीबीच पहिलो हाफ गोलरहित बराबरी भएको थियो। खेलको ५२औं मिनेटमा दिवस उराउले हिमालयनलाई १-० को अग्रता दिलाए। खेलको ५५औं मिनेटमा दिपेश आलेमगरले एनआरटीलाई १-१ को बराबरीमा पुऱ्याए।

यसैबीच, मनाङ मर्स्याङ्दी र फ्रेन्ड्स क्लबले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। दशरथ रंगशालामा मनाङले अग्रता रक्षा गर्न सकेन। मनाङले खेलको ५२औं मिनेटमा १-० को अग्रता लिएको थियो। नीराजन धामीले मनाङलाई १-० को अग्रता दिलाए। खेलको ८५औं मिनेटमा अमित तामाङले फ्रेन्ड्सका लागि १-१ को बराबरी गोल फर्काए।

बिदाइ खेलमा मेसी र रामोस निराश

रजेन्सी
पेरिस, २१ जेठ

अर्जेन्टिनी लियोनल मेसी र स्पेनिस खेलाडी सर्जियो रामोसले यसै सिजन पेरिस सेन्ट जर्मेन (पिएसजी) छाड्ने घोषणा गरिसकेका थिए। विश्व फुटबलकै यी दुवै हस्तीले शनिबार राति फ्रेन्च लिग वानमा पिएसजीबाट क्लेरेमन्फर्टविरुद्ध खेले। तर, मेसी र रामोसले पिएसजीबाट बिदा लिइरहेको खेल जितका साथ अन्त्य गर्न सकेनन्। सिजनकै अन्तिम खेलमा पिएसजी क्लेरमन्टफर्टसँग ३-२ ले स्तब्ध भयो। खेलको अन्तिम नजितासँगै मेसी र रामोसले पिएसजीबाट बिदा लिए।

पिएसजीले सुरुवाती दुई गोलको अग्रता रक्षा गर्न नसक्दा हार बेहोरेको हो। अन्तिम खेलमा पराजित च्याम्पियन पिएसजीले ३८ खेलबाट ८५ अंक जोड्यो। दोस्रो स्थानको लेन्सले ८४ अंक जेडेर लिग सकायो। पिएसजीलाई हराएको क्लेरमेन्टफर्ट फुटबल ५९ अंकका साथ लिगको आठौं स्थानमा रह्यो। पिएसजी र लेन्सले अर्को सिजनको युरोपियन च्याम्पियन्स लिग खेल्नेछन्। मार्सेलोले च्याम्पियन्स लिगको छनोट खेल्नेछ। रेनेस युरोपा लिग तथा लिल युरोपा कन्फ्रेन्स लिगमा छनोट भएका छन्। एसी एजासियो, ट्रोएस र एन्जर्स रेलिगेसनमा परेका छन्।

सम्झौता नवीकरण गरेनन्

पिएसजीसँग मेसी र रामोसले जुनको अन्तिमसम्म सम्झौता गरेका थिए। दुवै खेलाडीले सम्झौता पत्र नवीकरण गरेका थिएनन्। दुवै खेलाडी दुई वर्षअघि पिएसजीमा पुगेका थिए। मेसी बार्सिलोनासँगको १७ वर्षको सहकार्य तोड्दै पेरिस पुगे। रामोसले पनि स्पेनिस क्लब रियल म्याड्रिडसँगको एक दशकको सम्बन्ध परित्याग गरी पिएसजीसँग आबद्ध भएका थिए।

३० जुनसम्म सम्झौता गरेका मेसीले पिएसजीका लागि यस सिजन २१ गोल गर्नुका साथै २० असिस्ट गरेका थिए।

पिएसजीका अध्यक्ष नासिर अलले मेसीजस्तो महान् खेलाडीलाई क्लबको एक हिस्सा बनाउन पाउँदा खुसी लागेको बताएका छन्। 'मेसीलाई धन्यवाद दिन चाहन्छु, उनीजस्ता विश्वकै उत्कृष्ट खेलाडीलाई पिएसजीबाट खेलाउन अवसर हामीले पायौं,' नासिरले भने, 'यो दुई वर्ष हाम्रो लागि मेसीका कारण यादगार भयो।'



युवालाई सिक्ने अवसर

पिएसजीका अध्यक्ष नासिरले मेसीको आगमनले युवा खेलाडीले धेरै प्राविधिक पक्ष सिक्न अवसर पाएको बताए। 'विशेष गरी युवा खेलाडीले मेसीबाट धेरै कुरा सिकेका छन्, मेसीको योगदान हामीले बिर्सनेछैनौं,' उनले भने। पिएसजी छाडेका मेसी र रामोस अब कुन नयाँ क्लबमा जाने भन्ने निश्चित भइसकेको छैन।

मेसीलाई भित्र्याउन अमेरिकादेखि एसियन क्लब आतुर छन्। रामोस सम्भवतः साउदी अरेबियाको कुनै एक क्लबमा आबद्ध हुने एजेन्सीहरूले जनाएका छन्।

प्रमित च्याम्पियन



भरतपुर/ प्रमित थापाले अंकुरम साइकल च्याम्पियनसिप प्रतियोगिताको उपाधि जितेका छन्। खुलातर्फ प्रमितले २५ किमिको दूरी ४३ मिनेट ४० सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन्।

महिलातर्फ जुना श्रेष्ठ पहिलो भएकी छिन्। जुनाले १ घन्टा २० मिनेट १६ सेकेन्ड रेस पूरा गरेकी थिइन्। अंकुरम एकेडेमी र चितवन साइकल राइडर्स क्लबको संयुक्त आयोजनामा भएको साइकल रेसमा ५ किलोमिटरमा खुला, महिला र अंकुरम एकेडेमीका अभिभावक गरेर तीन विधा समावेश थिए।

पुरुषतर्फ ४८ मिनेट ५ सेकेन्डमा रोनिस कर्माचार्यले दोस्रो भए। ४८ मिनेट ७ सेकेन्डमा रेस लगाएका अर्जुन रिमाल तेस्रो भएका छन्। अभिभावकतर्फ ५२ मिनेट २२ सेकेन्डमा रेस पूरा गरेका समर श्रेष्ठ पहिलो भए। ५४ मिनेट १२ सेकेन्डका साथ प्रकाश पण्डित क्षेत्री दोस्रो र ५४ मिनेट ५३ सेकेन्डमा रेस पूरा गर्ने विजय श्रेष्ठ तेस्रो भए। पुरुषतर्फको खुलामा अर्पना अधिकारी दोस्रो भएका छन्। चितवन साइकल राइडर्स क्लबका अध्यक्ष नवीन खरेलले चितवनलाई साइक्लिङलाई स्पोर्टस्का रूपमा अगाडि बढाउन प्रतियोगिता आयोजना गरिएको बताए।

बिएमसिए क्वार्टरफाइनलमा

काठमाडौं/ बुढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमी (बिएमसिए) प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ आइतबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। बिएमसिएले जुगललाई १९-१५ ले पराजित गऱ्यो। एचएचसिएले इडेन ब्रिज एकेडेमी (इबिए) लाई ३६-३० ले हराउँदै अन्तिम आठको स्थान पक्का गऱ्यो। सिनियर पुरुषमा इबिएले सेवा सदनलाई २४-१७ ले हरायो। हिमालयन किङडमले हिमालयन बोर्डिङलाई ३८-२२ ले पाखा लगायो। युनिभर्सिटीले ह्वाइट माउन्टेनलाई ३०-२४ तथा जुगलले हेराल्डलाई १७-१५ ले पाखा लगाए। जुनियर ब्वाइजमा एन्जल्स हार्ट र गोल्डेन पिकले जित निकाले।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

चमेना गृह सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२२ गते

यस केन्द्रको परिसरभित्र चमेना गृह सञ्चालन गराउनुपर्ने भएकोले सो सेवा उपलब्ध गराउन इजाजत प्राप्त मुल्य अभिवृद्धि करमा आवद्ध इच्छुक व्यक्ति, फर्म तथा संघ/संस्थाहरुबाट दरभाउपत्र सम्बन्धी प्रस्ताव फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। सिलबन्दी दरभाउपत्र प्रस्ताव फाराम खरिद गर्न फर्म संस्था कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर प्रमाणपत्र र आर्थिक वर्ष २०७८/७९ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ। सूचनाको विस्तृत जानकारीका लागि केन्द्रको वेवसाइट www.moecdc.gov.np मा हेर्न सकिनेछ। थप जानकारीको लागी यस पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर, फोन नं. ०१ ६६३४११९ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

क्र.सं.	विवरण	फाराम दस्तुर (रु.)	फाराम खरिद गर्ने अन्तिम मिति र समय	फाराम बुझाउने अन्तिम मिति र समय	प्रस्ताव खोलिने मिति र समय
१	चमेना गृह सञ्चालन गर्ने	एक हजार	२०८० असार ४ गते कार्यालय समय भित्र	२०८० असार ५ गते दिउँसो १२:०० बजे भित्र	२०८० असार ५ गते दिउँसो २:०० बजे

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com